सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ लाई आधार मानी

# कमल गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

### तोपगाछी, झापा

## सामाजिक परीक्षण प्रतिवेदन २०८१




**प्रस्तुतकर्ता**

**पूर्व न्युज मिडिया प्रा.लि., दमक**

**सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ अनुसार**

**सामाजिक परीक्षकहरु :**

**रोहित शर्मा अधिकारी**
पूर्वाञ्चल विश्वविद्यालय गोठगाउँ, मोरङ
सामाजिक परीक्षणको विषय :
कीट विज्ञ
कार्य अनुभव : १० वर्ष माथि

**विदुर सुवेदी**
सहप्राध्यापक, सुकुना बहुमुखि क्याम्पस, मोरङ
सामाजिक परीक्षणको विषय :
सामाजिक शाखा

**लक्ष्मीप्रसाद गुरागाईं**
उपप्राध्यापक, सुकुना बहुमुखि क्याम्पस, मोरङ
सामाजिक परीक्षणको विषय :
व्यवस्थापन

**शुनिल अधिकारी**
सिभिल इन्जिनियर
सामाजिक परीक्षणको विषय :
पूर्वाधार परामर्शदाता

**श्री युवराज पौडेल :**
सामाजिक परीक्षणको विषय :
सहजकर्ता तथा परामर्शदाता

**प्रतिवेदन टाइपिङ्ग :**
गणेश मिश्र (पत्रकार)

# झापा जिल्लाको नक्सा


झापा जिल्ला
(गाउँपालिका/नगरपालिका)
N
Ilam
Morang
INDIA
INDIA
Damak Nagarpalika
Kamal Gaunpalika
Shivasataxi Nagarpalika
Kankai Nagarpalika
Arjundhara Nagarpalika
Buddhashanti Gaunpalika
Mechinagar Nagarpalika
Birtamod Nagarpalika
Barhadashi Gaupalika
Bhadrapur Nagarpalika
Haldibari Gaunpalika
Gauradhaha Nagarpalika
Jhapa Gaunpalika
Gauriganj Gaunpalika
Kachankawal Gaunpalika
संकेत
गाउँपालिका/नगरपालिका सीमाना
जिल्ला सीमाना
अन्तर्राष्ट्रिय सीमाना
Scale
0 5 10 20
Km
Projection System: MUTM, Spheroid - Everest 1830
LLRC 2016

# अनुसूची-५ को (१)

## कमल गाउँपालिकाको भौगोलिक नक्शा



# परिच्छेद-१ को दफा १६

## हाम्रो भन्नु

यस कमल गाउँपालिकाले स्थानीय नागरिकहरुको गाउँपालिका प्रति भएको सकारात्मक सोच सँगै पूर्वमै सम्भावना बोकेको गाउँपालिका भएबाट सामाजिक जिम्मेवारी निर्वाहको पाटोमा समेत यो गाउँपालिका स्थापित हुनुपर्ने कुरामा दुई मत नै छैन । सोही सन्दर्भलाई अंगिकार गरी सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ र स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ को उपदफा ५ बमोजिम कमल गाउँपालिकाले एक आर्थिक वर्षमा समग्र सामाजिक जिम्मेवारीको लेखाजोखा गर्ने कार्यलाई व्यवस्थित गर्न सामाजिक परीक्षण गरेको हो । उक्त व्यवस्था अनुसार गाउँपालिकाले आर्थिक वर्षको (अघिल्लो सालको ) सामाजिक परीक्षण कार्य गरिसक्नु पर्ने व्यवस्था गरिएको छ । गाउँपालिकाको सामाजिक जिम्मेवारी, त्यसलाई पालना गर्न भएको प्रयास तथा कार्य सम्पादनको लेखाजोखा गर्ने प्रकृयालाई मार्ग दर्शन गर्नु यस सामाजिक परीक्षणको उद्देश्य रहेको छ ।

## अनुसूचि-९

### १. सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ को भूमिका)

यसले स्थानीय तहले सामाजिक परीक्षण अनिवार्य रूपमा गर्नुपर्ने सम्मको व्यवस्था गरेको छ । यसै व्यवस्था अनुरूप कमल गाउँपालिकाको आ.व. २०८०/०८१ को सामाजिक परीक्षण सम्पन्न गरिएको छ । यस संस्थालाई दिइएको जिम्मेवारी पुरा गर्ने क्रममा यस गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, इन्जिनियर, लेखा प्रमुख, विषयगत शाखा (स्वास्थ्य शाखा, कृषि शाखा, पशुपन्क्षि विकास शाखा, रोजगार शाखा, शिक्षा शाखा, सामाजिक विकास उपशाखा, राजश्व उपशाखा) फाँटमा कार्यरत कर्मचारी मित्रहरूको अमूल्य सुझाव, सल्लाह र सहयोग प्राप्त भएको छ । तसर्थ उहाँहरूलाई संस्थाको तर्फबाट हृदयदेखि नै धन्यवाद दिन चाहन्छौं । यस गाउँपालिका क्षेत्रमा निर्वाचित जनप्रतिनिधीहरु, दलका प्रतिनिधी तथा समाजसेविहरुले दिएको अमूल्य सुझाव र सरसल्लाह प्रति समेत हामी आभारी छौँ । साथै यस कमल गाउँपालिकाको सामाजिक परीक्षणका लागि खटिनु भएका यस संस्थाका सबै कर्मचारीहरु प्रति समेत हामी आभारी बन्दै गत आर्थिक वर्ष २०८०/०८१ को सामाजिक परीक्षण प्रतिवेदन कमल गाउँपालिकामा प्रस्तुत गर्दछौं ।

### २. सामाजिक परीक्षणको पृष्ठभूमी :

स्थानीय तहमा प्राप्त बजेट त्यहाँ रहेका विषयगत शाखा समेटी स्थानीय तहमै संचालन गर्ने र जवाफदेहि बनाउने लक्ष्य सहित आवस्यक बजेट स्थानीय तहमा प्राप्त भएको छ । यसले स्थानीय तहलाई पूर्ण जिम्मेवार र उत्तरदायी बनाएको छ । जनतासंगको सबै भन्दा नजिकको "घरको सरकार भनेकै स्थानीय सरकार हो" । जसमा मुलत : गाउँपालिकाले नागरिकहरुको दुःख बेदना अनि मर्महरुलाई नजिकबाट नियालेर सोही विषय बस्तुसँग साक्षात्कार भई काम गर्ने भएबाट नागरिकहरुका आशा, अपेक्षा र दायित्व समेत सोही रुपमा बढ्ने अवश्यम्भावी देखिन्छ । सेवा प्रदायकको काम पारदर्शिता र सेवाग्राहीप्रति जवाफदेहिता अभिवृद्धि गर्न र शुसासन कायम गर्नका लागि नेपाल सरकारले विभिन्न नीतिहरु अवलम्बन गर्दै आएको छ । स्थानीय स्तरमा भए गरेका काम कारबाहीको जनताप्रति सामाजिक उत्तरदायित्व बहन गर्नका लागि अवलम्बन गरिएका विभिन्न विधि मध्ये सामाजिक परीक्षण वर्षभरि गरिएका आर्थिक सामाजिक क्षेत्रमा गरिएको लगानीबाट कति उपलब्धी भयो र आगामी वर्ष कस्ता कदम चाल्दा विकास प्रभावकारी बनाउन सकिन्छ भन्ने महत्वपूर्ण कसिको रुपमा सामाजिक परीक्षणलाई लिन सकिन्छ । यसरी सामाजिक परीक्षण कार्यलाई व्यवस्थित तरिकाले सम्पन्न गर्नका लागि नेपाल सरकारले स्थानीय सरकार संचालन ऐनमा सामाजिक परीक्षण गर्नुपर्ने छ भन्ने व्यवस्था गरेको छ । स्थानीय तहमा कानुन र कार्य विधि निर्माण भई नसकेकोले सामाजिक परीक्षण कार्यका लागि **स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद १० दफा ७८**

**उपदफा (५) को कार्यका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण तथा सामाजिक परीक्षण कार्यविधि २०७९ लाई** आधार मानी गरिएको छ । सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रस्तुत गरिएको छ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी सामाजिक परीक्षकद्धारा अन्तिम प्रतिवेदन तयार गरिएको छ । यसलाई स्थानीय तहको योजना तर्जुमाको विभिन्न चरणमा राजश्व परामर्श समिति, न्यायिक समिति, योजना अनुगमन समिति, कार्यपालिका र गाउँसभामा समेत पेश गर्न अनुरोध गरिन्छ । यसरी स्थानीय तहबाट भएका कामहरूले सामाजिक उपलब्धि कति हासिल भए ? सोको विश्लेषणात्मक प्रभाव सम्मको अवस्थाको आँकलन गर्न सामाजिक परीक्षण निकै प्रभावकारी हुन्छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुशरण नै सामाजिक परीक्षण प्रतिवेदन सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण पाटो भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पुरा गर्नमा कमल गाउँपालिकालाई ठूलो टेवा पुऱ्याउन मद्दत गर्दछ भन्ने हामीले अपेक्षा गरेका छौं । यसै परिपेक्षमा स्थानीय सरकार संचालन ऐनमा सामाजिक परीक्षण सम्बन्धि व्यवस्था भएकोले कमल गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सामाजिक परीक्षण सम्पन्न गरी यो प्रतिवेदन पेश गरेको छ ।

## ३. सामाजिक परीक्षणको उद्देश्य

यस कमल गाउँपालिकाको कार्य सम्पादन स्तरलाई सुधार गर्न सहयोग पुऱ्याउनु नै यस सामाजिक परीक्षणको प्रमुख उद्देश्य हो । जसबाट गाउँपालिकाले समाजमा पुऱ्याएको योगदान र सम्पादन गरेका कामको मूल्याङ्कन गरिन्छ । उल्लेखित उद्देश्यका अलावा यस गाउँपालिकाको सामाजिक परीक्षण गर्नुका अन्य उद्देश्यहरु निम्न बमोजिम रहेका छन् ।

- निर्वाचित जनप्रतिनिधि र जनताको बिचमा विकास र समृद्धि लाई आत्मसाथ गरी कसरी अगाडी बढ्न सकिन्छ र जनताले सहज रुपमा कसरी सेवा प्राप्त गर्न सक्दछन् भन्ने सुझाव सेवा प्रदायकलाई प्राप्त हुनेछ ।
- गाउँपालिकाले निर्वाह गरेको सामाजिक जिम्मेवारीको मूल्याङ्कन गर्ने ।
- गाउँपालिकालाई नागरिक मैत्री बनाउँदै सेवा प्रवाहलाई थप प्रभावकारी, सुलभ र भरपर्दो बनाउन समग्र कार्य सम्पादनमा सुधार ल्याउन सुझाव दिने ।
- समुन्नत कमल गाउँपालिका निर्माणको सामाजिक फाइदाको समिक्षा गर्ने ।

## ४. सामाजिक परीक्षणका आधार

कमल गाउँपालिकाको लक्ष्य, उद्देश्य कार्य सम्पादनको अनुगमन, मूल्याङ्कन तथा मापन गर्नको लागि सामाजिक कार्य प्रभावको लेखाजोखा गर्न गरिएको यो सामाजिक परीक्षणको आधार देहाय बमोजिम गरिएको छ ।

- कमल गाउँपालिकाको सोच
- लक्ष्य
- उद्देश्य, आगामी कार्यक्षेत्र र सोको प्रभावकारिता ।
- कार्यक्रम र वजेट व्यवस्थापन ।
- वातावरण संरक्षण र दीगो विकासमा गाउँपालिकाले खेलेको भूमिका ।
- सेवाग्राहीको हित एवम् नागरिक मैत्री सेवा प्रवाहमा गाउँपालिकाको भूमिका ।
- गाउँपालिकाको कार्यक्षेत्र र सोको अनुगमन र मूल्यांकन ।
- महिला, बालबालिका, अपाङ्गता, जेष्ठ नागरिक, एकल महिला, विपन्न एवं पिछडा वर्ग, समुदायको हितका लागि गाउँपालिकाले खेलेको भूमिका ।
- कमल गाउँपालिका कार्यालयको संगठन संरचना ।
- शिक्षा, स्वास्थ्य, कृषि, पशु , सहकारी, उद्योग, पर्यटन, कला, संस्कृति संरक्षण र विकासमा

गाउँपालिकाले दिएको योगदान ।

- कमल गाउँपालिकाको सामाजिक योगदान ।
- सरकारी एवम् गैह्र सरकारी, निजी क्षेत्र, नागरिक समाज प्रतिको दायित्व निर्वाह ।

**५. सामाजिक परीक्षण प्रक्रिया**

सकेसम्म परिमाणात्मक तथ्याङ्क र आवस्यकता अनुसार थप गुणात्मक तथ्याङ्कको प्रयोग तथा अध्ययन विश्लेषण गरी सामाजिक कार्य सम्पादन स्थितिको मूल्याङ्कनका साथै सामाजिक योगदान बढाउन अँगाल्नु पर्ने उपायहरुको समेत सुझाव उल्लेख गरी प्रतिवेदन तयार गरिएको छ । सारभूत रुपमा गर्नु पर्ने धेरै कामहरु भएको र नागरिकहरुको गाउँपालिका प्रतिको अपेक्षा समेत अत्याधिक बढ्दो रहेको परिस्थितिको संयोजनलाई समायोजन गर्नु पर्ने कुराको चुनौतिका बिचमा कमल गाउँपालिका मुख्य विषयलाई आधार लिई गाउँपालिकाले सामाजिक दायित्व निर्वाह गर्नु पर्ने विषयमा केन्द्रित रहि सामाजिक परीक्षण प्रकृया अगाडी बढाईएको अवस्था छ । जस अन्तर्गत देहायका प्रक्रियालाई उपयोग गरिएको छ ।

- कार्यालय अभिलेख जाँच ।
- सर्वेक्षण तथा सूचना संकलन ।
- सरोकारवाला र मुख्य सूचना दातासँगको अन्तरक्रिया ।
- उपलव्धी, परिणाम र प्रभावआदि सूचकको आधारमा मूल्याङ्कन ।
- विषयगत शाखाका प्रमुखहरु संगको छलफल ।
- अन्तरवार्ता ।

**६. मस्यौदा प्रतिवेदन प्रस्तुति तथा छलफलको खाका** :

- कार्यक्षेत्रको परिचय ।
- स्थानीय तहको प्राथमिकता तथा लक्ष्यहरू ।
- गत वर्षका मुख्य मुख्य उपलब्धिहरू ।
- सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता ।
- सामाजिक जिम्मेवारी बहनमा परेका समस्याहरू ।
- सुधारको लागि चाल्नुपर्ने कदम तथा सुझावहरू, खुल्ला छलफलको माध्यमबाट सहभागीहरूको प्रतिक्रिया ।
- स्थानीय तहले गरेका नीतिगत निर्णय तथा प्रक्रियागत सुधारले पारेको प्रभाव, स्थानीय तहले गरेका विकास योजनाहरूमा जन सहभागिताको स्थिति ।
- स्थानीय तहले समयमा सेवा सुविधा दिन नसकेको अवस्थामा जनताले भोग्नु परेका समस्याहरू

# अनुसूचि ८

## ७. सामाजिक परीक्षण कार्यक्रमको आचार संहिता
## छलफल कार्यक्रममा सहभागीले पालना गर्नुपर्ने आचार संहिता

सामाजिक परीक्षण प्रारम्भिक प्रतिवेदन प्रस्तुत गरिने कार्यक्रममा उपस्थित आयोजक, सहजकर्ता तथा सहभागीहरूले पालना गर्नु पर्ने आचार संहिता।

- विषय वस्तुमा मात्र केन्द्रित रही छलफल गर्ने।
- तथ्यांक र सूचनाको आधारमा रही विचार राख्ने।
- निजी वा व्यक्तिगत कुरामा टिप्पणी नगर्ने तथा व्यक्तिगत आक्षेप नलगाउने।
- सहभागीहरूले व्यक्त गरेका विचारमा प्रतिवादन गर्ने, प्राप्त प्रतिक्रिया, सुझाव तथा टिप्पणीलाई सकारात्मक रूपमा लिने।
- व्यक्ति वा संस्थाको सार्वजनिक मर्यादा र शिष्टाचारलाई कायम राख्ने।
- सहभागीहरूलाई विचार राख्न प्रोत्साहन गर्ने र विचारका लागि धन्यवाद दिने।
- सामाजिक परीक्षकले बोल्ने समय दिए पछि मात्र सहभागीहरूले आफ्ना कुराहरू राख्ने।
- बोल्दा पालै पालो बोल्ने र एउटा व्यक्तिले एक पटक मात्र बोल्ने।
- आफ्नो कुरालाई छोटकरीमा स्पष्ट रूपमा राख्ने र बीचमा अर्काको कुरा नकाट्ने।

### ८. सामाजिक परीक्षणका सीमाहरु :

सामाजिक परीक्षण निर्देशिका अनुसार सामाजिक परीक्षणको विधी अनुशरण गर्नुपर्ने देखिए पनि यस परीक्षण प्रतिवेदन तयार गर्ने क्रमसम्म आईपुग्दा तर्क संगत पेश गरिने आधारहरुको रुपमा आधारित भई कार्यालय अभिलेखको जाँच गरिएको, मुख्य सूचनादातासँग अन्तरवार्ता लिइएको र लक्षित सरोकारवालासँगको अन्तरक्रियाको आधार लिईएको छ । नीति निर्माणको चरणमा रहेको अवस्थामा सामाजिक परीक्षण आधारभूत अवयवहरुको अध्ययन गर्नु परेको कारणवाट यसमा केही सिमितता रहेको हुन सक्ने कुरालाई स्वीकार गरिएको छ

### ९. सामाजिक परीक्षण कार्य सञ्चालन प्रक्रिया :

- कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न कार्यक्रम तालिका अग्रिम रुपमा तयार पारी आपसी सहमतिमा सञ्चालन भएको छ ।
- सामाजिक परीक्षण कार्यक्रमको उद्देश्य, कार्यक्रम संचालन विधि, समय र आचार संहिता बारे सहजकर्ताले कार्यक्रमका सहभागीहरूलाई जानकारी गराइएको छ ।
- सहजकर्ताले मस्यौदा विवरण भेलामा प्रस्तुत गरेको छ मस्यौदा विवरण प्रस्तुत भै सकेपछि सहभागीहरूलाई आफ्नो बिचार राख्ने अवसर दिइयो ।
- सहभागीले प्रस्तुत गरेका प्रतिक्रिया तथा सुझाव माथि स्पष्ट पार्न वा जवाफ दिने कर्तव्य भएका पक्षहरुलाई जवाफ दिन लगाइएको थियो ।
- सहभागीहरूबाट प्राप्त भएका प्रतिक्रिया तथा सुझावहरू अभिलेख गरिएको छ ।

**गाउँपालिका उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखहरुसँगको छलफल सत्र :**






























कमल नगर अस्पताल





## वडा नं. १ को तथ्याङ्क संकलनका क्रममा लिइएका तस्बिरहरु :









श्री नरेन्द्र जनता माध्यमिक
बाल वाटिका





**वडा नं. २ को तथ्याङ्क संकलनका क्रममा लिइएका तस्विरहरु :**









AMBULANCE

**वडा नं. ३ को तथ्याङ्क संकलनका क्रममा लिइएका तस्बिरहरु :**






**वडा नं. ५ को तथ्याङ्क संकलनका क्रममा लिइएका तस्बिरहरु :**






**वडा नं. ७ को तथ्याङ्क संकलनका क्रममा लिइएका तस्बिरहरु :**









WELCOME




**कमल नगर अस्पताल :**






१ कुष्ठरोग सामान्य जानकारी १

**प्रमुख प्रशासकीय अधिकृत तथा शाखा प्रमुखहरुसँगको छलफलको उपस्थिति पुस्तिका :**




आज मिति २०८१ माघ १५ गते कमल गाउँपालिका झापाको आ.व. २०८०/८१ को सामाजिक परीक्षण कार्यक्रमको सिलसिलामा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत केशवकुमार खनालको उपस्थितिमा मार्फत तथ्यांक संकलन गरियो।

तपसिल

१. केशवकुमार खनाल, प्रमुख प्रशासकीय अधिकृत
२. सूर्यप्रसाद [illegible], शिक्षा शाखा प्रमुख
३. रिजिना राई, लेखा अधिकृत
४. सागर यादव इन्जिनियर
५. भरत चन्द्र तिवारी सो.वे.के.
६. मनिष कुमार यादव, प्रशासन शाखा प्रमुख
७. डिपेन्द्र लामिछाने प.वि.अ.
८. स्मिता कार्की (सिवाल) प्र.वि.नी
९. विनु थापा (क.स.प्र.)
१०. विजय तिम्सिना सू.प्र.अ.
११. तारा बजगाई प्रशासन सहायक


### वडा नं. ५ को तथ्याङ्क संकलनमा भएको उपस्थिति :


आजको कमल गाउँपालिकाको आ.व. २०८०।८१ को सामाजिक परीक्षणका सन्दर्भमा २०८१ माघ २१ गते कमल गाउँपालिका वडा नं. ५मा जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा वडागत तथ्याङ्क संकलन गरियो।

तपसिल

१. लालबहादुर विष्ट, वडा अध्यक्ष, कमल-५
२. ओमकुमार प्रधान, वडा सदस्य, कमल-५
३. पवित्रा वर्देवा अ.हे.व. कमल-५ पवित्रा
४. अक्षत कुमार साह वडा सचिव ,,

## वडा नं. ६ को तथ्याङ्क संकलनमा भएको उपस्थिति :



आज मिति २०८१ माघ २१ गते कमल गाउँपालिकाको आ.व. २०८०/८१ को सामाजिक परिक्षणको क्रममा कमल गाउँपालिका वडा नं. ६ मा जनप्रतिनिधि र कर्मचारीहरुको उपस्थितिमा वडागत तथ्यांक संकलन गरियो ।

तपसिल

१. नरेन्द्र भट्टराई, वडा अध्यक्ष, कमल - ६
२. वन्दना लुइटेल, वडा सचिव, ,,
३. उर्मिला देवी पौडेल ,, ६
४. विसर्जन मोक्तान [illegible] स्वा.चौ.
५. डम्बर कुमारी कार्की
६. गिता मगरनी सि.अ.न.मी.
७.
८.

**वडा नं. २ को तथ्याङ्क संकलनमा भएको उपस्थिति :**

आज मिति २०८१ माघ ४३ गते कमल गाउँपालिकाको आ.व. २०८०/८१ को सामाजिक परीक्षणको सिलसिलामा कमल गाउँपालिका वडा नं.२ मा जनप्रतिनिधि र कर्मचारी को उपस्थितिमा वडागत तथ्यांक संकलन गरियो

तपसिल

१. अशोक सुब्बा, वडा अध्यक्ष, कमल गाउँपालिका वडा नं २ [signature]
२. भिम बहादुर कार्की वडा सदस्य - " " [signature]
३. गंगाराम ढकाल - वडा सचिव " " [signature]
४. टीकाराम मुकेरी - नागरिक सहायता केन्द्र कमल २ [signature]
५. खेमचन्द्र खड्का - फलफुल हेलुवारी [signature]
६. उमा भट्टराई - मिलनशील कि. सहकारी - उमा
७. अरिता खड्का - हिमचौर टोल वि. अध्यक्ष [signature]
८. कालीप्रसाद रिजाल - ज्योतिनगर टोल वि. सचिव [signature]
९. सन्तोष ढकाल - भुल्लुङ टोल वि. सचिव [signature]

## वडा नं. १ को तथ्याङ्क संकलनमा भएको उपस्थिति :

आज मिति २०८१ माघ २४ गते कमल गाउँपालिकाको आ.व. २०८०/८१ को सामाजिक परिक्षणको सिलसिलामा कमल गाउँपालिका वडा नं. १मा जनप्रतिनिधि र कर्मचारीहरु उपस्थितिमा वडागत तथ्यांक संकलन गरियो ।

तपसिल

१. केदार फुवाल, वडा अध्यक्ष कमल-१
२. भोला दुलाल, वडा सदस्य ,, -१
३. कमला वि.क. ,, वडा सदस्य ,, १
४. चैतन्य प्रसाद" चम्लागाँई ,, १
५. तेज प्रसाद आचार्य वडासचिव कमल -१

**वडा नं. १ को जनता मा.वि. को तथ्याङ्क संकलनमा भएको उपस्थिति :**

आज मिति २०८१ माघ २४ गते कमल गाउँपालिकाको सामाजिक परीक्षणको सिलसिलामा कमल गाउँपालिका वडा नं. १को नरेन्द्र जनता माविमा विद्यालयका प्रधानाध्यापक र शिक्षकहरु संग तथ्यांक संकलन गरियो ।

उपस्थित

१. पदी कार्की - प्रधानाध्यापक - नरेन्द्र जनता मावि.

| | | | |
|---|---|---|---|
| २. | निर्मल गड्तौला | सहायक प्रधानाध्यापक | |
| ३. | पूर्णचन्द्र पोखरेल | — | शिक्षक |
| ४. | अमर ब० लाब्ती | — | " |
| ५. | देवकुमार भुजेल | | " |
| ६. | सीताराम घिमिरे | — | " |
| ७. | फणेन्द्र पौडेल | — | " |
| ८. | प्रेम तामाङ | — | " |
| ९. | लक्ष्मी प्र. फुयाँल | शिक्षक | |
| १०. | कुमार भट्टराई | " | |
| ११ | रामकुमार बस्नेत | " | |
| १२. | कृष्ण कुमार बुढाथोकी | " | |
| १३. | मनिषा कठायत | | |
| १४. | रमा बुढाथोकी | " | |
| १५. | इन्दिरा डांगी | " | |
| १६. | केशव न्यौपाने | " | |

**वडा नं. ३ को तथ्याङ्क संकलनमा भएको उपस्थिति :**

आज मिति २०८१ फागुन १३ गते कमल गाउँपालिकाको सामाजिक परीक्षणको सन्दर्भमा कमल गाउँपालिका वडा नं ३ मा जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा वडागत तथ्यांक संकलन गरियो ।

उपस्थित

१. अर्जुनप्रसाद बोहरा - वडा अध्यक्ष कमल-३
२. राजमान गुरुङ - वडा सदस्य "
३. केशरा नेपाली पहेँवा दलित महिला/वडा सदस्य "
४. सन्तकुमारी मगर "
५. भगवती राई वडा सदस्य
६. देवीप्रसाद फुयल - वडा सचिव
७. महेश भण्डारी - सब इन्जिनियर
८. पुरन आचार्य - स क अ
९. निर्मला गौतम - नापी
१०. रञ्जिता बराल - अ.हे.ब.
११. सीता पुरल - अ.न.मी.

## वडा नं. ७ को तथ्याङ्क संकलनमा भएको उपस्थिति :

आज मिति २०८१ फागुन १८ गते कमल गाउँपालिकाको सामाजिक परीक्षणको सन्दर्भमा कमल गाउँपालिका वडा नं. ६ मा जनप्रतिनिधि र कर्मचारीको उपस्थितिमा वडागत तथ्यांक संकलन गरियो ।

तपसिल

१. हरि मल्ल चम्लागाईं - कार्यवाहक वडा अध्यक्ष कमल-६
२. ओम प्रसाद तानप्रारेया प्र.क.अ. कमल वडा-६
३. रोहित वस्नेत अ.स.ई. ״
४ लक्ष्मीला राई ״
(५) तुलसी मगर इ.पि.इ ״
६) अविता पोखेल

## वडा नं. २ को कमला मदनआश्रित मा.वि.को तथ्याङ्क संकलनमा भएको उपस्थिति :

आज मिति २०८१ फागुन २५ गते कमल गाउँपालिकाको सामाजिक परिक्षणको सन्दर्भमा कमल-२ को कमला मदन आश्रित मा.वि.मा विद्यालयका प्रधानाध्यापक हिमप्रसाद दाहालको अध्यक्षतामा निम्नानुसारका शिक्षक र विषय विज्ञको उपस्थितिमा विद्यालय अनुगमन र तथ्यांक संकलन सम्पन्न भयो।

उपस्थित

| | | |
|---|---|---|
| १. | हिमप्रसाद दाहाल | प्रधानाध्यापक |
| २. | यामनारायण प्रधान | शिक्षक |
| ३ | महेन्द्र तिम्सिना | " |
| ४. | बिमला भट्टराई | " |
| ५. | विदुर सुवेदी | सह प्राध्यापक (सु.व.क्या) |
| ६. | लक्ष्मीप्रसाद गुरुगाई | उपप्राध्यापक (पु.क्या) |
| ७ | बाबुराम निरौला | सहजकर्ता सामाजिक परीक्षण |
| ८. | सुनिल अधिकारी | सिभिल इन्जिनियर |
| ९. | रोहित शर्मा अधिकारी | उपप्राध्यापक (पूर्वाञ्चल विश्वविद्यालय) |
| १० | मदन मिश्र | शिक्षक कमलामदनआश्रित स्कूल मा.वि. |
| ११. | धरणीधर राजुले | " कमलामदन आश्रित मा.वि. |
| १२. | सृजना रजकोटी | " " " |
| १३. | सावित्रा कार्की | " " |
| १४. | स्मृति न्यौपाने | " " |
| १५ | रुद्रनाथ गौतम | " " |
| १६. | दुर्गाप्रसाद पराजुली | " " |
| १७ | युवेन्द्रानन्द प्र. भट्टराई | " " |
| १८ | महेन्द्र तिम्सिना | " " |
| १९ | कृति बस्नेत | " " |
| २० | हिरा श्रेष्ठ | " " |
| २१. | मनोज गौतम | " " |
| २२. | महेन्द्र लिम्बुखना | " " |

**वडा नं. ७ को सिंहदेवी आ.वि. को तथ्याङ्क संकलनमा भएको उपस्थिति :**

आज मिति २०८१ चैत्र १६ गते कमल गाउँपालिकाको सामाजिक परीक्षणको सम्बन्धमा कमल-6 स्थित सिंहदेवी आधारभूत विद्यालयमा विद्यालयको समग्र अवस्थाको अवलोकन तथा तथ्यांक संकलन निम्नानुसारको उपस्थितिमा सम्पन्न भयो।

तपसिल

१. इन्दिरा देवी खनाल - प्रधानाध्यापक
२. अस्मिता ल्याकुरेल - शिक्षक
३. जोगिन्द्र धर्नाल - शिक्षक
४. डिफलाम्भु राई - शिक्षक
५. पवित्रा सुनुवार - "
६. गोमा बहादुर श्रेष्ठ

**गाउँपालिका उपाध्यक्ष तथा शाखा प्रमुखहरुसँग भएको छलफलको उपस्थिति :**

आज मिति २०८१ साल फागुन २५ गते कमल गाउँपालिकाको
२०८०/८१ को सामाजिक परिक्षणको सन्दर्भमा कमल गाउँपालिका
का शाखा प्रमुखहरु संग अन्तक्रिया कमल गाउँपालिकाको
उपाध्यक्ष प्रमिला दर्पिपले तिवारीको प्रमुख उपस्थितिमा
निम्नानुसारको उपस्थितिमा सम्पन्न गरियो।

उपस्थित

१. प्रमिला दर्पिपले तिवारी, उपाध्यक्ष, कमल गाउँपालिका
२. सूर्य प्रसाद ओपाने, नि: प्र.प्र.अ. ,,
३. मानिष कुमार यादव प्र.शा.प्र. ,,
४. दिवाकर कार्की (बिमल) न.क.आ. ,,
५. बिनु थापा (स्वास्थ्य शाखा प्रमुख) ,,
६. तुलसी ओझा योजना शाखा प्रमुख ,,
७. विजय तिमिल्सिना स्व. प्र. अ. ,,
८. लक्ष्मी प्रसाद गुरागाई, उपप्राध्यापक (पुर्वाञ्चल)
९. रोहित शर्मा अधिकारी उपप्राध्यापक (पुर्वाञ्चल विश्वविद्यालय)
१०. चिरञ्जीवि सुवेदी सहप्राध्यापक (सुकुना बहुमुखी क्याम्पस)
११. सुनिल अधिकारी (civil engineer)
१२. शारदा पौडेल प्रा.स. कृषि विकास शाखा
१३. शेजिता नेपाल प.स्वा.प्रा. पशु विकास शाखा
१४. समुन्द्र गुरुङ M.I.S operator
१५. सागर यादव Engineer
१६. शिव प्रसाद ढकाल जनस्वास्थ्य निरिक्षक
१७. दुर्गेन्द्र कार्की प्रा.स.
१८. युवराज पौडेल, पूर्व प्रमुख गुनासो सुनुवाई
१९. सृजना दर्जी कि.अ.
२०. गंगा राम पौडेल राजश्व शाखा

## विज्ञ र स्वास्थ्यकर्मीहरुबीचको अन्तरक्रियाको उपस्थिति पुस्तिका :

आज मिति २०८१ फागुन २५ गते कमल गाउंपालिकाको आ.व. २०८०/८१ को सामाजिक परिक्षणको क्रममा कमल नगर अस्पतालमा विज्ञ र स्वास्थ्यकर्मी बीच-को अन्तरक्रियामा तपसिल बमोजिमको उपस्थितिमा सम्पन्न गर्यो।

तपसिल

१. डा. फुलकुमार लावर्ति मे.सु. कमल नगर अस्पताल
२. डा. अजित साह मेडिकल अधिकृत
३. श्री दिपक प्रसाद दहाल कार्यालय प्रमुख, कमल नगर अस्पताल
४. श्री विराजन मेहेवा सि.अ.हे.व.अ. कमल न.अ.
५. श्री नवराज लइराई सि.अ.हे.व.
६. श्री विनुता संग्रौला सि.अ.न.मि.मै
७. श्री प्रतिक्षा निरौला फा.स.
८. श्री पुर्ण बालपुरिया अ.हे.व.
९. श्री पञ्जीका थापा मगर अ.हे.व.
१०. श्री अन्जना खापकेल अ.न.मी.
११. श्री डिला न्यौपाने ल्या.अ.
१२. श्री पुनम राजवंशी ल्या.अ.
१३. श्री दिरिङ लामा र.टे.अ.
१४. श्री मिना श्रेष्ठ का.स.
१५. श्री सुनिल अधिकारी इन्जिनियर
१६. श्री युवराज पौडेल पूर्व स्वास्थ्य निर्देशक
१७. श्री विदुर खुवेवी सहप्राध्यापक सुकुना बहुमुखी क्याम्पस
१८. श्री लक्ष्मीप्रसाद रुपाखेती उपप्राध्यापक ,, ,,
१९. रोहित सापी अधिकारी उपप्राध्यापक (पि.पी)
२०) रमेश प्रसाद पनेरु रेडियोग्राफर

## गाउँपालिका तथा वडाबाट भएगरेका विभिन्न कार्यक्रमका तस्बिरहरु :











“हाम्रो गोल महिला हिंसा बिरुद्धको बोल”
महिला फुटबल प्रतियोगिता
उद्घाटन समारोह
२०८१ चैत्र १५ गते




खुशी राखौं बालबालिकाको मुहार ! बालमैत्री कमल
बालमैत्री कमल गाउँपालिका घोषणा समारोह-२०८०






कमल गा. पा. बाट निःशुल्क प्रदान गरिएको


कमल गा.पा. गाउँकार्यपालिकाको कार्यालय
दिगो तथा सम्मानित रोजगारीको लागि सिप परियोजना
(चरण दोस्रो) कार्यगत अभ्यास सहितको निःशुल्क
प्रोफेसनल आल्मुनियम फेब्रिकेटर तालिम (तह-२) १६९६ घण्टा
उद्घाटन कार्यक्रम
मिति : २०८०/०६/१० गते
समय : बिहान ८:०० बजे
स्थान : कमल गा.पा. ५, मंगलबारे
आयोजक
साना व्यवसाय परामर्श तथा
तालिम केन्द्र प्रा.लि.
विरगंज, पर्सा




७१ औं विश्व कुष्ठरोग दिवस


कमल गाउँपालिका
कमल, झापा










आ.व. २०८०/०८१ मा सञ्चालित
योजना/कार्यक्रमहरूको
अर्धवार्षिक समिक्षा कार्यक्रम


राष्ट्रिय हात्तीपाइले रोग निवारण कार्यक्रम
हात्तीपाइले रोग विरुद्धको आम औषधी सेवन अभियान
शुभारम्भ कार्यक्रम
२०८१ वैशाख १६ गते
कमल गाउँपालिका


सचेतना कार्यक्रम













# अनूसूची- ५ को १

## गाउँपालिकाको संक्षिप्त परिचय :

झापा जिल्लामा अवस्थित कमल गाउँपालिका कोशी प्रदेश अन्तरगतको तराई विशेषता बोकेको गाउँपालिका हो । साविक तोपगाछी र लखनपुर गाविस मिलेर बनेको यो गाउँपालिका ९७.४४ वर्ग कि.मी. क्षेत्रफलमा फैलिएको छ । यस परिच्छेदमा यहाँको भौगोलिक अवस्थिति, ऐतिहासिक चिनारी तथा नामाकरण, राजनीतिक अवस्थिति वारे देहाय बमोजिमका शिर्षकहरुमा व्याख्या गरिएको छ ।

## भौगोलिक अवस्थिति :

कमल गाउँपालिका भौगोलिक अवस्थितिका हिसाबले २६ डिग्री ३१ मिनेट ५ सेकेण्ड देखि २६ डिग्री ४१ मिनेट ४८ सेकेण्डउत्तरी अक्षांश र ८७ डिग्री ३८ मिनेट २९ सेकेण्ड देखि ८७ डिग्री ४७ मिनेट ४३ सेकेण्ड पूर्वी देशान्तरमा फैलिएको छ । यस गाउँपालिकाको पूर्वमा शिवसताक्षी नगरपालिका, पश्चिममा दमक नगरपालिका, दक्षिणमा गौरादह नगरपालिका तथा गौरीगञ्ज गाउँपालिका र उत्तरमा इलामको चुलाचुली गाउँपालिकासँग सिमाना जोडिएको छ । यस गाउँपालिकाको पूर्वमा कमल नदी र पश्चिममा रतुवा नदीले क्रमशः शिवसताक्षी र दमक नगरपालिकाबाट छुट्याएको छ । जिल्लाको कुल क्षेत्रफलको करिब १० प्रतिशत भू-भाग ओगटेको छ ।

## ऐतिहासिक चिनारी तथा नामाकरण :

कमल गाउँपालिकामा विभिन्न ऐतिहासिक स्थलहरु रहेका छन् । जस्तै, साविक तोपगाछीमा रहेको क्याम्पा बजार राणा शासक जुद्ध शमसेर शिकार खेल्न आउँदा क्याम्प राखेको ठाउँ भएकाले क्याम्पा नाम रहन गएको मानिन्छ भने समयगढको नाम विराटराजा विरानगरबाट किच्चक वधमा जाँदा समयगढ आधा पर्ने हुनाले समयगढ रहेको मानिन्छ । साविक तोपगाछी र लखनपुर गाविस मिलाएर वि.सं. २०७३ मा कमल गाउँपालिकाको गठन गरिएको हो । त्यसैले यस गाउँपालिकाको ऐतिहासिक चिनारीका लागि साविकका यी दुइ गाविसको इतिहास केलाउनु पर्ने हुन्छ । तोपगाछी गाविस साविकमा तोपगाछी गाउँ पञ्चायतको रुपमा वि.सं. २०१७ सालमा अस्तित्वमा आएको हो । त्यतिबेला यसले साविक धरमपुर गाउँ पञ्चायत (पछि आएर धरमपुर गाविस तथा हाल शिवसताक्षी नगरपालिकाको एक भाग) समेत समेट्दथ्यो । वि.सं. २०३९ सालमा पूर्वमा कमल खोला पूर्वको भाग छुट्टै धरमपुर गाउँ पञ्चायतको रुपमा गठन गरिएपछि यो साविक तोपगाछी गाविसको आकारमा आएको हो । तोपगाछीको नामाकरण सम्बन्धी विभिन्न जनश्रुति रहेका छन् । एउटा जनश्रुति अनुसार ढ्याङ्गी र देवी खोलाको दोभानमा घनघोर जङ्गलबीच दिउँसो र रातको १२ बजे तोप पड्किएको आवाज आउँथ्यो र यसैको आधारमा तोपगाछी नामाकरण गरिएको हो । त्यस्तै, अर्को जनश्रुतिअनुसार पाराबारीमा एउटा तोप आकारको रुख अर्थात गाछी भेटिएको थियो । अर्को, यहाँ भएका घना जङ्गलमा ज्यादै ठूला रुखहरु थिए र त्यस्ता रुखको धोद्रोभित्र तोप भेटिएको थियो । यसरी तोपगाछी नामाकरण रहेको जनश्रुति पाइन्छ भने यसको औपचारिक नामको शुरुवात भने २०१५ सालको चुनावमा एउटा मतदान केन्द्र क्याम्पामा राखिएको थियो त्यसको नाम तोपगाछी मतदान केन्द्र राखिएको थियो । यसैबाट यस ठाउँको नाम औपचारिक रुपमा तोपगाछी रहन पुग्यो । यसै मतदान केन्द्रलाई आधार मानेर २०१७ सालमा तोपगाछी गाउँ पञ्चायत स्थापना भयो । यस गाउँपालिकाको पूर्व भएर बग्ने कमल नदीको नामबाट यस गाउँपालिकाको नामाकरण गरिएको हो ।

## राजनीतिक अवस्थिति :

कमल गाउँपालिका कोशी प्रदेश अन्तरगत झापा जिल्लामा विद्यमान ८ नगरपालिका र ७ गाउँपालिका गरि १५ स्थानीय तह मध्ये कमल गाउँपालिका एक हो । साविकका दुई गाविसहरु समावेश गरी बनेको यस गाउँपालिकामा ७ वडाहरु रहेका छन् । गाउँपालिकाको केन्द्र क्याम्पा बजारमा रहेको छ। यो गाउँपालिका जिल्ला भित्रको प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि निर्वाचन क्षेत्र ५ मा पर्दछ भने प्रदेश सभानिर्वाचन क्षेत्रमा भने साविक लखनपुर ५ क मा र साविक तोपगाछी ५ ख मा पर्दछ।

**बजेटका उद्धेश्यहरू हासिल गर्न देहाय बमोजिम प्राथमिकता निर्धारण गरिएको छ।**

(ककृषि क्षेत्रको विकासमार्फत् उत्पादनशील रोजगारी सृजना गर्नका लागि संघ (, प्रदेश, निजी क्षेत्र, गैर सरकारी क्षेत्र र सहकारी क्षेत्रसंगको साझेदारीमा जोड दिने।

(ख सबै प्रकारका विभेद अन्त्य (, असमानता न्यूनीकरण र सामाजिक न्यायका मान्य सिद्धान्तकाआधारमा विकासका प्रतिफलमा न्यायपूर्ण पहुँच वृद्धि गर्ने।

( ग ( लैगिक, अल्पसङ्ख्यकहरूलाई स्वरोजगार बनाउनका लागि उनीहरूको सीप तथा दक्षतामाअभिवृद्धि गर्ने।

( घ ( गाउँपालिकाको सेवा प्रवाहलाई आधुनिक प्रविधिमैत्री बनाई सेवा प्रवाहमा सबै नागरिकको सहज पहुँच, गुणस्तरीय सेवा प्रवाह, विकास प्रति नागरिकको अपनत्व ग्रहण र उत्तरदायी एवम् सुशासनको प्रत्याभूति गराउने।

**गाउँपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गर्दा निम्न विषयहरूलाई आधार लिइएको छ।**

(क) नेपालको संविधान (२०७२)

(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४

(ग) पन्ध्रौ योजना

(घ) संघीय सरकार र प्रदेश सरकारको आ व २०८० I ०८१ को नीति कार्यक्रम तथा बजेट

(ङ) अन्तरसरकारी वित्त व्यवस्थापन ऐन २०७४

(च) स्थानीय तहको बार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ (परिमार्जित)

(छ) कमल गाउँपालिकाको आवधिक विकास योजना

(ज) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन

(झ) नेपाल सरकारले अन्तर्राष्ट्रिय मन्चमा प्रतिबद्धता गरेका दिगो विकासका लक्ष्यहरू

(ञ) राजश्व परामर्श समितिको प्रतिवेदन

(ट) बजेट सीमा निर्धारण समितिको निर्णय

(ठ) कार्यपालिका बैठकको निर्णय

# आ.व. २०८०/०८१ को गाउँपालिकाले अवलम्बन गरेका नीति तथा कार्यक्रम :

## कृषि विकास

**मुल नारा : "कृषि उत्पादनमा बृद्धि कमलको समृद्धि"**

१ किसानको पहिचान गर्न किसान सूचीकरण गरी परिचयपत्रको व्यवस्था लागु गर्न आगामी ४ वर्षमा सम्पूर्ण किसानहरुलाई सूचीकरणमा समाबेश गरिने नीति लिइनेछ ।

२ "कृषि उत्पादनमा बृद्धि कमलको समृद्धि" भन्ने लक्ष्यलाई साकार पार्न एक समूह एक कृषि उत्पादनको पहिचान बनाउदै उत्पादन साथमा अनुदान हातमा भन्ने नीति लिइनेछ ।

३ किसानले उत्पादन गरेका कृषि उपजको बजारीकरणका लागि समुह तथा सहकारीको साझेदारीमा कृषि उपज संकलन केन्द्र तथा बजारीकरणको व्यवस्था गर्ने नीति लिइनेछ ।

४ कमल गाउँपालिका क्षेत्रका सम्पूर्ण अगुवा कृषकहरुका लागि रोजगार सेवा केन्द्रबाट श्रमिक व्यवस्थापन गरी जैविक एवंम कमल युरिया साथै कमल प्राङ्गारिक मल उत्पादन गरी मल उत्पादन तथा वितरण गरी विद्यमान रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्ने नीति लिइनेछ ।

५ संघीय तथा प्रदेश सरकारको साझेदारीमा कृषि यान्त्रिकरण तथा कृषिका अन्य पूर्वाधार विकास गरी चाक्लाबन्दी खेतीलाई प्राथमिकता दिई उत्पादन र उत्पादकत्व बृद्धि गर्ने नीति लिइनेछ ।

६ नदी उकास तथा बाँझो जमिनमा खरभुजा तरभुजा परवल लगायतका बालीहरु लगाई उत्पादनको आधारमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।

७ स्वस्थ जीबनका लागि कमलको जैविक ताजा तरकारी भन्ने नारालाइ साकार पार्न एक घर एक करेसाबारी कार्यक्रम अन्तर्गत पोषणयुक्त तरकारीहरु (कुरिलो, बोडी, रायो, जरेबाली) न्यूनतम १ कठ्ठामा लगाउने कृषकहरुका लागि नगद प्रोत्साहन गर्ने नीति लिइनेछ ।

८ किसानको समस्या समाधान गर्नका लागि श्रब्यदृष्य मार्फत अन्तर्कृया गरी रोग तथा कीराको निदान गर्न स्थानीय पालिकाले व्यवस्था मिलाउने नीति लिइनेछ ।

९ कृषि क्षेत्रको वर्तमान स्थिति हेरी विभिन्न सूचकका आधारमा आगामी ५ वर्षको लक्ष्य राखी कृषि विकास रणनीति बनाई दिगो कृषि विकास गर्ने नीति लिइनेछ ।

१० प्रति घर कम्तिमा २ वटा फलफूलका विरुवा रोपण गर्ने कार्यलाई प्रोत्साहन गर्ने नीति लिइनेछ ।

११ सबै वडामा कमल झोलमलका बैकल्पिक श्रोतहरु घुम्ति स्थलगत कृषक तालिमको माध्यमबाट बिस्तार गरी सबै वडाका कृषकहरुलाई यसको बारेमा पहुँच पुर्याइनेछ । साथै सबै वडाबासी कृषकहरुको सहजताका लागि प्रत्येक वडामा क्रमश कमल झोलमल निर्माण गरी वितरण गरिने नीति लिइनेछ ।

१२ भूमि बैंङ्कको स्थापना गरी भूमिहीन तथा कृषि उत्पादन गर्न ईच्छुक ब्यक्ति/ समूह/सहकारी/फर्म कम्पनी आदिलाई भूमि बैङ्कको माध्यमबाट जग्गा उपलब्ध गराउन समन्वय गर्ने नीति लिइनेछ ।

१३ किसानको समस्याहरु समाधानका लागि प्राविधिक सेवामा पहुँच बढाउन २४ घण्टा भित्र खेतबारीमा सेवा पुर्याउने नीति लिइनेछ ।

१४ जुडिबुटी उत्पादनको लागि सम्भाव्यता अध्ययन गरी व्यवसायिक खेति विस्तार गर्ने नीति लिईनेछ ।

१५ कन्काई नहर सिँचाई प्रणालीको संरक्षण तथा सदुपयोगमा जोड दिदै कन्काई नहरको डिलमा भौतिक संरचना निर्माण गर्न दिइने छैन । भौतिक संरचना निर्माण गर्नुपर्ने भएमा जल उपभोक्ता संस्थाको सहमति लिइनेछ ।

१६ कन्काई नहर क्षेत्र भित्र पानी उपलव्ध भएसम्म सिचाई पम्पमा आर्थिक सहयोग गरिने छैन । यदि सहयोग गर्नुपर्ने भएमा व्यवसायिक कृषि प्रवर्द्धनमा सहयोग केन्द्रीत गर्ने नीति लिइनेछ ।

१७ कन्काई नहरको नियमित मर्मत सम्भारमा जोड दिदै सिँचाई सेवा शुल्क तिर्न अभिप्रेरित गरिनेछ । वडाले उपलव्ध गराउने सेवा सुविधा लिन आउदा कन्काई नहरको सिँचाई सेवा शुल्क तिरेको रसिद अनिवार्य लिएर आउनुपर्ने नीति लिइनेछ ।

**पशु विकास :**

१८ युवाहरुलाई पशुपालन व्यवसायतर्फ आकर्षण बढाउन र व्यवसायमा क्षति न्युनिकरणका लागि कृषक सुरक्षण कोषको स्थापना गरी आगामी ४ वर्ष भित्रमा कृषक सुरक्षण कोषको माध्यमबाट पशुपन्छी व्यवसायमा हुने क्षति न्यूनिकरण गरी आत्मनिर्भर बनाईनेछ र विविध कार्यक्रमहरु अवलम्बन गर्ने नीति लिइनेछ ।

१९ पशुपन्छी तथा मत्स्यमा लाग्नेमा लाग्ने रोगहरुको लागि समय सापेक्ष र अनुकुलताका आधारमा औषधी उपचारको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२० नेपालमा उपलब्ध हुने सम्पुर्ण पशुपन्छीका खोपहरु नि:शुल्क रुपमा प्रयोग गरी कृषकलाई पशुपालन व्यवसायमा हुने क्षतिलाई न्यूनिकरण गर्ने नीति लिइनेछ ।

२१ पशु सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ । दुग्ध उत्पादक कृषकहरुलाई दुध उत्पादन गरी बिक्री गरिएको प्रमाणका आधारमा अनुदान कार्यक्रम मार्फत आगामी ५ वर्ष भित्रमा ५० लाख लि. दुधको उत्पादन पुर्‍याई कमल गाउँपालिकाबाट वार्षिक ३० लाख लि. दुध निर्यात गर्ने तथा दुग्ध पदार्थ उद्योगहरु स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

२२ माछाको उत्पादन बढाउन, ५ वर्ष भित्र माछाका भुरा उत्पादन र पाँच लाख के.जि. माछा निर्यात गर्ने नीति अवलम्बन गरिनेछ ।

२३ बंगुर पालन व्यवसायलाई सुनिश्चितता प्रदान गर्न बंगुरमा लाग्ने रोगहरुको लागि जैविक सुरक्षा, बजारीकरण तथा बंगुरको मासुबाट बन्ने अन्य उत्पादनहरु बनाउने उद्योगहरु निजी क्षेत्रको संलग्नतामा स्थापना गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

२४ कुखुरा पालन व्यवसायबाट कुखुराको मासु तथा अण्डामा ५ वर्ष भित्रमा आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रमहरु अवलम्बन गर्ने नीति लिइनेछ ।

२५ आगामी ७ वर्ष भित्रमा बाख्रा पालन व्यवसाय प्रवर्द्धन गरी खसि बोकाको मासुमा आत्मनिर्भर हुने नीति अवलम्बन गरिनेछ ।

२६ मासु पसल तथा बधशालाको पूर्वाधार स्तरोन्नती गरी स्वस्थ मापदण्डमा आधारित बनाउने नीति लिइनेछ साथै अनुगमन कार्यलाई तिब्रता दिइनेछ ।

२७ कृषि तथा पशुपन्छी व्यवसायिक फर्म तथा संस्थाहरुलाई मागमा आधारित प्रविधि हस्तान्तरण गर्ने नीति लिइनेछ ।

**उद्योग तथा वाणिज्य :**

२८ पालिका क्षेत्रमा संचालित घरेलु तथा साना सीप मुलक उद्योग तथा व्यवसायहरुलाई प्रवर्द्धन गर्न प्रविधि हस्तान्तरणका लागि अनुदानको व्यवस्था गरिनेछ ।

**सहकारी :**

२९ सहकारी मार्फत वित्तीय सेवाको पहुँच बिस्तारका लागि वित्तीय साक्षरता, तथा सहकारीको संस्थागत विकासका लागि आवश्यक तालिम कार्यक्रमहरुको लागि आवश्यक बजेट बिनियोजन गरिनेछ ।

३० सहकारी संस्थाहरुका संस्थागत सुशासन प्रवर्द्धन गर्नका लागि निक्षेपकर्ताहरुको हकहित संरक्षणका लागि प्रभावकारी नियमन र अनुगमन गर्न सहकारी शाखाको नियामकिय क्षमता अभिवृद्धि गरिनेछ ।

३१ पालिकाको नियमन क्षेत्राधिकारभित्र रहेका सहकारीहरुको वित्तीय कारोवार लगायतका विवरणहरुको विद्युतीय अभिलेख अद्यावधिक राख्न र कोपोमिसमा अनिवार्य आवद्धता गराईनेछ ।

३२ प्रचलित ऐन, कानून तथा विनियमको परिपालना नगर्ने सहकारी संस्थाहरुलाई नियमानुसार जरिवाना गर्ने र उत्कृष्ट कार्य गरेका वा नमुना सहकारी संस्था छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ ।

३३ युवाहरूलाई उनीहरुको सीप, ज्ञान तथा क्षमताको उपयोग हुने गरी उद्यम तथा स्वरोजगारीका लागि सहुलियत दरमा सहकारी मार्फत ऋण उपलब्ध गराउन विशेष पहल गरिनेछ ।
पालिकामा सुचिकृत सहकारी संस्थाहरुबाट ऋण नतिर्ने ऋणीहरुलाइ गाउँपालिका तथा वडा कार्यालयहरु मार्फत प्रदान गरिने सेवाहरु प्रदान रोक्नका लागि कार्यविधि निर्माण गरी कार्यान्वयन गरिने नीति लिइनेछ ।

३४ पालिका क्षेत्र भित्र स्थापना हुने कृषि समूह, निजीफर्म, र सहकारीहरुको दर्ता तथा कार्यक्षेत्र अनुमति जस्ता विषयहरुलाई व्यवस्थित गरिदै लाने नीति लिइनेछ ।

३५ सहकारी संस्थाहरुको सहकार्यबाट उत्पादनशिल क्रियाकलापहरुमा नागरिकहरुलाई सहभागी गराई रोजगार तथा स्वरोजगारको सृजना गरी गरिबी निवारणमा सहयोग पुग्ने नीति लिइनेछ ।

३६ सहकारी संस्थाहरुले तोकिएको कार्यक्षेत्रमा केन्द्रित भई लगानी गर्ने नीतिलाई कार्यान्वयनमा जोड दिइनेछ ।

**रोजगार सेवा केन्द्र**

३७ श्रममुलक रोजगारीका क्षेत्रहरुको विस्तार गर्दै सामुदायिक आयोजनामा पालिकाको लागत साझेदारीलाई निरन्तरता दिई वडा तहमा समेत लागत साझेदारी कायम गरी रोजगारीको प्रबर्धन र भौतिक पुर्वाधारको समेत विकासमा जोड दिइनेछ ।
(त्यस्तै पालिका स्तरीय र वडा स्तरीय आयोजनामा रोजगार सेवाकेन्द्र मार्फत श्रमिकको आपुर्ति गरी आयोजना संञ्चालन गरिनेछ ।

३८ स्वीकृत आयोजनामा काम गर्ने दक्ष तथा अदक्ष श्रमिकहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रममा आकर्षण गर्न कम्तिमा जिल्ला दररेट कायम हुने गरी थप ज्यालाको प्रबन्ध गर्न आवश्यक बजेटको विनियोजन गरिनेछ ।

३९ वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुलाई उनीहरुको सीप र क्षमताको स्थानीय स्तरमै प्रयोग गर्न आवश्यक रोजगार नीति बनाएर कार्यान्वयन गरिनेछ ।

४० स्थानिय स्तरमा रोजगारीको प्रवर्द्दनका लागी सार्वजनिक निर्माण कार्यहरुमा सम्भव भए सम्म श्रममुलक प्रविधिको प्रयोग गरी रोजगारी सिर्जनामा जोड दिइनेछ ।

४१ बेरोजगार व्यक्तिहरुको तथ्यांक संकलन तथा विश्लेषण गरी रोजगार सुचना व्यवस्थापन प्रणलीमा बेरोजगारको सूचीअद्यावधिक र व्यवस्थित गरिनेछ । पालिकाभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाहगरिनेछ ।

४२ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुको लागि श्रम स्वीकृत र पुनःश्रम स्वीकृतिको कार्यलाई प्रभावकारी कार्यान्वयन गरिनेछ । श्रम स्वीकृत र पुनःश्रम स्वीकृतिका लागि लाग्ने विविध शुल्क भुक्तानिका लागि रोजगार सेवाकेन्द्र मार्फत आवश्यक सहजिकरण गरिनेछ ।

४३ दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगारीको प्रवर्दन गर्न आवश्यक सिपमुलक तालिमको पहिचान गरि बेरोजगार व्यक्तिलाई तालिम दिई स्वरोजगार बन्न उत्प्रेरित गरिनेछ ।

४४ रोजगार सेवा केन्द्रको सुदृढिकरणमा जोड दिईनेछ ।

४५ वैदेशिक रोजगारीमा जान चाहने युवा युवतीहरुलाई अभिमुखिकरण, विदेशबाट फर्केर आएका व्यक्तिहरुलाई उद्यमशीलता तालिम, रेमिट्यान्सको सदुपयोग सम्बन्धी अभिमुखिकरण जस्ता एकीकृत कार्यक्रमहरु सन्चालन गरिनेछ ।

## शिक्षा विकास

४६ सामुदायीक विद्यालयहरुमा अभिभावक तथा विद्यार्थीहरुको पहुँच वढाउनका लागि आमा बुवा दुबै गुमाएका साथैं वुवाको मृत्यु भई आमाको सहारामा रही सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ती अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

४७ विद्यार्थीको शैक्षिक गुणस्तर अभिवृद्धी तथा शैक्षिक सुधारका लागि पालिका स्तरीय कक्षा ८ र कक्षा १० को स्तरमापन परीक्षा सञ्चालन तथा ब्यवस्थापन कार्यक्रममा जोड दिईनेछ ।

४८ विद्यार्थीहरुको अर्न्तनिहीत क्षमताको प्रस्फुटनका लागि (नृत्य, खेलकुदतथा कम्प्युटर) लाई प्रोत्साहन गर्नका लागि घुम्ती शिक्षकको ब्यबस्थापन गर्ने नीति लिईनेछ ।

४९ विद्यालयहरुमा अध्ययनरत वालवालिकाहरुलाई शैक्षिक उन्नयन तथा पृष्ठपोषण गर्नका लागि पालिकास्तरीय विज्ञ समुह गठन गरेर विद्यालय अनुगमन तथा शिक्षण सिकाई गतिबिधिमा पृष्ठपोषण प्रदान कार्यक्रममा जोड दिईनेछ ।

५० यस पालिकाका विद्यालयहरुको शैक्षिक विकास तथा गुणस्तर अभिवृद्धीका लागि नेपालका विभिन्न जिल्लाका नमुना विद्यालयहरुको अभ्यासलाई स्थलगत रुपमा अध्ययन तथा अवलोकन गरी थप प्रभावकारीता स्थापित गर्नका लागि यस पालिकाका प्र. अ., गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिज्युहरु सहितको टिमको विभिन्न जिल्लाका नमुना विद्यालयहरुको अवलोकन भ्रमण कार्यक्रम राखिनेछ ।

५१ विद्यार्थीहरुको गणित विषयको शैक्षिक स्तरलाई अभिवृद्धिका लागि सामुदायिक विद्यालयका शिक्षकहरुका लागि थप पृष्ठपोषण गर्नका लागि शिक्षण सिकाई अभिवृद्धी तालिम कार्यक्रम संचालन गरिनेछ ।

५२ सामुदायिक विद्यालयमा कक्षा ६ सम्म अध्ययन गर्ने विद्यार्थीलाई नेपाल सरकारले दिवा खाजा

कार्यक्रमको व्यवस्थागरेकोमा सो कार्यक्रमलाई गुणस्तरीय दिवा खाजा ब्यबस्थापनमा सहायता पुगोस भन्ने हेतुले दिवा खाजा व्यवस्थापनमा सहायता अनुदानको व्यवस्था गरिनेछ ।

५३ प्रधानाध्यपक र विद्यालय व्यवस्थापन समितिसँग जनप्रतिनिधि अन्तर्क्रिया कार्यक्रमको व्यवस्था गरिनेछ ।

५४ सेवावाट निवृत हुने शिक्षक तथा कर्मचारीहरुलाई सम्मान कार्यक्रम संचालन गरिनेछ ।

५५ सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुसग गाउंपालिकाका जनप्रतिनिधिसंग शैक्षिक अन्तर्क्रिया कार्यक्रमको व्यवस्था गरिने छ ।

५६ शिक्षण सिकाई क्रियाकलापमा प्रविधिको प्रयोग र शिक्षक तालिमको व्यवस्था गरिनेछ ।

५७ विद्यालयहरुमा बाल क्लबको माध्यमवाट अतिरिक्त क्रियाकलाप संचालनका लागि प्रोत्साहन गर्ने नीति लिईनेछ ।

५८ विद्यार्थी संख्याको आधारमा वालविकास केन्द्रलाई प्रोत्साहित गर्ने नीति लिईनेछ ।

५९ विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका निम्ति विद्यालयको शिक्षक दरवन्दी मिलान गरी विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी अपुग भएका विद्यालयहरुमा शिक्षण सहयोग अनुदान मार्फत शिक्षकको व्यवस्थापन गर्नका लागि वजेटको व्यवस्थालाई निरन्तरता दिने नीति अवलम्वन गरिनेछ । यसवाट सामुदायिक विद्यालयहरुको पठनपाठनमा सहयोग भई नतिजा सुधारमा सकारात्मक सहयोग पुग्ने विश्वास लिईनेछ ।

६० सामुदायिक विद्यालयहरुमा सुविधायुक्तर पहुँचयोग्य वालमैत्री शौचालय निर्माण गर्ने र विद्यालय परिसरमा घेरावाराको व्यवस्थालाई क्रमश अगाडी लैजाने नीति लिईनेछ ।

६१ विद्यालयका प्र.अ. हरुको वैठकलाई नियमितता दिने नीति लिईनेछ । जसवाट विद्यालयका हरेक गतिविधिहरुको नियमित आदानप्रदान हुने र विद्यालय सुधारको प्रतिस्पर्धात्मक वातावरणको सृजनामा सहयोग पुग्ने समेत विश्वास लिईएकोछ ।

६२ **पालिकास्तरिय** आधारभुत तह(कक्षा ८) उत्तिर्ण परीक्षालाई व्यवस्थित रुपमा संचालन तथा परीचालन गरी नतिजालाई गुणस्तरसग जोड दिने नीतिलिइनेछ ।

६३ पालिकाभित्रका विद्यालयहरुमा स्थानीय विषयको रुपमा पालिकाको विविध क्षेत्रलाई समेटेर स्थानीय पाठ्यक्रमको निर्माण गरिनेछ ।

६४ अभिभावकहरुको अंग्रेजी विषयप्रतीको ध्यानाकर्षण तथा आजको आवश्यकतालाई मध्यनजर गर्दै पूर्व प्राथमिक तहदेखी नै अंग्रेजी विषयको उन्नयनका निम्ति वालविकास कक्षाका नानीहरुका लागि अंग्रेजी माध्यमका पाठ्य पुस्तक ब्यबस्थापनको निरन्तरता दिईएको छ । साथै गाउपालिका अर्न्तगतका सवै सामुदायिक विद्यालयहरुमा एकै किसिमका अंग्रेजी माध्यमका पाठ्यपुस्तक लागु गर्ने नीतिलाई कडाईसाथ अगाडी वढाउने नीति लिईनेछ ।

६५ वाल कक्षामा स-साना नानीहरुलाइ आकर्षित गर्नका लागि वाल कक्षाको शैक्षिक अवस्थाको गुणात्मक सुधारको लागि आवश्यक व्यवस्था मिलाउने नीति लिईनेछ ।

६६ विद्यार्थीहरुको खेलप्रतिको उत्साहलाई व्यवस्थित एवं मर्यादित बनाई उनिहरुको अर्न्तनिहित क्षमताको विकास गरी अनुशासित नागरिक तयारीका निम्ति राष्ट्रपति रनिङ् शिल्ड खेलकुद प्रतियोगितालाई व्यवस्थित रुपमा संचालन गर्ने नीति लिईनेछ ।

६७ विद्यालयका विविध गतिविधी समेटिएको शैक्षिक क्यालेण्डर निर्माण कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

६८ विद्यालयका विविध पक्षहरुलाई समेटेर शिक्षा दिवस तथा वाल दिवस कार्यक्रम संचालन गरिनेछ ।

६९ स्थानिय तहस्तरवाटै दक्ष प्राविधिक जनशक्ति तयार गर्नका लागि कमल गाउँपालिका मातहतका प्राविधिक

शिक्षालयहरुमा प्राविधिक विषय अध्ययन गर्ने कमल गाउपालिकावासी अभिभावकका छोराछोरीहरुलाई शिक्षण सहयोगमा थप सहयोगका लागि छात्रवृत्ती प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ । साथै लोपोन्मुख जातीहरु मुसहर, सतार,झागड र मिस्त्रि जातीका छोराछोरीहरुलाई प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्तीको व्यवस्था मिलाईनेछ ।

७० दक्ष एवम् वाल मनोवैज्ञानिक विषय विज्ञहरुवाट शैक्षिक जागरणका निम्ति शिक्षण पेशाप्रती Professional TOT तालिम कार्यक्रम संचालन गरिनेछ ।

७१ ईन्स्योर परियोजना अन्तर्गतका कार्यक्रमलाई सम्पन्न गर्न गाउँपालिकाबाट साझेदारी अनुदान थप गरिनेछ।

७२ सामुदायीक विद्यालयमा २० वर्ष भन्दा बढी समय काम गर्ने नेपाल सरकारको अस्थायी करार दरवन्दीमा रहेका विद्यालय कर्मचारी,वालविकास केन्द्र शिक्षक, विद्यालय सहयोगी र आयाहरुलाई सेवामा रहदा मनोवल वढाउनका निम्ति कार्यविधी तयार गरी उच्चतम सेवा अवधिलाई मध्यनजर गरेर अवकाश वा राजिनामापछी उपदानस्वरुप तोकिएको रकम उपलव्ध गराउने नीति लिईनेछ ।

७३ कमल गाउपालिकाका क्रमश सवै विद्यालयहरु हरेक गतिविधीको अनुगमन तथा नीरिक्षणका लागि सि.सि. क्यामरा, अडियो साउण्ड लगायतका प्रविधि, सफ्टवेयरको व्यवस्था गर्ने साथै विद्यालयहरुको अनुगमनलाई पालिकासंग सम्बद्ध गराउने नीति लिईनेछ ।

७४ विद्यालयहरुको शैक्षिक सुधारका लागि प्रत्येक विद्यालयहरुमा शैक्षिक, भौतिक र प्रशासनिक अवस्थाको विषयमा पालिका स्तरीय अनुगमन समितिबाट निरन्तर अनुगमन गर्ने नीति लिईनेछ ।

७५ विद्यालय स्काउटको कार्यक्रम संचालनगरी स्काउटका गतिविधी संचालन गर्ने विद्यालयहरुलाई सोको मुल्याङ्कनको आधारमा प्रोत्साहन गरिने नीति लिइनेछ ।

७६ प्रधानाध्यापकहरुका लागि शैक्षिक विकास तथा आर्थिक नियमावलीसग जोडिएका विषयहरुका निम्ति प्र.अ. र लेखा कर्मचारीहरुको स्व:विकास तालिमको व्यवस्था गरी शैक्षिक विकास एवम् आर्थिक पारदर्शिता कायम गर्ने नीति लिइनेछ ।

७७ शिक्षाको भावी रणनीति निर्माणका लागि आवधिक शैक्षिक योजना निर्माण र सोही अनुसारको कार्ययोजना तयार गरी सो को आधारमा शिक्षाको गुणस्तर वढाईनेछ ।

७८ विद्यालय शिक्षाको जगमा रहेको वालविकास कक्षालाई पुर्ण वालमैत्री कक्षाका रुपमा विकास गरिनेछ र वाल कक्षा शिक्षकहरुका लागि आधारभुत तथा पुनर्ताजगी तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ ।

७९ कम्तिमा ५ ओटा आधारभुत तहका सामुदायिक विद्यालयलाई कुनै एक विधामा नमुना विद्यालयका रुपमा विकास गर्न **"हाम्रो विद्यालय सक्षम विद्यालय"** अभियानका लागि प्रस्तावनामा आधारित अनुदानको व्यवस्था गरिनेछ ।

८० निजी क्षेत्रको लगानीमा खुलेका संस्थागत विद्यालयहरुलाई पालिकाबाट अनुगमन, नियमन गरी सेवामुलक वनाउने नीति लिइनेछ ।

८१ अंग्रेजी भाषाको माध्यमवाट गुणस्तरीय पठनपाठन गराउने सामुदायिक विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ । तर यस्ता विद्यालयहरुमा हाम्रा रितिरिवाज, सस्कृती र परम्पराको सिकाइ हुने सामाजिक शिक्षाका विषयहरुको सिकाइ अनिवार्य रुपमा नेपाली भाषामा गर्ने नीति अवलम्वन गरिनेछ ।

८२ विद्यालयको व्यवस्थापन, सुशासन, अनुशासन तथा कार्यसम्पादन मुल्याङ्कनका आधारमा मापदण्ड निर्माण गरी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकहरुलाई पुरस्कृत र सम्मानित गर्ने नीति अवलम्वन गरिनेछ ।

८३ प्रचलित ऐन तथा नियमावलीको व्यवस्था तथा आचारसंहिता उल्लंघन गर्ने विद्यालय तथा शिक्षकहरुलाई कारवाहीको दायरामा ल्याउने नीति लिईनेछ ।

८४ सामुदायिक विद्यालयहरुलाई सुचना प्रविधिको प्रयोगवाट डिजिटल कक्षा संचालनको लागि प्रोत्साहन

गरिनेछ ।

८५ शिक्षा समितिको नियमित वैठक वसी नविनतम शैक्षिक गतिविधिहरुलाई अगाडी वढाइनेछ ।

८६ कक्षा १-५ र कक्षा १-८ चलेका विद्यालयहरुलाई स्मार्ट टि.भि.को माध्यमवाट सिकाईमा सहजता र मनोरञ्जनात्मक सिकाई दिने नीति लिईनेछ ।

८७ अल्पसख्यक सिमान्तकृत (सन्थाल, कुमाल, कोचे, मेचे, झांगड, मिस्त्री अन्य सूचिकृत) कक्षा ११-१२ वा स्नातकमा अध्ययनरत छात्राहरुलाई छोरी वुहारी शिक्षाको माध्यमवाट यसै पालिका अर्न्तगतको विद्यालय र क्याम्पसमा अध्ययन गर्नका निम्ति प्राथमिकताको आधारमा गरिव तथा जेहेन्दार छात्रवृत्तीको व्यवस्थापन गरिनेछ ।

८८ सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि र विद्यालय प्रतिको विश्वास जर्गेनाको लागि अभिभावक शिक्षा कार्यक्रम संचालन गरिने नीति लिइनेछ ।

८९ मदन भण्डारी स्मृति प्रतिष्ठानमा अध्ययनरत कमल गाउँपालिकाका विपन्न विद्यार्थीहरुलाई शैक्षिक ऋण उपहार कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

९० कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुलाई करियर काउन्सिलिङ्ग कार्यक्रम संचालन गरिने नीति लिइनेछ ।

९१ विद्यालयमा हुने हरेक विषय र गतिविधिहरुको बारेमा गुनासो सुनुवाई समिति गठन गरी सोको आधारमा विद्यार्थी (बालक्लब समेत), अभिभावक र सरोकारवालाबाट प्राप्त भएका गुनासाहरुमा अर्न्तक्रिया तथा छलफलको कार्यक्रम राखी सहजीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

९२ दलित विद्यार्थीहरुको अध्ययन सहयोगको लागि स्नातक तह अध्ययनरत विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिने नीति लिइनेछ ।

## युवा तथा खेलकुद विकास

९३ कमल गाउँपालिका खेलकुद विकास समिति मार्फत आवश्यक कार्यविधी वा कार्यपालिकाबाट तोकिएको मापदण्डका आधारमा खेलकुद कार्यक्रम सन्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

९४ खेलकुद समितिको माध्यमबाट सबै प्रकारका खेलहरु सन्चालन हुने व्यवस्था मिलाईनेछ । खेलकुदको क्षेत्रमा युवा, किशोरी, महिला एवं जुनियर खेलाडीहरुको क्षमता विकासमा सहयोग पुग्ने गरी कार्यक्रम संचालन गरिनेछ ।

९५ युवाहरुलाई कूलतबाट हटाउन लागू पदार्थ तथा दुर्व्यसनी न्युनिकरण जस्ता चेतनामूलक कार्यक्रम सन्चालन गरिने छ ।

९६ शान्ति, विकास र समृद्धीका लागि युवाहरुको सहभागिता सुनिश्चित गरिनेछ, युवाहरुमा राजनैतिक चेतना अभिवृद्धी गर्न नमुना युवा संसद अभ्यास लगायत युवाहरुको क्षमता अभिवृद्धी कार्यक्रम गरी सामाजिक उत्तरदायित्व वहन गराउन गठन भएका विभिन्न युवा क्लवहरुको क्षमता विकास, सामाजिक जागरण, रुपान्तरण र समृद्धीका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

९७ गाउँपालिका स्तरीय अध्यक्ष कप फुटबल र उपाध्यक्ष कप भलिबल प्रतियोगिता संचालन गरिनेछ ।

## स्वास्थ्य विकास :

९८ कोभिड १९ को माहामारी नियन्त्रण र रोकथामका लागी सम्पूर्ण नागरीकहरुलाई यही आ व भित्रै कोभिड १९ विरुद्धको खोप लगाइएको सुनिश्चित गरिनेछ ।

९९ आ व २०७९/८० बाट ५ वेडको रुपमा संचालनमा आएको कमल नगर अस्पताल लाई स्तरोन्नती गर्दै

क्रमश: १५ शैयाको अस्पताल बनाइनेछ। कमल नगर अस्पताल बाटै स्वास्थ्य बिमा कार्यक्रमको संचालन भै रहेको र विशेषज्ञ सहितको अन्य सेवाहरु क्रमश विस्तार गरिदै लगिनेछ।

१०० कमल नगर अस्पताल लाई प्राइमरी बर्नकेयर सेन्टरको रुपमा स्थापना गरी कुनै पनि जलन भएका बिरामीहरुलाई आवश्यक उपचारको व्यवस्था मिलाइने छ।

१०१ सबै वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र स्थापना भै सकेको हुँदा सबै वडा स्वास्थ्य केन्द्रबाट नै नेपाल सरकारबाट प्राप्त हुने नि:शुल्क औषधीहरु वितरणको कार्यलाई व्यवस्थित गरी निरन्तरता दिइनेछ।

१०२ समुदायमा आधारित सन्चालन हुने स्वास्थ्य कार्यक्रमहरुलाई निरन्तरता दिइने छ जस अन्तरगत देहायका कार्यक्रमहरु सन्चालन गरिने छ।

क)क्षयरोग मुक्त गाउँपालिका बनाउने कार्यक्रम निरन्तर सन्चालन गरिनेछ। यसको लागि क्षयरोगका जोखिम समुह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम सन्चालन गरिनेछ।

ख) कुष्ठ रोग निवारण का लागि समुदाय स्तरमा खोजपड्ताल अभियान संचालन गरि रोगि व्यक्तिको पहिचान तथा उपचारको व्यवस्था मिलाउनुका साथै समुदायमा सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ।

ग) समुदायमा मुटु, मृगौला, चिनी रोग सम्बन्धी स्वास्थ्य जाँच तथा नसर्ने रोगहरु तथा जेष्ठ नागरिक हरुका लागी ७ वटै वडामा घुम्ति स्वास्थ्य शिविर सन्चालन गरिने व्यवस्था मिलाईनेछ।

घ) सामुदायिक स्वास्थ्य बिमा कार्यक्रम अन्तरगत अति विपन्न, गरिव र असहाय परिवार तथा अपाङ्गता भएका परिवारलाई नि:शुल्क स्वास्थ्य विमा गर्ने नीति लिइनेछ।

ङ) महिला स्वास्थ्य सेवा प्रवर्द्धन अन्तर्गत महिला वर्गमा हुने आङ खस्ने र पाठेघरको मुख तथा स्तन क्यान्सर सम्बन्धि स्कृनिङ शिविर संचालन निरन्तरता दिइनेछ।

च) गर्भवती महिला स्वास्थ्य सेवा प्रवर्द्धन अन्तरगत सबै स्वास्थ्य केन्द्रबाट निशुल्क रुपमा क्याल्सियम ट्याव्लेट र आइरन चक्की उपलब्ध गराउने नीति लिइनेछ।

छ) गाउँपालिकामा कार्यरत संपुर्ण कर्मचारिहरुलाई प्रोत्साहन स्वरुप नि:शुल्क स्वास्थ्यबिमाको व्यवस्था मिलाइनेछ।

ज) सुचीकृत स्वास्थ्य संस्थामा प्रसुती गराउने महिलालाई एम्बुलेन्स सेवा निशुल्क उपलब्ध गराउनुका साथै पोषण प्रोत्सहन सहयोग गर्ने नीति लिइनेछ। साथै प्रसुति पश्चात स्वास्थ्यकर्मी परिचालन गरी बच्चा जन्मिएको २४ घण्टा, ३ दिन र ७ दिनमा साथै आवश्यकता अनुसार घरैमा गइ आमा र बच्चाको स्वास्थ्य जाँचको व्यवस्था मिलाउने निती लिइनेछ।

झ) अति बिपन्न , दलित र अल्प संख्यक समुदायका सुत्केरी आमा हरुलाई पोशिलो खाध्य सामग्री उपलव्ध गराई आमा र शिशुको पोषण अवस्था लाई सदृढ गर्दै लगिने छ।

ञ) अति बिपन्न , दलित र अल्प संख्यक समुदाय र बेसाहारा बिरामिको उपचार खर्च अभाव भै स्वास्थ्य सेवा बाट बन्चित हुनु नपरोस भन्नका लागी आवश्यक उपचार खर्चको व्यवस्था मिलाइने छ।

१०३ स्वास्थ्य स्वयंसेविकाहरुको वृत्ति विकास अन्तर्गत स्वयंसेविका सुरक्षा कोषको व्यवस्था मिलाउन निशुल्क स्वास्थ्य विमा गर्ने निती लिइनेछ र अवकाश प्राप्त गर्ने स्वयं सेविकाहरुलाई दिर्घ सेवा सम्मान प्रदान गरिने नीति लागु गरिनेछ।

- स्वयंसेविकाहरुलाई खोप सञ्चालन घरभेट कार्यक्रम र आमासमुहमा छलफल साथै मासिक बैठकमा सहभागी भै समुदयको समग्र स्वास्थ्य अवस्था माथी पुर्याउन महत्वपुर्ण भुमिका निर्वाह गरेबापत प्रोत्सान स्वरुप मासिक रुपमा दिइदै आएको यातायात खर्चलाई क्रमश बृद्धी गरिदै लगिने छ।

-स्वास्थ्यकर्मी र स्वास्थ्य स्वायंसेविका परिचालन गरी मोबाइल एप्लिकेशनको माध्यमबाट गर्भावस्था देखि सुत्केरी अवस्था र २ बर्ष सम्मका बालबालिकाहरुको स्वास्थ्य लेखाजोखा गर्न मेडिको मोबाइल

कार्यक्रम संचालनमा ल्याइने छ ।
-मातृ तथा नवशिशु कार्यक्रमलाई निरन्तरता दिने नीति अवलम्वन गरिनेछ ।
-स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरुको परिचालन समुदाय स्तरमा गरी बालबालिका हरुको पोषण लेखाजोखा कार्यक्रम संचालन गरी कुपोशित बालबालिका पत्ता लगाई उपचारको दायरामा ल्याउने व्यवस्था मिलाइने छ ।
- ५ वर्ष मुनिका कुपोषित बालबालिकाको उपचार गर्नका लागि कमल नगर अस्पताल र लखनपुर स्वास्थ्य चौकीमा कुपोषित बालबालिकाको उपचार केन्द्र (OTC Center) सन्चालन लाई निरन्तरता दिइने छ ।
-२ वर्ष मुनिका सबै बालबालिकालाई बालभिटा उपलब्ध गराउने नीति लिइनेछ ।
-पुर्णखोप सुनिस्चितताका लागी सवै वडामा नियमित खोप कार्यक्रम लाई निरन्तरता दिदै आवश्यक्ता अनुसार खोप केन्द्रको विस्तार गर्दै लगिनेछ । साथै पुर्ण खोप सुनिस्चितताका लागी खोज र खोपको निति लाई अवलम्बन गरिने छ ।

१०४ किशोर किशोरीहरु लक्षित कार्यक्रम तथा परिवार योजना र प्रजनन स्वास्थ्य कार्यक्रम संचालन तथा किशोर किशोरी मैत्री स्वास्थ्य संस्था स्थापना गरी संचालनमा ल्याउने निती लिइनेछ ।

१०५ विद्यार्थीहरुको स्वास्थ्य परीक्षण तथा स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा निशुल्क स्वास्थ्य परिक्षण शिविर संचालन तथा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।

१०६ अपागंता भएका नागरीकहरुका लागि नि:शुल्क स्वास्थ्य शिविर संचालन गर्ने नीति लिइनेछ ।

१०७ नसर्ने रोगको रोकथामका लागी समुदाय स्तरमा सामाजिक व्यबहार परिबर्तनका कार्यक्रमहरु संचालनमा ल्याइने छ । साथै सुगर र प्रेशरका रोगिहरुका लागी निशुल्क उपलव्ध हुने औषधिहरु सवै स्वास्थ्य स्वास्थ्य संस्था बाट आवश्यक्ता अनुसार व्यवस्थापन मिलाइने छ ।

१०८ स्वास्थ्य संस्थाहरुको गुणस्तर सुधारका लागी आवश्यक व्यवस्था मिलाइनेछ ।

१०९ सुरक्षित मातृत्व कार्यक्रमका लागि पोर्टेबल भिडियो एक्सरेको व्यवस्था गरी प्रत्येक स्वास्थ्य सस्थाहरुमा नि:शुल्क गर्भवती आमाहरुको भिडियो एक्सरे गर्ने व्यवस्था मिलाइनेछ ।

११० सबै स्वास्थ्य सस्थाहरुमा अक्सिजन सिलिण्डर व्यवस्था गरी अक्सिजन लिनुपर्ने विपन्न बिरामीहरुको लागि प्रयोग गर्न उपलव्ध गराउने व्यवस्था गरिनेछ ।

१११ नेपाल रेडक्रस सोसाइटी, दमकसंग समन्वय र सहकार्य गरी व्लड बैंक स्थापनाको लागि पहल गरिनेछ ।

**लैंगिक समावेशीकरण तथा महिला सशक्तिकरण**

११२ आगामी ४ वर्ष भित्रमा महिलाहरुलाई विभिन्न सिप विकास तालिम आवश्यकताको आधारमा सञ्चालन गरी आर्यआर्जनमा आत्मनिर्भर बनाउने निती अवलम्बन गरिनेछ ।

११३ हिंसामा परेका महिलाहरुलाई छिटो छरितो सेवा प्रवाह गर्नका लागि हिंसा निवारण कोषलाई क्रियाशिल बनाई लैङ्गिक हिंसा विरुद्धका कार्यक्रम सञ्चालन गरी हिंसा मुक्त गाउँपालिका बनाउने निति लिइनेछ ।

११४ गाउँपालिकामा रहेका सामुदायिकतर्फका आधारभुत विद्यालय र माध्यमिक विद्यालयका छात्रालाईलक्षित गरी सेनिटरी प्याड वितरणलाई निरन्तरता दिई छात्राको जनेन्द्रीय अंगहरुमा हुने रोगलाई न्युनिकरण गर्ने निति लिइनेछ ।

११५ गाउँपालिका भित्र संचालित सामुदायिक विद्यालय र बाल विकास केन्द्रलाई व्यवस्थित र बालमैत्री वातावरण बनाउने नीति अवलम्बन गरीनेछ ।

११६ गाउँपालिकामा बालबालिका हराउने,बेबारिसे फेला पर्ने, लागुपदार्थ दुर्व्यसनी, मानव बेचबिखन तथा

ओसारपसार, हिंसा, दुर्व्यवहार, शोषण तथा अन्य जोखिममा पर्ने सक्ने भएकोले बालबालिकाको संरक्षणका लागि नेपाल प्रहरीसंग सहकार्य गरी स्थलगत रुपमा सचेतना कार्यक्रम सञ्चालन गर्ने निति लिइनेछ ।

११७ वैदेशिक रोजगारलाई निरुत्साहित गर्न आवश्यकतामा आधारित युवा लक्षित सिप विकास कार्यक्रम सञ्चालन प्रविधि हस्तान्तरण सहित अनुदान कार्यक्रम संचालन गरी युवाहरुलाई रोजगार बनाइनेछ ।

११८ सबै अपाङ्गता भएका व्यक्तिहरुलाई सूचीकृत गरी आवश्यकता तथा क्षमताको आधारमा सिप विकास तालिम प्रदान गरी क्षमता अभिवृद्धिका साथै आयआर्जनका लागि उत्पादनशिल क्षेत्रमा आबद्धता गर्ने नीति अवलम्बन गरिनेछ ।

११९ ज्येष्ठ नागरीकहरुमा भएको मौलिक ज्ञान तथा सिपहरुलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नका लागि अन्तरकृया कार्यक्रम सञ्चालन गरिनेछ ।

१२० गाउँपालिकालाई मिति २०८० भाद्र २९ गते सम्म बालमैत्री गाउँपालिका घोषणा गरी सोही बमोजिम बालबालिकाका कार्यक्रमहरु संचालन गरिनेछ ।

१२१ तालिममा सहभागी प्रशिक्षार्थीहरुको अभिलेखलाई व्यवस्थित गरी तालिम बमोजिम पेशा अपनाउन प्रोत्साहन गरिनेछ ।

१२२ लैंगिक विभेद अन्त्य गर्दै लैंगिक समानता र सामाजिक समावेशिकरण सम्बन्धी नीति तथा कार्यान्वयन गरिनेछ ।

१२३ टोल विकास संस्थाहरुको कार्यसंचालनका लागि आवश्यक बजेट व्यवस्था गर्ने नीति लिइनेछ । साथै विकास कार्यक्रमहरु टोल विकास संस्थाहरुलाई प्रभावकारी रुपमा सहभागी गराइने नीति लिईनेछ ।

१२४ हिंसा पिडित महिला तथा बालबालिकाहरुका लागि आवश्यकता अनुसार लैंगिक हिंसा निवारण कोषको उपयोग गरी हिंसा न्यूनिकरणमा सहयोग गरिनेछ ।

१२५ गाउँपालिकाको बजेट तथा कार्यक्रममा लैंगिक उत्तरदायी बजेट परीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

१२६ बजार क्षेत्रहरुमा र सुकुम्बासी बस्तीहरुमा खानेपानी उपभोक्ता समितिहरुसंग समन्वय गरी धारा जडान गर्ने व्यवस्था मिलाइनेछ ।

१२७ बाल कोष स्थापना गरिनेछ ।

## भौतिक पूर्वाधार

१२८ पूर्वाधार योजना तर्फ बढी लागत सहभागिता हुने योजनालाइ पहिलो प्राथमिकता दिएर संचालनमा ल्याइनेछ । साथै वातावरण मैत्री योजना निर्माणमा जोड दिइनेछ ।

१२९ गाउँपालिका क्षेत्रभित्र विभिन्न सामुदायिक भवन निर्माण कार्यलाई व्यवस्थित गर्नका लागि लागत साझेदारीलाई प्राथमिकता दिइनेछ ।

१३० सबै वडा कार्यालयको संरक्षणको लागि घेरावारा गर्ने र वडा कार्यालयसम्मको पहुँच मार्गलाइ स्तरोन्नती गरिनेछ ।

१३१ गाउँपालिकाको प्रशासकिय भवन निर्माणलाई प्राथमिकतामा राखी कार्य गरिनेछ साथै गाउँपालिका भवन, वडा कार्यालय भवन, अस्पताल, स्वास्थ्य चौकी लगायतका भवनमा क्रमशः सौर्य उर्जा प्रणालि जडान गर्दै लगिनेछ ।

१३२ सडक सन्जाललाइ व्यवस्थित र भरपर्दो बनाउनका लागि मुख्य मुख्य सडकहरुलाइ स्तरोन्नती गर्दै कालोपत्रे गरिनेछ ।

१३३ गाउँपालिकाका निर्माणाधिन अधुरा तथा क्रमागत योजनाहरुलाइ पहिलो प्राथमिकतामा राखेर निर्माण गरिनेछ ।

१३४ गाउँपालिकाको आवधिक योजना तथा सडक गुरुयोजना निर्माण गरी सोही अनुसार आयोजनाहरु कार्यान्वयन गरिनेछ ।

१३५ २० फिट भन्दा न्यूनतम चौडाई भएका सडकहरुको कालोपत्रे नगरिने नीति लिइने छ । तर सहरीकरण भै सकेका/ वस्ती बसी सकेका, सडक चौडा गर्न नमिल्ने स्थानमा MTMP को मापदण्ड मा असर नपर्ने गरि २० फिट सम्मका सडकहरुलाई टायल ब्लक लगाउने कार्य लाई प्राथमिकता दिइनेछ । यस्तो कार्यमा उपभोक्ताले अनिवार्य रुपमा ३० प्रतिशत लागत साझेदारी व्यहोर्नु पर्ने व्यवस्था मिलाइने छ । ड्रेन सहित २० फिटे भन्दा कमका सडकमा स्तरोन्नती नगरिने यस अघिको व्यवस्थालाई निरन्तरता दिइने छ ।

१३६ पूर्वाधार निर्माणलाई गुणस्तरीय बनाउने उद्देश्यले कंक्रिटजन्य सामानहरुको ल्याव परीक्षण गाउँपालिकामा नै स्थापना भएको ल्याबलाई व्यवस्थित गरी परीक्षण कार्य गरिनेछ ।कार्यालयको आफ्नै ल्यावबाट नहुने कार्यको परीक्षण मात्र अन्यत्रबाट गराइनेछ ।

१३७ पालिका तथा वडाबाट सन्चालन हुने पूर्वाधार तर्फको आयोजनाहरुको हकमा १५ लाख सम्म उपभोक्ता समितिबाट संचालन गरिनेछ ।

१३८ भू उपयोग नीति कार्यान्वयन गर्ने नीति लिइनेछ ।विकास निर्माण कार्यको पारदर्शिता, प्रभावकारिता, दिगोपना र गुणस्तरीय बनाउन अनुगमन तथा मूल्याँकन कडाइका साथ गरिनेछ । साथै आयोजना तथा कार्यक्रमहरु तर्फ रु. चार लाखसम्म विनियोजित आयोजनाहरु वडास्तरीय अनुगमन समितिको सिफारिस र सो भन्दा बढी लागतका आयोजना तथा कार्यक्रमहरु गाउँपालिका स्तरीय अनुगमन समितिको सिफारिसको आधारमा भुक्तानी दिइनेछ ।

१३९ उपभोक्ताबाट सन्चालन हुने आयोजना मध्ये कंक्रिटजन्य आयोजनाहरुर ग्राभेलजन्य आयोजनाहरुको हकमा १० प्रतिशत अनिवार्य रुपमा नगद लागत सहभागिता अनिवार्य गरिनेछ । लागत सहभागिता बापतको रकम उपभोक्ता समितिले आफ्नो बैंक खातामा राखेको भौचर प्राप्त भएपछि मात्र आयोजना सम्झौता गरिनेछ । हेभि स्ट्रक्चरका आयोजना वा ठूला मेशिन प्रयोग हुने वा उपभोक्ताको जनश्रमदानबाट सन्चालन हुन नसक्ने जटिल प्रकृतिका कार्यहरु उपभोक्ता मार्फत आयोजना सन्चालन गरिने छैन । उपभोक्ताबाट सन्चालित आयोजनाको मर्मत सम्भारको व्यवस्थाका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाईनेछ । भूउपयोग नीति बमोजिम नयाँ सडकका ट्र्याकहरु खोलिने छैन ।

१४० गाउँपालिका क्षेत्रमा गाउँपालिकाबाट निर्माण गरिने सडकको महत्व र दुरीको आधारमा नाला सहित निम्नानुसार चौडाई निर्धारण गरिएको छ भने उल्लेखित मापदण्डमा देहाय बमोजिम सहभागितामा मात्र सञ्चालन गरिने छ ।

(क) स्तरोन्नति ३० फुटको सडक (१० प्रतिशत)
(ख) स्तरोन्नती २० फुटको सडक (२० प्रतिशत)

सडक विस्तारको सम्भावना नरहेको सडकको हकमा ग्राभेल, कालोपत्रे र स्तरोन्नती २० फुट भन्दा तल १० फुटसम्मका गल्ली सडकमा ३० प्रतिशत साथै माटो पुर्ने काम तथा १० फुट भन्दा कम चौडा भएका संरचना निर्माण भई चौडाई विस्तार हुन नसक्ने सडकहरु ६०/४० साझेदारीमा सडक निर्माण गरिनेछ र विपन्न तथा सुकुम्बासी बस्तीमा रहेका १० फुट भन्दा साना सडकमा गाउँपालिकाको निर्णयानुसार लगानी गर्ने नीति लिइनेछ ।

## संस्थागत विकास, सेवा प्रवाह र सुशासन

१४१ गाउँपालिकाको श्रोतसाधन, सेवा केन्द्र, नागरिकहरुको पेशा तथा व्यवसाय, सामाजिक आर्थिक अवस्था र रोजगारीको अवस्था सहितको विवरण सहितको वस्तुस्थिति विवरण सहित विद्युतिय स्थानीय तह पार्श्वचित्र (Digital LG Profile) तयार गरिनेछ ।

१४२ गाउँपालिकाबाट प्रदान हुने सेवा प्रवाह गर्दा जनप्रतिनिधि र कर्मचारीहरुले मुस्कान सहितको सेवा प्रवाह गर्नु पर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

१४३ गाउँपालिकाको प्रशासनिक कार्यलाई व्यवस्थित बनाउन गाउँपालिकाको प्रशासनिक भवन बनाउनका लागि बजेट विनियोजन गरिनेछ ।

१४४ आन्तरिक प्रशासनलाई चुस्त, दुरुस्त र व्यवस्थित रुपमा सन्चालन गरि सेवा प्रवाहलाई नागरिक मैत्री बनाइने छ । कानुनले तोकेको आचरण पालना नगर्ने र आफूलाई तोकेको जिम्मेवारी पुरा नगर्ने कर्मचारीको मूल्यांकनलाई कार्य सम्पादन मुल्यांकनसँग आवद्ध गरिनेछ । साथै कार्यालय समयको पालना, कर्मचारी पोषाक तथा परिचयपत्र लगाउने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

१४५ कानून निर्माण गरी २ वर्ष अवधि पुरा भइसकेका गाउँपालिका तथा मातहतका शाखा, वडा कार्यालय, स्वास्थ्य शाखा, तथा गाउँपालिकाको अनुदानमा नियुक्त गरिएका करार कर्मचारीहरुको लागि आवश्यक श्रोतको व्यवस्थापन गरी योगदानमा आधारित सामाजिक सुरक्षा कोष वा संचयकोष कार्यक्रम संचालन गर्ने नीति लिइएको छ ।

१४६ सबै राष्ट्रसेवक कर्मचारीहरुलाई कार्य सम्पादनमा सकारात्मक प्रभावका लागि प्रोत्साहन गरिने नीति लिइनेछ ।

१४७ सेवा प्रवाहलाई चुस्त दुरुस्त र प्रविधि मैत्री बनाइनेछ । कार्यालयका सबै सूचनाहरु सुचना अधिकारी मार्फत प्रवाह हुने व्यवस्था मिलाई सबै प्रकारका सूचनाहरु कार्यालयको वेभ पेजमा अनिवार्य रुपमा सार्वजनिक हुने व्यवस्था मिलाईने छ ।

१४८ सबै वडा कार्यालयहरुमा फाइवर लिंक जडान भईसकेकोले सूचना प्रवाहआदान प्रदान, व्यवस्थित हुने विश्वास लिइएको छ । साथै वडा कार्यालयहरुसंगको सबै गतिविधिहरुको लिंक गर्ने कार्यलाई जोड दिइनेछ ।

१४९ महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण प्रतिवेदनमा औंल्याइएको बेरुजुहरुलाई यकिन गरि तोकिएको समयमा बेरुजु फछ्यौट गर्ने व्यवस्था प्रभावकारी ढंगले बढाईने छ । वित्तीय सुशासन र पारदर्शिता कायम हुने गरि मात्र खर्च गर्ने व्यवस्थालाई कडाईका साथ पालना गरिने छ ।

१५० सुशासन कायम गर्ने परिधिभित्र रहेका विभिन्न विषयगत समितिलाई सक्रिय, नियमित र चलायमान बनाउँदै समितिको प्रतिवेदन तथा सुझावका आधारमा अगाडि बढ्ने नीति गाउँपालिकाले अवलम्वन गर्ने छ ।

१५१ सूचनाको हक सम्बन्धी कानूनले प्रत्याभूत गरेका विषयहरुलाई गाउँपालिकाले सुचना केन्द्रबाट सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

१५२ गाउँपालिकाको सबै प्रकारका गतिविधीहरु समेटेर बुलेटिन प्रकाशन गर्ने व्यवस्था मिलाइनेछ ।

१५३ पालिका भित्रका र स्थानीय तहसँग सम्बन्धित सबै प्रकारका सूचनाहरु सरोकारवालाहरुलाई उपलब्ध हुने व्यवस्था मिलाईनेछ ।

१५४ गाउँपालिका र वडा कार्यालयहरुमा डिजिटल सुचना बोर्ड मार्फत सुचना प्रवाह गर्ने व्यवस्थालाई क्रमशः कार्यान्वयन गर्दै लगिनेछ ।

१५५ कर्मचारीहरुको क्षमता अभिवृद्धिका लागि सम्बन्धित विषयमा TOT तालिम अन्य निकायसंग सहकार्य गरी प्रदान गर्ने नीति लिइनेछ ।

१५६ जनप्रतिनिधिहरु तथा कर्मचारीहरुको सीप तथा क्षमता अभिवृद्धिको लागि आवश्यक तालिम, गोष्ठी तथा

अध्ययन अवलोकन भ्रमण कार्यक्रमलाई परिणाममुखी बनाईनेछ ।

१५७ गाउँपालिका कार्यालयको मानव संशाधन पर्याप्त नभएका क्षेत्रमा सम्बन्धित विषयका विज्ञहरुलाई सहजकर्ता वा विशेषज्ञको रुपमा प्रयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

१५८ गाउँपालिकाबाट प्रवाहहुने सम्पूर्ण सेवा र विकास निर्माणमा हुनसक्ने भ्रष्टाचार, अपारदर्शिता तथा ढिलासुस्तीमा शुन्य सहनशीलताको नीति अख्तियार गरिनेछ ।

१५९ आधारभुत वस्तु तथा सेवाको सहज आपूर्ति र गुणस्तर कायम गर्न नियमित रुपमा बजार अनुगमन गर्ने र यस्तो अनुगमनमा उपभोक्ताहरुलाई समेत संलग्न गराइनेछ ।

१६० गाउँपालिका भित्रका सार्वजनिक तथा सरकारी जग्गाहरुको खोज तथा अध्ययन गरी अभिलेख राखी त्यस्ता जग्गाहरुको संरक्षण गरिनेछ ।

## वन, वातावरण तथा विपद् व्यवस्थापन

१६१ ठूला पूर्वाधार आयोजनाहरुको कार्यान्वयन गर्दा त्यस्ता आयोजनाहरुले वातावरणमा पार्ने प्रभाव असर न्यूनकिरणको लागि प्रारम्भिक वातावरण परीक्षण (IEE) र वातावरण प्रभाव मूल्यांकन (EIA) अध्ययन गरी आयोजनाहरुको कार्यान्वयन गरिनेछ ।

१६२ यस गाउँपालिका क्षेत्र भित्र रहेका खाली जग्गाहरुमा हरियाली प्रवर्द्धन तथा वनको संरक्षण र सुधार गर्नका लागि खाली जग्गाहरुमा वृक्षारोपण कार्य, जल संरक्षण, जमिन तथा वातावरणको संरक्षण र सौन्दर्यकरणको प्रवर्द्धन गरिनेछ ।

१६३ पोखरी संरक्षण, नदी नियन्त्रण र स्थानीय जलाधारहरुको संरक्षणको लागि अन्य निकायहरुको सहकार्यमा गरिनेछ ।

१६४ उच्च जोखिमयुक्त क्षेत्रको नक्सांकन गरी जोखिमको विश्लेषण तथा न्यूनीकरणको योजना तयार गरिनेछ ।

१६५ विपद् व्यवस्थापन कोष मार्फत आवश्यकता अनुसार विपद् पूर्व तयारी, विपद् न्यूनीकरण अभिमुखिकरण, प्रति कार्य र पुर्नस्थापनाको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

१६६ भूकम्पीय जोखिम न्यूनिकरणको लागि भुकम्प प्रतिरोधि भवन तथा संरचना निर्माण कार्यलाई प्राथमिकता दिई बीमासंग आबद्धता गर्ने नीति लिइनेछ ।

१६७ फोहोर व्यवस्थापनलाई दिगो रुपमा अगाडि बढाउनका लागि स्थायी फोहोर संकलन केन्द्रको व्यवस्थापनको लागि संभाव्यता अध्ययन गरिने छ ।

१६८ आपतकालिन सुचना केन्द्र स्थापना गरिनेछ ।

## सूचना तथा संचार

१६९ स्थानीय संचार गृहहरुको सुदृढीकरण गर्दै संचार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरु सम्प्रेषण गर्ने नीति अवलम्बन गर्नेछ ।

१७० गाउँपालिकाका निर्णय तथा सूचनाहरुमा स्थानीय संचार संस्थाहरुको पहुच बढाई स्थानीयस्तरमा प्रचार प्रसार गर्ने नीति लिइनेछ ।

१७१ नागरिकहरुको सूचनाको हकको सम्मान गर्दै गाउँपालिकालाई सूचना मैत्री कार्यक्रमलाई अघि बढाइनेछ । साथै विज्ञापन तथा सूचनाहरुको स्थानीय संचार संस्थाहरुलाई प्राथमिकता दिइनेछ ।

१७२ स्थानीय टेलिभिजनसंगको सहकार्यमा आवश्यकता अनुसार टेलिभिजन कार्यक्रम संचालन गरिनेछ ।

## न्यायिक कार्यक्रम

१७३ न्यायिक समितिको अधिकारक्षेत्रमा रहेका विवादहरुको शिघ्र निरुपणको लागी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक रणनीति तयार गरी कानूनहरुको प्रबन्ध मिलाईने नीति लिइनेछ ।

१७४ न्यायिक समितिका पदाधिकारीहरुको क्षमता अभिवृद्धि तथा विषयगत ज्ञानलाई बढाबा दिइने नीति लिइनेछ ।

१७५ हालसम्म पारित भएका सबै ऐन, कानूनलाई संकलन गरी प्रकाशन गरेर राखि व्यवस्थित गरिनेछ ।

१७६ स्थानीय बासिन्दाको न्याय सम्पादनमा सहजत प्रदान गर्नका लागी कमल गाउँपालिकामा छुट्टै इजलाश कक्षको व्यवस्था गरिनेछ ।

१७७ न्याय सम्पादनलाई थप टेवा पुचाउन सबै मेलमिलापकर्ताको क्षमता अभिवृद्धि मेलमिलाप केन्द्रहरुलाई सुविधायुक्त मेलमिलापकेन्द्रको रुपमा स्थापना गर्ने रणनीति लिइनेछ ।

१७८ न्याय सम्पादन कार्यलाई डिजिटलाइज गर्नका लागी न्यायिक सफ्टवेयर, न्यायिक सूचना डिजिट बोर्डको व्यावस्था मिलाई डिजिटल जष्टिक सिष्टम तयार गरी लागु गर्ने लक्ष्य लिइनेछ ।

१७९ विपन्न नागरिकको न्यायिक निरुपणमा पहुँच पुचाउन विपन्न नागरिक न्यायिक सहायता कोषको स्थापना गरी परिचालन गरिने नीति लिइनेछ ।

## राजश्व नीति

१ आन्तरिक आय व्यवस्थापन र परिचालनलाई आवश्यकता अनुसार नीति बनाई थप प्रभावकारी बनाइनेछ ।

२ आन्तरिक आयका सम्भाव्यता अध्ययन गरी राजश्व बाडफाड, अन्तर सरकारी वित्त हस्तान्तरण, गै.स.स.को श्रोत परिचालन, स्थानीय सरोकारवाला निकायहरुसंग साझेदारीगरी आन्तरिक आय बढाउने नीति लिइनेछ ।

३ करको दरलाई न्यूनतम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइ प्रगतिशिल कर अवलम्बन गरी नागरिकहरु बीचको असमानता न्यूनिकरण गरी कर प्रणालीलाई वैज्ञानिक बनाइनेछ ।

४ कर दाता अभिलेख व्यवस्थापनलाई सुदृढ गर्दै उत्कृष्ट कर दाताहरुलाई पुरस्कृत र सम्मानीत गरेर करदाताहरुलाई कर तिर्न प्रोत्साहन गरिनेछ ।

५ व्यवसाय करको संकलनलाई व्यवस्थित गरी राजश्व संकलन अभिवृद्धि गर्ने साथै घर बहाल करलाई करको दायरामा ल्याईने नीति लिइनेछ ।

६ करदाता मैत्री सूचना प्रविधि उपयोगका लागि सम्भाव्यता अध्ययन गरी क्रमश: कार्यान्वयन गर्दै लगिने नीति लिइनेछ ।

७ ढुंगा, गिटी, बालुवा जस्ता नदीजन्य पदार्थहरुको ठेक्का व्यवस्थापन अन्तरपालिका समन्वय गरी बिक्री गर्ने नीति अवलम्बन गरिनेछ ।

८ राजश्व संकलनलाइ प्रभावकारी बनाउन परामर्श सहितको घुम्ती व्यवसाय दर्ता सेवा कार्यक्रमलाई प्रत्येक बजारमा गई राजश्व संकलन अभिवृद्धि गरिनेछ ।

९ गाउँपालिकाको राजश्व संकलन अभिवृद्धिका अध्ययन तथा अनुसन्धान गरिनेछ ।

**अनुसूची-५ को ५**

**दफा १७ को उपदफा ३ संग सम्बन्धित**

**सामाजिक जिम्मेवारी तथा कार्य सम्पादनको लेखाजोखा**

**(बृहत छलफलमा प्रस्तुत गरिएको)**

| सामाजिक जिम्मेवारीको क्षेत्र | आ.व.०७९।०८० को अवस्था | आ.व.०८०/०८१ को प्रयास | आ.व.०८०/०८१ का उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य क्षेत्र** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायातको पहुँच भएको घरधुरी संख्या | ११ वटा खोप केन्द्र, ६ वटा गाउँघर क्लिनिक, १ वटा हेल्थपोष्ट, ५ वटा आधारभूत स्वास्थ्य केन्द्र, १ वटा बर्थिङ सेन्टर, १ वटा सामुदायिक स्वास्थ्य इकाई केन्द्र, १ वटा प्रस्तावित कमल नगर अस्पताल, प्रदेश आयुर्वेदिक अस्पतालसम्म सहज यातायातको पहुँचको लागि बाटो ग्राभेल, पिच, कल्भर्ट निर्माण, सडक स्तरोन्नती लगायतका कार्य भएको । | कमल पालिका अस्पताल सञ्चालनमा आएको वडा नं. ३ र ४ को आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न गरिएको । ११ वटा खोप केन्द्र, ६ वटा गाउँघर क्लिनिक, १ वटा हेल्थपोष्ट, ५ वटा आधारभूत स्वास्थ्य केन्द्र, १ वटा बर्थिङ सेन्टर, १ वटा सामुदायिक स्वास्थ्य इकाई केन्द्र, २ वटा डट्स सेन्टर, १ प्रदेश आयुर्वेदिक अस्पताल । वडा नं. १ मा रहेको आधारभूत स्वास्थ्यकेन्द्र जाने बाटो निर्माणको काम भएको । वडा नं. ४ को राजमार्गमा रहेको आधारभूत स्वास्थ्य केन्द्रलाई नागरिकहरुको स्वास्थ्य सेवाको पहुँच सहज बनाउन डाँफे टोलमा आफ्नै भवनबाट सेवा सञ्चालनमा ल्याइएको । वडा नं. ५ मा वडा कार्यालय परिसरमा रहेको स्वास्थ्य संस्थालाई नयाँ भवनमा व्यवस्थित गरिएको । | कमल पालिका अस्पतालबाट बिमा सहितको मेडिकल अफिसरबाट सेवा प्रवाह गर्न सकिएको । वडा नं. १ देखि वडा नं. ७ सम्म सबै नागरिकमा आधारभूत स्वास्थ्य उपचारको पहुँच सुनिस्चित देखिन्छ । सबै स्वास्थ्य संस्थाहरु आधारभूत रुपमा राज्यकै भौतिक संरचनाबाट सेवा प्रवाह गर्न सफल देखिन्छ । |
| ५ बर्ष मुनिका बालबालिकाहरुको शिशु मृत्युदर/बालमृत्यु दर (प्रतिहजार जीवित जन्ममा) प्रतिशत । | फोलिक एसिड चक्की वितरण गरिएको ।<br>नव शिशु जाँच कार्य गरिएको ।<br>जन्म पश्चात सुत्केरी आमा तथा नवजात शिशुको (Postnatal Chekup) जाँच पर्ताल कार्य गरिएको ।<br>सुरक्षित प्रसूतिका लागि BEOC Monitoring क्लिनिकल अपडेट गरी सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला बितरण जस्ता कार्यक्रम संचालन भएको । | बाल मृत्युदर न्युन रहेको ।<br>सुनौलो हजार दिन कार्यक्रम सञ्चालन गरिएको ।<br>फोलिक एसिड चक्की वितरण गरिएको ।<br>विपन्न सुत्केरी आमालाई रु. ३०००। बराबरको पोषिलो सामग्री वितरण कार्यक्रम ।<br>ए.एन.सि. प्रोटोकल भिजिट पुरागरी आएका गर्भवती महिलाहरुलाई पोषण सम्बन्धि कार्यक्रम अन्तर्गत प्रोत्साहन खर्च प्रति व्यक्ति १ हजार प्रदान गरिएको ।<br>सुरक्षित प्रसूतिका लागि स्वास्थ्य संस्थामा सेवा लिन आएका आमाहरुलाई प्रोत्साहन स्वरुप १ हजारका दरले प्रदान गरिएको । BEOC Monitoring क्लिनिकल अपडेट गरी सुत्केरी तथा नवजात शिशुलाई न्यानो झोला बितरण जस्ता कार्यक्रम सञ्चालन भएको । | मातृ तथा शिशु मृत्युदर शुन्य बनाउन सफल ।<br>कुपोषणको दर घटेको ।<br>न्यून तौल भएका शिशुहरु कम हुँदै गएका । खोपका कार्यक्रमहरु प्रभावकारी देखिन्छ । |

| | | | |
|---|---|---|---|
| | | खोप कार्यक्रम सञ्चालन गरिएको ।<br>नव शिशु जाँच कार्य गरिएको ।<br>जन्म पश्चात सुत्केरी आमा तथा नवजात शिशुको (Postnatal Chekup) जाँच पर्ताल कार्य गरिएको | |
| खोपमा पहुँच भएको जनसंख्या (एक) बर्ष मुनिका बालबालिकाको आधारमा । | ११ वटा खोप केन्द्र मार्फत खोज र खोपको नीति अनुरुप बि.सि.जि ९४.८ %, जे.ई ९९.५% ।<br>खोप तर्फका कार्यक्रमहरु प्रभावकारी रहेको ।<br>नियमित खोपका कारण बच्चा बन्चित नभएको । | ११ वटा खोप केन्द्र मार्फत खोप संचालन गरी बि.सि.जि ८४.३ %, डि.पि.टि. पहिलो ८४.३%, दादुरा रुवेला पहिलो ९१.५%, जे.ई ८४.४% ।<br>ड्रप आउट (एउटा खोप) लगाएका र थप खोपका लागि सम्पर्कमा नआएका बच्चाहरुको खोजी गरी खोज र खोपको नीति अनुसार खोपाउने कार्य भएको ।<br>खोप कार्यकर्ताहरुलाई जिल्ला स्वास्थ्य समन्वय समिति मार्फत ८ जानले खोप सम्बन्धी तालिम प्राप्त गरेका । २०८० साल वैशाख र जेष्ठ २ महिना खोपको घरधुरी सर्वेक्षण सम्पन्न गरिएको । | २०८० साल वैशाख र जेष्ठ २ महिना खोपको घरधुरी सर्वेक्षण सम्पन्न गरिएको । जसबाट कुनै पनि वालवालिका खोप लगाउनबाट वञ्चित नभएको देखिन्छ किनकी दमक अस्पताल, आम्दा अस्पतालबाट पनि खोप प्राप्त गरेका कारण तथ्याङ्कमा कमि देखिए पनि नतिजामा पूर्ण खोप देखिन्छ । |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या /प्रतिशतमा । | प्रथम भिजिट ९६.२%, प्रोटोकल चौथो भिजिट ५८.६ %, मातृ मृत्युदरमा कमि आएको । गर्भजाँचमा सुधार भएको देखिन्छ । | प्रथम भिजिट ६२.७%,<br>प्रोटोकल चौथो भिजिट ८६.६ % ।<br>सबै स्वास्थ्य सस्थाबाट गर्भवती जाँच सेवा उपलब्ध गराइएको । डेलिभरीको लागि नि:शुल्क एम्बुलेन्स सेवा दिइएको । संस्थागत सुत्केरी र प्रोटोकल गर्भजाँच कार्यक्रमका लागि यातायात खर्च वापत रु. २०००।- प्रदान गरिएको । | मातृ मृत्युदर शुन्यमा आएको ।<br>पोषण सम्बन्धी आर्थिक सहयोगका कारण प्रोटोकल गर्भजाँचमा सुधार भएको । |
| दक्ष प्रसूतिकर्मीबाट प्रसूति गरिएका महिलाको संख्या /प्रतिशतमा । | दक्ष प्रसूतिकर्मीबाट आफ्नै बर्थिङ सेन्टरमा ११ प्रतिशतले संस्थागत सुत्केरी गराएको देखिन्छ । नजिकै रहेका ठूला अस्पतालहरुमा सेवा लिन गएको देखिन्छ । | मेडिकल अफिसरबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउने कार्यका लागि जनशक्ति व्यवस्थापन गरिएको ।<br>साथै SBA (जाँच पर्ताल) तालिम प्राप्त दक्ष स्वास्थ्यकर्मीबाट कमल गाउँपालिका अन्तरगत बर्थिङ् सेन्टरमा सेवाका लागि व्यवस्थापन गरिएको ।<br>डेलिभरीको लागि नि:शुल्क एम्बुलेन्स सेवा दिइएको ।<br>पोषण तथा न्यानो झोला कार्यक्रम सञ्चालन गरिएको ।<br>तालीमप्राप्त स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामा सुत्केरी गराउनुपर्छ भन्ने जनचेतनामूलक कार्यक्रम सबै स्वास्थ्य संस्थाबाट गरिएको ।<br>गर्भ जाँच गराउन आउने आमाहरुलाई घरमा सुत्केरी गराउनुहुन्न जसबाट आमा तथा बच्चाको ज्यान जान सक्छ भन्ने चेतनाका सन्देश प्रवाह गरिएको । | बढ्दो चेतनाका कारण शहरका सुविधा सम्पन्न अस्पतालमा सुत्केरी गराउने सोचका कारण दमकस्थित आम्दा अस्पताल, ओम मेची, नोवेल, बि.पी कोइराला धरानबाट प्रशुती गरिँदा नतिजामा कम अंक देखिए पनि ग्रामिण सर्वेक्षण २०८० लाई हेर्दा घरमा सुत्केरी गराउनेको संख्या न्युन देखिन्छ । |

| | | | |
|---|---|---|---|
| झाडा पखालाबाट मृत्यु हुने बाल बालिकाको संख्या । | प्रत्येक घरमा शौचालय निर्माण गरि सकिएको । खुल्ला दिसामुक्त गाउँपालिका घोषणा सम्पन्न भइसकेको । | प्रत्येक घरमा शौचालय निर्माण गरि सकिएको । खुल्ला दिसा मुक्त गाउँपालिका घोषणा भइसकेको । पानी तथा खानेकुराबाट सर्ने रोगहरुको विषयमा समुदायस्तरमा विभिन्न स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम्सेविकाहरुबाट जनचेतनामुलक कार्यक्रम संचालन गरिएको । | शून्य रहेको |
| **शिक्षा क्षेत्र** | | | |
| आधा घण्टाभित्र आधारभूत विद्यालय नपुग्ने बाल बालिकाको संख्या । | २१ सामुदायिक विद्यालय, २१ वटा बालबिकास केन्द्र, २ वटा सामुदायिक बाल विकास केन्द्र, नीजि विद्यालयहरु, मण्टेश्वरीसम्म सहज सडक पूर्वाधारका क्षेत्रमा लगानी गरिएको । | २१ सामुदायिक विद्यालय, २९ वटा संस्थागत विद्यालय, ३१ वटा बालबिकास केन्द्र, मध्ये २८ विद्यालयस्तर र ३ वटा समुदायस्तरका बाल विकास केन्द्र, ३ वटा धार्मिक विद्यालय, १ वटा सामुदायिक सिकाई केन्द्र नीजि विद्यालयहरु, मण्टेश्वरी सञ्चालनमा रहेका । विद्यालयसम्म जाने पहुँच मार्ग अधिकांश विद्यालयहरु सडक सञ्जालमा जोडिएको छ । वडा नं. ५ को सहिदरत्न आ.वि. जाने बाटो स्तरोन्नती गरिएको । | २०८० साल फागुन महिनामा विद्यालयका प्रधानाध्यापकहरुसँगको छलफलबाट आधारभूत तहमा आधा घण्टाभित्र बालबालिकाको विद्यालयमा पहुँच रहेको । |
| बाल शिक्षामा खुद भर्नादर । | कुल भर्ना संख्या १,८७७ मध्ये छात्रा ८३३ र छात्र १,०४४ । गत वर्षको तुलनामा यस वर्ष भर्ना हुने संख्यामा ठूलो सुधार भएको देखिन्छ । | विद्यालयस्तरमा २८ वटा र समुदायस्तरमा ३ वटा बाल कक्षा सञ्चालनमा रहेको । कुल भर्ना संख्या १,६५० मध्ये संस्थागतमा छात्रा ४०५ र छात्र ४५५ । सामुदायिकमा छात्रा ३८० र छात्र ४१० ।<br><br>सुविधा सम्पन्न १३ वटा बालविकास केन्द्र निर्माण गरिएको । विद्यालय मार्फत अभिभावक सचेतना कार्यक्रम संचालन गरिएको । दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको । फिल्टर सहितको शुद्ध पिउने पानीको व्यवस्थाको शुरुवात गरिएको<br>बालबिकास केन्द्रका सहयोगीका लागि ऊर्जा बढाउन विभिन्न तालिमका कार्यक्रम गरिएको । खेल सामग्री प्रदान गरिएको । | वाल विकास केन्द्र आउने उमेर समुहका सबै वाल वालिकाहरु वाल विकास केन्द्रमा ल्याउन सफल देखिन्छ ।<br>वालविकास केन्द्रहरु मध्ये १३ वटा वाल वालविकास केन्द्रमा वालिकाहरुलाई आउँआउँ लाग्ने वातावरण बनाएको देखिन्छ । |
| प्राथमिक विद्यालयमा पहुँच नभएका सो उमेर समूहका बाल बालिका संख्या वा प्रतिशत । | शतप्रतिशत । विद्यालय बाहिर बालबालिका नरहेको । | २१ सामुदायिक विद्यालय, २९ वटा संस्थागत विद्यालय सञ्चालनमा रहेका । वडा नम्बर १ देखि वडा नम्बर ७ सम्म सबै क्षेत्रबाट विद्यालयसम्म जाने पहुँचमार्गहरु निर्माण गरिएको । टाढा रहेका क्षेत्रमा र खोला पार गर्नुपर्ने ठाउँहरुमा पुलहरु प्राथमिकताका साथ निर्माण गरिएको । | सबै बालबालिका आधा घण्टा भित्र विद्यालयको पहुँचमा रहेका । |
| कक्षा १ मा खुद भर्नादर छात्र/छात्रा | जम्मा भर्ना भएका संख्या ८६७ जना ।<br>उमेर समुहका सबै बाल बालिका विद्यालय गएका ।<br>दिवा खाजा कार्यक्रमको व्यवस्थाबाट राम्रो प्रतिफल | ५० वटा (सामुदायिक र संस्थागत) विद्यालय मार्फत अभिभावक सचेतना कार्यक्रम संचालन गरिएको । सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको । दलित तथा अपांग छात्रबृत्तिका कार्याक्रमहरु संचालन गरिएको । विद्यालयमा शुद्ध पिउने पानीको | कमल गाउँपालिकाभित्रका सबै टोल बस्तीबाट विद्यालय उमेर समुहका सबै बालबालिका विद्यालय गएका । गत वर्षको बालकक्षा र यस वर्षको कक्षा १ को |

| | | | |
|---|---|---|---|
| | छात्रा ४१४ र छात्र ४५३ जना भर्ना भएका | सुविधा (फिल्टर सहितको ) गरिएको । शौचालय र सुविधासम्पन्न कक्षाकोठाको व्यवस्था । केही कक्षाहरुमा अंग्रेजी माध्यमका पुस्तक वितरण गरिएको ।<br>भर्ना सामुदायिकमा ४७१ मा । संस्थागतमा ३३० जना भर्ना भएका ।<br>जम्मा भर्ना भएका संख्या ८०१ जना । | भर्नाको तथ्यांकमा फरक देखिन्छ । अधिकाशं बालबालिका नर्सरी, एलकेजी र युकेजीमा पठनपाठन गरिरहेको कारण कक्षा १ को भर्नादरमा संख्यामा कमी आएको हो । |
| आधारभूत तहमा कक्षा छोड्ने दर | कक्षा छोड्ने दर २ % रहेको । | तालिम प्राप्त शिक्षकको व्यवस्था गरिएको । बालमनोविज्ञान, खेलकुद, अतिरिक्त क्रियाकलापका कार्यक्रम संचालन गरिएको । दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको । छात्रवृत्तिको कार्यक्रम संचालन गरिएको । | १.५प्रतिशत शिक्षक र शिक्षा शाखाको छलफलबाट । |
| कक्षा दोहोऱ्याउने दर | शुन्य रहेको | दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको । छात्रवृत्तिको कार्यक्रम संचालन गरिएको । | न्यून अवस्थामा कक्षा दोहोऱ्याउने दर रहेको |
| कक्षा उत्तीर्ण हुने दर | शत प्रतिशत | आधारभूत तहमा ग्रेड बृद्धिको व्यवस्था गरिएको ।<br>दिवा खाजा कार्यक्रमको व्यवस्था गरिएको । छात्रवृत्तिको कार्यक्रम संचालन गरिएको । | सरकारको नीतिअनुसार ग्रेडवृद्धि गरी कक्षा उत्तीर्ण भएका |
| आधारभूत तहमा तालिम प्राप्त शिक्षक संख्या | ९० प्रतिशत भन्दा माथि | १०० प्रतिशत । शिक्षण सिकाइको तालिम, शिक्षा विषयको अध्ययन । सेवाकालिन तालिम ८० प्रतिशत । | निजी स्रोतका केही शिक्षकले सेवाकालीन तालीम लिन बाँकी रहेको |
| प्रतिकक्षा कोठा विद्यार्थी संख्या । | तथ्याङ्क उपलब्ध नभएको । | माध्यमिक तहका धेरै विद्यालयहरुमा पछिल्लो समय अङ्ग्रेजी माध्यमको पठनपाठनका साथै शैक्षिक गुणस्तर सुधार भएका कारण केही विद्यालयहरुमा विद्यार्थीको चाप प्रोटोकलभन्दा बढी रहेको र ती विद्यालयहरुमा आवश्यक भौतिक पूर्वाधार निर्माणअन्तर्गत कक्षा कोठा थप, शौचालय व्यवस्थापन, ल्याबजस्ता सुधारका कार्यहरु गरिएको । साथै न्यून विद्यार्थी भएका विद्यालयहरुलाई मर्ज गर्दै लैजाने नीति अवलम्बन गरिएको । | माध्यमिक विद्यालयमा प्रति कक्षाकोठा विद्यार्थी संख्या सन्तोषजनक रहेको र आधारभूत तहका केही विद्यालयमा न्यून रहेको । |
| स्थानीय तहबाट सहयोग भएका विद्यालय संख्या | आवश्यकताका आधारमा गरिएको । | १० वटा कक्षाकोठा निर्माण, लैगिकमैत्री शौचालय निर्माण, खेलकुद मैदान निर्माण, कम्पाउन्ड वाल निर्माण ।<br>विद्युत पङ्खा जडान, कम्प्युटर खरिद तथा मर्मत, कम्प्युटर ल्याब स्थापनालगायतका कार्य गरिएको । | पूर्वाधार तर्फ आवश्यकताका आधारमा स्थानीय तहले सहयोग गर्दै गरेको पाइयो । |
| दलित बालबालिकाको शिक्षमा पहुँच | ११३३ जना<br>छात्रा ५८२ ।<br>छात्र ५५१<br>शिक्षामा पहुँच बढ्दै गएको ो | (क) आधारभुत तह कक्षा १ देखि ५ सम्मका छात्रा तथा छात्रलाई छात्रवृत्ति प्रदान गरिएको ।<br>(ख) आधारभूत तह कक्षा ६ देखी ८ तहमा छात्रा तथा छात्रलाई छात्रवृत्ति प्रदान गरिएको ।<br>ग) सामुदायिक विद्यालयमा कक्षा १२ सम्म १०९८ जना, छात्रा ५६७, छात्र ५३१<br>घ) कक्षा ८ सम्म ७५६ जना छात्रबृत्ति पाउँदै गरेको । | दलित बालबालिका दलित भएकै कारण शिक्षाको पहुँचबाट बाहिर नरहेको देखिन्छ । (फागुनमा भएको प्रधानाध्यापक सँगको बैठकको निष्कर्ष) |

| खानेपानी तथा सरसफाई | | | |
|---|---|---|---|
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | पालिका भित्रका अधिकांश नागरिक ट्युबेलको पानी पिइरहेका छन् | तोपगाछी खानेपानी आयोजना निर्माण सम्पन्न भई सञ्चालनमा आएको । समयगढ, लखनपुर, केराधाप र केर्खामा सञ्चालनमा । क्याम्पामा निर्माण सम्पन्न खानेपानी वितरण हुन बाँकी । गाउँपालिकाभर खानेपानी वितरण । लखनपुर जम्मा ४ वटा । पानीका श्रोतहरुको संरक्षण कार्य भएको । खानेपानीका लागि ट्युबेल वितरण गरिएको । खानेपानीको ओभरहेड टंकी निर्माण गरिएको । | वडा नम्बर १ का केही भागबाहेक अन्यत्र खानेपानी पाइपलाइन बिस्तार भइसकेको । गत वर्षको भन्दा केही सुधार उन्मुख रहेको । |
| शौचालय भएको विद्यालयको संख्या वा प्रतिशत । | अनुमानित ९९ प्रतिशत | कमल गाउँपालिकाका सामुदायिक तथा संस्थागत ५० वटै विद्यालयहरुमा शौचालय निर्माण भएको । कमल गाउँपालिकाका विपन्न परिवारका केही घरहरुमा साझेदारी शौचालय बाहेक सबै घरपरिवारमा एक घर एक चर्पी निर्माण प्रक्रिया पुरा भई खुल्ला दिशामुक्त गाउँपालिका घोषणा भइसकेको । | बढदो चेतनाका कारण सबै घर परिवारमा शौचालय निर्माण भएको र सबै नागरिकहरु शौचालयमै दिसा पिसाब गर्ने आनीबानीमा परिवर्तन आएको । |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय संख्या | ७० प्रतिशत | २१ वटा सामुदायिक र २९ वटा संस्थागत विद्यालयहरुमा खानेपानी धारा, ट्युववेल जडान गरी पिउने पानीको उपलब्धता भएको । | सबै विद्यालयहरुमा पिउने पानीको पहुँच स्थापित भएको । |
| शौचालय भएको परिवार संख्या/ | ९९.५ प्रतिशत | स्वास्थ्य संस्था, वडा कार्यालय, जनप्रतिनिधि, विद्यालयबाट शौचालय प्रयोग र सरसफाइसम्बन्धी आवश्यक ठाउँहरुमा विभिन्न जानकारीमूलक छलफल गरिएको । स्वास्थ्य उपचार गर्न आउने नागरिकहरुलाई शौचालय प्रयोग तथा सरसफाइको बारेमा सन्देश प्रवाह गरिएको । | कतिपय घरमा २ परिवारले एक शौचालयको प्रयोग भएपनि बाहिर शौच गर्नेको संख्या वडागत तथ्यांक संकलनमा नभेटिएको । |
| सुधारिएको चुलो भएको परिवार संख्या | सुधारिएको चुलो र बायो ग्याँसका कार्यक्रम सञ्चालन भएको | अधिकांश नागरिकले एलपि ग्याँसको प्रयोग गरेको देखिन्छ । बायोग्याँस निर्माण भएको । सुधारिएको चुलो तथा बायोग्याँस जडान कार्यलाई तीव्रताका साथ कार्य गरिएको । | विपन्न बस्तिका केही परिवार बाहेक सबैजसोले एलपी ग्याँस बायो ग्याँस विद्युतीय चुलो प्रयोग गरेको देखिन्छ । |
| **महिला, बालबालिका तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको संख्या | कमल गाउँपालिका वालमैत्री गाउँपालका रहेकोले वालविवाहको कुनै तथ्याङ्क नभएको । | कमल गाउँपालिका अन्तर्गतका विद्यालयहरुमा बाल क्लब सक्रिय रहेका, बाल सञ्जाल सक्रिय रहेको, साझेदार संस्थाहरु सक्रिय रहेका । जनचेतनामूलक सन्देश प्रवाह र बाल क्लब परिचालन र व्यवस्थापन सम्बन्धि तालिम संचालन गरिएको । प्रधानाध्यापकहरुसँगको बैठक तथा विभिन्न विद्यालयहरुमा गरिएको अनुगमनमा बालविवाह छिटपुट देखा परेको र त्यसको न्यूनीकरण कसरी गर्न सकिन्छ भन्ने बारे छलफल भएको । विवाह गरेर बालबालिकाहरु विद्यालय आएको सूचना प्राप्त भएको । | कोशी प्रदेशकै पहिलो बालमैत्री गाउँपालिका घोषणा भएको । |

| | | | |
|---|---|---|---|
| सामाजिक बिकृति र बिसंगती | महिला हिंसा बिरुद्धको १६ दिने अभियान कार्यक्रम संचालन गरिएको । सामाजिक बिकृतिका छिटफुट घटना हुने गरेको । | लैङ्गिक हिंसा नियन्त्रणमा पुरुष सहभागिता सहितको समविकास कार्यक्रम संचालन गरिएको सामाजिक विकास मन्त्रालय र राष्ट्रिय अपाङ्ग महासंघसँगको साझेदारीमा विभिन्न सामाजिक बिकृति र विसंगती विभिन्न गोष्ठी जस्ता कार्यक्रमहरु संचालन गरिएको । बालविवाह बालबालिकामा हुने हिँसा विरुद्धका सचेतना कार्यक्रम संचालन गरिएको । महिला हिंसा बिरुद्धको १६ दिने अभियान कार्यक्रम संचालन गरिएको । कुरीति, कुप्रथा, लैङगिक हिंसा, मानव बेचबिखन तथा ओसार पसार बिरुद्धका सचेतना कार्यक्रम संचालन गरिएको । यौनजन्य दुर्व्यवहार, श्रम शोषण, दाइजो प्रथा बिरुद्धका कार्यक्रमहरु संचालन गरिएको । | न्यायिक समिति र मेलमिलाप केन्द्र मार्फत सामाजिक बिकृति र बिसंगतिसँग सम्बन्धि उजुरी आउने गरेको र त्यस उजुरीलाई घटनाको प्रकृति हेरी परामर्श दिने, मेलमिलाप गराउने सम्मका कार्यहरु गरेको देखिन्छ । |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकल महिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जाती) | ज्येष्ठ नागरिक, एकल महिला, अपांगता, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जातीलाई सामाजिक सुरक्षाका कार्यक्रममा समेटिएको । महिला सशक्तिकरणका कार्यहरु भएको । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, अपांगता, लोपोन्मुख जातीहरुका लागि महिला सशक्तिकरण कार्यक्रम, अपाङ्गताका लागि परिचयपत्र वितरण, सहायक सामग्री वितरण । | कमल गाउँपालिकामा ज्येष्ठ नागरिक, एकल महिला, अपांगता, पिछडिएको क्षेत्र तथा लोपोन्मुख जातिलाई सामाजिक सुरक्षाका कार्यक्रममा समेटिएको । विपन्न परिवारको स्वास्थ्यमा पहुँच ल्याउन स्वास्थ्य बिमाको माध्यमबाट स्वास्थ्य उपचार कार्यक्रमबाट सरकारको अनुभूति दिलाउन सफल भएको । महिला सशक्तिकरणका कार्यहरु भएको । महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, अपांगता, लोपोन्मुख जातीहरुका लागि महिला सशक्तिकरण कार्यक्रम, बालबालिकाका लागि बाल बिवाह, यौनजन्य हिंसा न्युनिकरण जस्ता कार्यक्रम, अपांगका लागि परिचयपत्र वितरण, सहायक सामग्री वितरणजस्ता महत्वपूर्ण कार्यक्रमहरु सञ्चालन गरिएको । | कमल गाउँपालिका बालमैत्री पालिका घोषणा भएको साथै सबै क्षेत्र समेटिएको न्यायपूर्ण समाजको निर्माण हुँदै गएको । |
| **जनचेतना तथा गरिबि निवारण** | | | |
| बालश्रमको अवस्था | बालमैत्री क्रियाकलापलाई तिब्रता दिइएको । | बालमैत्री गाउँपालिका घोषणाका क्रममा ग्राम सर्भेक्षण गरिएको । विद्यालय तथा बाल क्लब र बाल सञ्जालमार्फत् बाल श्रमको अवस्थाको टोलस्तरीय चेतनामूलक कार्यक्रम गरिएको । बाल भेला, बालविवाह, श्रम शोषण, लागू पदार्थ दुर्व्यसनी सम्बन्धी सचेतना कार्यक्रम । बाल दिवस, उद्घोषण तालिम, खेल सामग्री वितरण गरिएको | बालमैत्री पालिका भइसकेका कारण बाल श्रमको संख्या शुन्य रहेको । |
| बाल क्लवहरूको अवस्था | ५६ वटा बाल क्लव र ८ वटा बालसंजाल गठन गरी सूचिकृत गर्ने कार्य सम्पन्न भएको । बालबालिकाको हक-अधिकार सम्बन्धि विभिन्न समयमा बैठक, छलफल जस्ता महत्वपूर्ण कार्य भएका । | ६२ वटा बाल क्लब गठन गरिएको । विद्यालय स्तरका बाल क्लबलाई सक्रिय बनाइएको । समुदाय स्तरका बाल क्लबलाई सक्रिय बनाइएको । वडास्तरीय बाल सञ्जाल गठन तथा परिचालन पालिका स्तरीय बाल सञ्जाल गठन तथा परिचालन नियमित भएको । | बाल क्लबहरुको सक्रियताका कारण बाल बिबाह, बाल हिँसा, बाल अधिकार जस्ता कार्यमा सुधार भई बालमैत्री पालिका घोषणा भएको । |

| | | | |
|---|---|---|---|
| महिला हिंसा | पालिका स्तरीय न्यायिक समिति, वडाहरुमा मेलमिलाप केन्द मार्फत हिँसामा परेका महिलाहरुलाई हिँसाकै घटना भए न्यायालयसम्म पुऱ्याउने कार्य भएको । | पालिका स्तरीय न्यायिक समिति, वडाहरुमा मेलमिलाप केन्द्र स्थापना भई हिँसामा परेका महिलाहरुका लागि मेलमिलापबाट समाधान भएका र हिँसाकै घटना भए न्यायालयसम्म पुऱ्याउने कार्य भएको । वडा तहबाटै त्यसलाई अघि बढाइएको । २४ वटा मुद्दा महिला प्रथम पक्ष भइ न्यायिक समिति सम्म पुगेको । १६ दिने लैगिक हिसा अभियान, महिलाहरुका लागि नेतृत्व विकास तालिम, लैगिक हिंसा र प्रजनन स्वास्थ्य सम्बन्धी तालिम गरेको । किशोरी आत्मरक्षा तालिम ३७ जनालाई । | महिलाहरुमा न्यायिक पहुँचमा अभिबृद्धि भएको र हिसाँ बिरुद्धको आवाज सशक्त बन्दै गएको । महिलालाई जागरुक बनाएको । |
| रोजगारीको अबस्था | ४२८ जना बेरोजगार सूचिकृत गरिएका मध्ये ५९ जनालाई विभिन्न ९ वटा आयोजनामा ४,०५३ दिन रोजगारी दिइएको । बेरोजगारहरुको नयाँ सूचिकृत गरि रोजगारी सृजना गर्ने कार्यक्रमको सुरुवात भएको । | ६२९ जना बेरोजगार सूचिकृत गरिएका मध्ये पुरुष ३५० महिला २७९ जना रहेको । त्यस मध्ये ६५ नेपाल सरकार र ३९ विश्व बैकका लागि छनौट भएका । विभिन्न २७ वटा आयोजनामा ५,५३८ दिन रोजगारी प्राप्त गरेका । एसी फ्रजि मर्मत तालिम, वाइरिंग तालिम, मोवाइकल मर्मत तालिम, ढाका बुनाइ तालिम सम्पन्न गरेको । | २७ वटा आयोजनामा बेरोजगारहरुलाई रोजगारी सिर्जना गरि आयआर्जन तथा सिप विकासको कार्य गराउन सफल भएको । |
| स्वरोजगारका प्रयासरहरु | ६२९ सूचीकृत बेरोजगारहरु मध्ये, ५३३८ दिन २७ वटा आयोजनामा रोजगारी दिइएको । एसि फ्रीज तालिम ३५ जना, कफी बनाउने तालिम ६९ जना, वाइरिगं तालिम ३५ जना, मोवाइल मर्मत तालिम ३५ जना, व्यवसायिक उद्यमशिलता तालिम ३३ जना, कानुनी अभिमुखीकरण तालिम ३८ जना, लोकसेवा तयारी कक्षा ६० जना, ढाका बुनाइ तालिम ४१ जना, अपागंतालाई उद्यमशिलता तालिम, २८ जना, सिलाइकटाइ ४३ जना, चप्पल बनाउने १५ जना, झोला बनाउने, हेयर कटिंग १२ जना, लघु उद्यमविकास तालिम अर्न्तगत प्रविधि हस्तान्तरण, चुरा पोते गुडिया तालिम, साबुन फिनेल बनाउने तालिम । | सीप विकास तालिममा लोक सेवा तयारी कक्षामा ६० जना, ढाका तालिम ७ जना एकल महिला, मोवाइल मर्मत तालिम २० जना, एसी फ्रिज बनाउने तालिम ३० जना, ड्राइभिङ्ग तालिम ४३ जना, व्युटिसियन तालिम २१ जना, परालको चप्पल र धुप वनाउने तालिम २४ जना महिला पुरुषले सिप प्राप्त गरेका छन । कमल प्राङगारिक मल झोल मल ४० हजार केजी, युरिया २ टन, १८ रोल मल्चिङ, टनेल ३५ थान, मौरी गोला ९ घार, धानको बिऊ, आमस्मिक विषादी, बंगुरको गोठ सुधार, चिलिङ भ्याट, माछाका भुरा वितरण जस्ता कार्यक्रमहरु स्वरोजगारका प्रयासमा गरेको देखिन्छ । | पालिकाको आन्तरिक स्रोत, सशर्त अनुदान, प्रधानमन्त्री कृषी आधुनिकीकरण, विश्वबैक, नेपाल सरकार, मेडपा कार्यक्रम मार्फत स्वरोजगारका लागि स्रोत अनुसारको प्रयास भएको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| गरिवी निवारणका प्रयासहरू | गरिबी निवारणका लागि सिँचाइ मोटर, नि:शुल्क माटो परीक्षण, मकैको बिउ, धानको बिउ, तरकारीका मिनिकिट, टनेल, थोपा सिँचाइ, बंगुरका पाठा-पाठी अनुदानमा वितरण गरिएको । ५९ जना बेरोजगारलाई रोजगारी दिइएको । धान प्रवर्द्धन कार्यक्रम, मकै आलु पकेट, तरकारी पकेट, कार्यक्रम सञ्चालनमा ल्याइएको । | कृषकको लागि कृषि उत्पादनमा माटो सुधारका लागि माटोको नमूना परिक्षण कार्य गरिएको, जैविक बिषादी तथा जैविक मल निर्माण गर्ने तालीम तथा निर्माण सामग्री वितरण गरी मल तथा विषादी बनाइएको । जैविक तथा दीर्घकालिन कृषि उत्पादनका लागि बिभिन्न मल र जैविक विषादी निशुल्क वितरण गरिएको । उत्पादन बृद्धि गरि गरिबी घटाउन, उन्नत जातका विऊ, नस्ल सुधार कार्यक्रम सञ्चालन गरिएको । विभिन्न सीपमूलक तालिमहरु प्रदान गरि स्वरोजगार बनाउदै गरिबी निवारणलाई घटाउने प्रयास भएको देखिन्छ । कृषि यन्त्रदेखि गोठ सुधार सम्म पशु आहारादेखि पाठापाठी वितरण सम्मका क्रियाकलापबाट गरिबी निवारणमा प्रयास गरेका देखिन्छ । सूचीकृत बेरोजगारहरुलाई रोजगारी दिइएको । | गरिबी निवारणमा क्रमस: सुधार भइ स्वरोजगार बन्दै गएको देखिन्छ । |
| सामाजिक परिचालन | सामाजिक विकास मन्त्रालय र राष्ट्रिय अपाङ्ग महासंघ संग साझेदारीमा विभिन्न कार्यक्रम संचालन गरिएको ।<br>अपाङ्गता महासंघको सहकार्यमा सामाजिक परिचालनका काम भएको | बाल क्लब गठन तथा परिचालन गरिएको, महिला सञ्जालहरु गठन तथा परिचालन भइरहेको । अपांगता भएकाहरुको पालिका स्तरको समिति गठन भइ कार्य गरिरहेको । स्काउटको पालिका स्तरीय समिति गठन भई काम अघि बढाइरहेको । रेडक्रससँग नियमित समन्वय र साझेदारीमा कार्य भइरहेको । टोल विकास संस्थाहरुले तल्लो तह सम्म क्रियाशिल रहेको । | सामाजिक परिचालन फराकिलो बन्दै गएको । |
| वातावरण सुधारका प्रयासहरु | सिमसार संरक्षण, जलवायु परिवर्तन सम्बन्धि कार्यक्रम सञ्चालन गरिएको ।<br>वातावरण मैत्री पूर्वाधारको नीति लिइएको ।<br>खुल्ला क्षेत्र सार्वजनिक ऐलानी जग्गामा बृक्षरोपण, घेराबारा जस्ता महत्वपूर्ण कार्य गरिएको ।<br>फोहोरमैला संकलन तथा व्यवस्थापनका कार्य भएको | कमल गाउँपालिका भित्रका प्राकृतिक स्रोत, खोला उत्खनन् लगायतका कार्य गर्दा वातावरणीय प्रभाव मुल्यांकन, प्रतिवेदनका आधारमा प्राकृतिक स्रोतहरुको उत्खनन् कार्य गर्ने गरिएको । ठूला योजनाहरु सञ्चालन गर्दा डिपीआर, प्राकृतिक प्रभाव मुल्यांकन जस्ता कार्य गर्ने गरिएको ।<br>वातावरण मैत्री पूर्वाधारको नीति लिइएको ।<br>खुल्ला क्षेत्र सार्वजनिक ऐलानी जग्गामा बृक्षरोपण, घेराबारा जस्ता महत्वपूर्ण कार्य गरिएको ।<br>विपद् जोखिम न्युनिकरण तथा वातावरणीय जोखिम न्युनिकरणका लागि विपद् व्यवथापन समिति गठन गरिएको । | वातावरणीय र विपद् जोखिम न्युनिकरणका लागि कार्य भइरहेको । |
| एच.आइ.भि र एड्स | आमाबाट बच्चामा सर्ने HIV संक्रमणको जाँच गर्भावस्थामा नै गर्ने गरिएको । | आमाबाट बच्चामा सर्ने HIV संक्रमणको जाँच गर्भावस्थामा नै गर्ने गरिएको ।<br>क्षयरोगका बिरामीहरुलाई समेत HIV जाँच गर्ने गरिएको । | आमाबाट बच्चामा सर्ने HIV संक्रमणको जाँच गराउनु पर्छ भन्ने सोचको बिकास भएको । |

| | | | |
|---|---|---|---|
| | क्षयरोगका बिरामीहरुलाई समेत HIV जाँच गर्ने गरिएको । | | |
| **विकासमा समान सहभागिता सेवाहरूमा पहुँच** | | | |
| स्थानीय बजार पुग्न लाग्ने समय | कमल गाउँपालिकाद्वारा स्थानीय हाट बजारलाई प्रबर्द्धनको काम भइरहेको । सरडपाडा बजार, गेउरिया बजार, केर्खा बजार लगायतका बजार व्यवस्थापनको काम भएको । स्थानीय कृषि उत्पादनलाई बजार सम्म ल्याइपुर्याउनका लागि कृषि सडक निर्माण भइरहेका । | वडा नम्बर १ मा धान, खरबुजा खेति, वडा नम्बर २ मा धान, मकै, तरकारी खेती भइरहेको । वडा नम्बर ३ र ५ का केही भाग बाहेक अधिकाश भूभाग कृषि मै निर्भर रहेका । प्रत्येक वडाका नागरिकले केर्खा, दमक बजार, गेउरिया, क्याम्पा, रंगपुर बजार सम्म कृषि उपज विक्री गर्न सडकको पहुँच बिस्तार, मर्मत सम्भार, कालोपत्रेका कार्य भएको । कृषि बजारहरुमा टहरा निर्माण विक्री केन्द्रको मर्मत सम्भारका कार्य भएको देखिन्छ । | १ देखि ७ वटै वडाका कृषि उत्पादनलाई बजारीकरणमा सहजता पुगेको, उत्पादनलाई आधा घण्टा भित्र बजारको पहुँच स्थापित गराउन सफल भएको । |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | स्थानीय तहमा नै कृषि शाखा स्थापना भएको । प्राविधिकहरुबाट माटो परीक्षण, महामारी रोग, किरा र आवस्यक कृषि उपचार लगायतको सेवा आवस्यकताका आधारमा घर-घरमा नै दिने कार्यको शुरुवात भएको । | स्थानीय तहले कृषकहरुको सुविधालाई मध्यनजर गर्दै कृषि उत्पादनका लागि माटो परिक्षण, रोगकिरा व्यवस्थापन, उत्पादन सहजीकरणका लागि आवश्यक प्राविधिकहरुको व्यवस्था गरि महामारीजन्य रोगकिरा व्यवस्थापन, जैबिक मल तथा बिषादीहरुको प्रयोग प्रबर्द्धन, माटोको उर्वराशक्ति बृद्धि सम्बन्धी सचेतना कार्यक्रम कृषकको घरदैलोसम्म कृषि सेवा पुर्याउने कार्य भएको । | किसानको घरदैलोमा प्राविधिक सेवा पुर्याउन सफल भएको । |
| भौगोलिक क्षेत्र, महिला, पिछडीएका तथा सीमान्तकृत वर्गको संख्या, निजहरुले पाएको सेवा तथा दिइएको विषेश अवसरहरु | ज्येष्ठ नागरिक, आदिबासी, महिला, पिछडीएका तथा सीमान्तकृत वर्ग, बालबालिका, अपाङ्गता, युवा, दलित, भूमिहिन, विपन्न नागरिकहरुको लागि सिप, दलित छात्रवृत्ति, अभिमुखिकरण, घरबस्ती निर्माण, लगायत समग्र क्षेत्र समेटेको नीति, कार्यक्रम तथा बजेटको व्यवस्थापन गरिएको । | अति विपन्न, असहाय, तथा पूर्ण अपांगता भएका व्यक्तिहरुलाई न्यानो लूगा वितरण, आदीबासी तथा जनजाति युवाहरुलाई एडभान्स वाइरिङ तालिम, आदीबासी तथा जनजातिहरुको भेसभुसा तथा सस्कृति संरक्षण, युवाहरुलाई कानुनी अभिमुखीकरण कार्यक्रम, दलित समुदायका व्यवसायीहरुलाई उद्यमशिल तालिम, किशोरी आत्मरक्षा तालिम, दलित तथा लक्षित वर्गका महिलाहरुलाई नेतृत्व विकास तालिम । लैगिक हिंसा तथा प्रजनन स्वास्थ्य तालिम प्रदान, ज्येष्ठ नागरिक दिवस तथा सम्मान कार्यक्रम, अपांगता दिवस, सहायता सामाग्री खरिद तथा वितरण, दृष्टिबिहिन अपांगताहरुलाई गमनशिल तालिम, स्वास्थ्य बिमा, सांकेतिक तथा दोभाषे तालिम, अपांगमैत्री संरचना निर्माण, बालमैत्री स्थानीय शासन समिति सक्रियता कार्यक्रम, अभिभावक शिक्षा कार्यक्रम, वडा कार्यालयमा स्तनपान कक्ष व्यवस्थापन, विपन्न बालबालिकाहरुलाई शैक्षिक सामाग्री, गरिबीको रेखामुनी रहेकाहरुलाई बिभिन्न तालिम | सबै क्षेत्रलाई समेटेर विकासका अवसर सुनिश्चित भएको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| | | । दलित विद्यार्थीको शिक्षामा पहुँचका लागि छात्रबृत्ति कार्यक्रम । | |

| | **जनशक्ति** | | |
|---|---|---|---|
| जनशक्ति विकासमा भएका प्रयासहरु | प्रमुख प्रशासकिय अधिकृत १, प्रशासकिय अधिकृत २, लेखा अधिकृत १, लेखा सहायक १, उजुरी प्रशासक १, कम्प्युटर अपरेटर १, सहायक चौथो १, इन्जीनियर १, सव इन्जीनियर १, रोजगार संयोजक १, स्वास्थ्य शाखा प्रमुख १, शिक्षा शाखा प्रमुख १, कृषि शाखा प्रमुख १, कृषि स्नातक १, पशु शाखा प्रमुख १, पशु स्वास्थ्य प्राविधिक १, अधिकृत छैटौं २, ना.प्रा.स. २, सहायक पाँचौं १, सूचना प्रविधि अधिकृत १, अ.स.इ. २, अमिन १, खा.पा.स.टे. १, सर्वेक्षक १, प्राविधिक सहायक २, रोजगार सहायक १, परिवार परामर्शकर्ता १, रोजगार परामर्शकर्ता १, सामाजिक परिचालक २, सहायक १, एम.आइ.एस. अपरेटर १, शाखा प्रमुख (महिला तथा बालबालिका शाखा) १, अपांगता सहायता सहजकर्ता १, उद्यम विकास सहजकर्ता १, वडा सचिव ७, कार्यालय सहयोगी १३, सवारी चालक २, ट□ाक्टर चालक १, सरसफाई कर्मचारी २ । | | माग अनुसार लोक सेवा आयोगले पदपुर्ति गर्दै गरेको । |
| नीति तथा कार्यक्रमहरु | **पूर्वाधार विकास :**<br>**सामाजिक विकास:**<br>**आर्थिक विकास :**<br>**वातावरण तथा विपद् व्यवस्थापन :** | कृषि विकास सम्बन्धी नीति,<br>पशु विकास सम्बन्धी नीति<br>उद्योग तथा वाणिज्य सम्बन्धी नीति<br>सहकारी नीति<br>रोजगार सेवा केन्द्र<br>शिक्षा विकास सम्बन्धी नीति<br>युवा तथा खेलकुद विकास सम्बन्धी नीति<br>स्वास्थ्य विकास सम्बन्धी नीति<br>लैंगिक समावेशीकरण तथा महिला सशक्तिकरण<br>भौतिक पूर्वाधार सम्बन्धी नीति संस्थागत विकास, सेवा प्रवाह र सुशासन<br>वन, वातावरण तथा विपद् व्यवस्थापन<br>सूचना तथा संचार<br>न्यायिक कार्यक्रम<br>राजश्व नीति सम्बन्धी नीति निर्माण गरी आवस्यक कार्यक्रम र बजेटको व्यवस्थापन गरिएको छ। उपयुक्त समयमा नै गाउँसभामार्फत् नीति तथा कार्यक्रमहरु ल्याइएको देखिन्छ। | सातै वडाको समानान्तर विकासका लागि कानुनमा भएका समग्र क्षेत्रलाई समेटी नीति निर्माण गरिएको । बस्तीस्तरदेखि योजना छनोट गर्दै विभिन्न समितिमार्फत् छलफल गर्दै सभामार्फत् कार्यक्रम तथा बजेटलाई सर्वसम्मत रुपमा निर्णय गरी कार्यान्वयनमा आएको देखिन्छ । |

| | | | |
|---|---|---|---|
| भौतिक अवस्था । | वडा नम्बर १ देखि ७ सम्म सबै वडा कार्यालयको भौतिक सरचना निर्माणको कार्य सम्पन्न भइसकेको । वडा नं २ निर्माण सम्पन्न भएपनि भवनमा सरिनसकेको । सबै स्वास्थ्य संस्थाहरु सरकारी संरचनामा रहेर सेवा दिएको देखिन्छ । पालिका अस्पताल सञ्चालनमा रहेको देखिन्छ । ३१ वटा बालविकास केन्द्र मध्ये १३ वटालाई सुविधा सम्पन्न बनाउन सफल भएको देखिन्छ । ७ वटै वडाका नागरिक स्वास्थ्य उपचार सेवा, विद्यालय, कृषी केन्द्र सम्म बाह्रै महिना यातायातको पहुँच सुनिश्चित भएको देखिन्छ । २८५२ मिटर कालोपत्रे सम्पन्न गरेको देखिन्छ । ६.३११ किलोमिटर सडक स्तरउन्नती, २५.९ किलोमिटर सडक ग्राभेल भएको देखिन्छ । खानेपानी पाइपलाइन १२.६७ किलोमिटर। ९८४ मिटर, १८ वटा कल्भट, ९ वटा मठमन्दिर, ३६० मिटर कम्पाउण्ड वाल, ४ वटा चौतारा, ४०६ मिटर प्लम वाल, १७ वटा पूर्वाधार विकासका कार्यक्रम मध्ये २ वटा निर्माणाधिन, १४ वटा सम्पन्न, १ बहुवर्षीय योजना रहेका छन् । | भौतिकपूर्वाधार तर्फ कालोपत्रे ८.२ कि.मि., सडक ग्राभेल १६ कि.मि., सडक स्तरोन्नती १०.५ कि.मि., ड्रेन निर्माण २४०० मि., ट्रष्ट ब्रिज १ वटा र ४ वटा भवन निर्माण भएका छन् ।<br>खानेपानी पाइप लाइन ११५० मिटर बिस्तार गरिएको ।<br>ड्रेन निर्माण ५५० मिटर गरिएको ।<br>कलभर्ट निर्माण तथा मर्मत १८ वटा गरिएको ।<br>मठमन्दिर निर्माण तथा मर्मत ५ वटा गरिएको ।<br>कम्पाउण्ड वाल निर्माण ३६० मिटर गरिएको ।<br>चौतारा, गोलचक्र निर्माण ४ वटा गरिएको ।<br>प्लम वाल निर्माण २५२ मिटर निर्माण गरिएको ।<br>ग्याबिङ जाली ४५२ मिटर भरिएको ।<br>फलामको गेट २ वटा निर्माण गरिएको ।<br>भवन निर्माण तथा मर्मत १३ वटा गरिएको ।<br>शौचालय ५ वटा तथा आर्यघाट एउटा निर्माण गरिएको ।<br>बजार निर्माण २ वटा ।<br>पैनी व्यवस्थापन तथा मर्मत १५५२ मिटर गरिएको ।<br>सडक बत्ती बिस्तार २ वटा ।<br>ट्रस पार्किङ निर्माण २ वटा ।<br>इन्टरलक ब्लक प्रयोग गरी सडक निर्माण १५२० मिटर ।<br>नगर अस्पताल सञ्चालन ।<br>जम्मा पूर्वाधार विकासतर्फ २५ वटा ठेक्का मार्फत् सञ्चालन भएका योजनामध्ये २२ वटा सम्पन्न भएका छन् ।<br>बहुबर्षीय आयोजना २ वटा सञ्चालनमा रहेका छन् । तीन वटा निर्माणाधीन अवस्थामा छन् ।<br>कमल गाउँपालिकाको शिक्षा, स्वास्थ्य, सडक पूर्वाधारतर्फ द्रुत गतिमा कार्य भएको, केही नमूना विद्यालयहरु व्यवस्थित ढङ्गले प्रारम्भ भएका छन् । बाह्रै महिना वडा कार्यालय, पालिका, स्वास्थ्य संस्थासम्म नागरिकलाई सहज यातायातको पहुँच सुनिश्चित गर्न सडक मर्मत, ग्राभेल, कल्भर्ट निर्माणको कार्य भइरहेको । | संघीय सरकार, प्रदेश सरकार र कमल गाउँपालिकाको त्रिपक्षीय लगानीमा द्रुत गतिमा कार्य भइरहेको छ । भौतिक प्रगतिको अवस्था सन्तोषजनक देखिन्छ । सबै क्षेत्रमा पहुँच अभिबृद्धिका लागि विकासका पूर्वाधारमा कार्य गरेको देखिन्छ । |
| समन्वय र सहकार्यका प्रयासहरु | केन्द्र सरकार, प्रदेश सरकार, छिमेकी पालिका, संघ संस्थासंग समन्वय र सहकार्यमा कार्य गरिएको । | अन्तर पालिका स्तर प्राकृतिक स्रोत व्यवस्थापन उपभोग सम्बन्धी बैठक हुने गरेको । चुलाचुली गाउँपालिका र कमल गाउँपालिका जोड्ने सडक निर्माण थालनी भएको । आम्दा अस्पतालसँग पालिका अस्पतालको सहकार्य देखिएको । रोजगार मेलामा उद्योग वाणिज्य संघ सँग सहकार्य गरिएको गैह्र सरकारी संस्थाहरु सँग सहकार्यको कार्यक्रम जारी रहेको । | अन्तर पालिका र स्थानीय सघ संस्था सँग नियमित रुपमा समन्वय र सहकार्य हुने गरेको । |

| कृषि शाखा | | | |
|---|---|---|---|
| **सामाजिक जिम्मेवारीको क्षेत्र** | **०७९।०८० को अवस्था** | **आर्थिक वर्ष ०८०/०८१ का प्रयासहरु** | **आ.व. ०८०/०८१ का उपलव्धी** |
| सहकारी खेती साना सिचाई तथा मल विऊ ढुवानी । | प्रत्येक वडाका २५ जना किसानलाई तोरीको मूल बीउ उपलब्ध गराइएको । सिँचाइ मिटरमा बिलको ५० प्रतिशत रकम भुक्तानी व्यवस्था गरिएको । व्यावसायिक उत्पादनका लागि उन्नत जातका तरकारी तथा बालिका बिउहरु ५० % अनुदानमा वितरण । ६० वटा इलेक्ट्रोनिक मोटर अनुदानमा वितरण गरिएको । धानबाली प्रवर्द्धनका लागि सिँचाइ मोटर १५ थान र २.८ टन धानको बीउ वितरण गरिएको । धानबाली पकेट विकास कार्यक्रम २०७८/०७९ का लागि उन्नत जातको धानको बीउ साढे ३ टन र ५ थान सिँचाइ मोटर वितरण गरिएको । नयाँ धानबाली पकेट विकास कार्यक्रममा १०.५ टन धानको बीउ, सिँचाइ मोटर १० थान वितरण गरिएको । | कमल गाउँपालिकाले सहकारी तथा समूह खेतीका लागि बीउ आलु उत्पादन कार्यक्रम इन्द्रेणी कृषक समूहको मागमा पिबिएस दाना उपलब्ध गराइएको । | सिंचाइको क्षेत्रमा बृद्धि भएको । सिँचाईमा बृद्धि भएको । उन्नत जातका बिउ मार्फत स्थानीय जातको बिउ भन्दा प्रति हेक्टरमा बढी उत्पादन भएको । सिँचाइ मोटर तथा बिलमा दिइएको अनुदानका कारण सिँचाइ क्षेत्र वृद्धि भई उत्पादन बढेको । धान पकेट कार्यक्रमअन्तर्गत धानको बीउ वितरण गर्दा धान उत्पादन वृद्धि भएको । कृषि सहकारीका मल डिपोमार्फत् किसानहरुलाई आवश्यक पर्ने मल ढुवानी गरिएको । जैविक मल र विषादी निर्माण गरी वितरण गरिएको । |
| नगदे बाली | कार्यक्रम नभएको । | केही स्थानहरुमा केरा खेती, सामान्य सुपारी खेती, ड्रागन खेती, उखु खेती कार्यक्रम किसानले आफैँ शुरु गरेका । | पालिकाले नगदेबाली कार्यक्रममार्फत् आर्थिक उन्नतिका लागि सोच बनाएको । |
| तरकारी तथा बाली विकास कार्यक्रम | मकै पकेट र धान प्रवर्द्धन कार्यक्रम भएको । | तरकारी बालीका लागि ६५ वटा टनेल वितरण, मल्चिङ प्लास्टिक १८ रोल वितरण गरिएको । नयाँ धानबाली पकेट कार्यक्रम सञ्चालन गरी बीउसमेत वितरण गरिएको । पुरानो पकेट कार्यक्रमको निरन्तरता दिँदै बीउ वितरण गरिएको । धान बालि प्रवर्द्धन कार्यक्रम सञ्चालन गरी बीउ वितरण गरिएको । | तरकारी बालीमा उत्पादन वृद्धि भएको, बाली विकास कार्यक्रम अन्तर्गत धानको उत्पादनमा वृद्धि भएको । |
| माटो परीक्षण तथा सेवा सुधार कार्यक्रम | घुम्ती माटो परीक्षण शिविर सञ्चालनका लागि ३ लाख रुपैयाँ बजेट | कमल झोलमल ५०,००० लि. तथा प्राङ्गारिक मल (NPK) १० टन उत्पादन गरी वितरण | कृषि उत्पादनका लागि माटो नै प्रमुख भएकाले नमूना परीक्षणको काम वार्षिक |

| | | | |
|---|---|---|---|
| | विनियोजन गरिएको जसमध्ये ७३ हजार रुपैयाँ खर्च गरी वडा नम्बर ५ र ७ का १६० किसानहरुको नमूना माटो परीक्षण गरी माटोमा भएको न्यून पदार्थहरुलाई परिपूर्ति गर्न किसानलाई सुझाव दिइएको । माटोको सुधारका लागि ४० हजार लिटर कमल झोल मल र कमल युरिया २ टन वितरण गरिएको | गरिएको । तरकारी खेति गर्ने कृषकहरुका लागि फेरोमेन ट्याम २,५४० वटा, तरकारीको मिनिकिट २,८०० वटा वितरण गरिएको छ । कृषि चुन १,००० बोरा वितरण गर्ने कार्य सम्पन्न भएको छ । | रुपमा पालिकाले सञ्चालन गरेको । |
| कृषि प्रसार कार्यक्रम | कमल जैविक तथा प्राङ्गारिक मल, कमल झोल मल, वनस्पति विषादी निर्माण तथा प्रयोगसम्बन्धी ४५० जना किसानले तालीम लिएका । कृषि तथा पशु पाठशाला कार्यक्रम सञ्चालन । बीउ उत्पादनका लागि २५ जना किसानलाई तालीम । ३१०० किसान सूचीकृत गरिएको । विभिन्न स्थानीय मिडियामार्फत् कृषि प्रसारका काम गरिएको । | कृषितर्फ बजारमुखी एक समुह एक सामुहिक तरकारी उत्पादनका आधारमा प्रोत्साहन कार्यक्रममा ६५ जना, मकै रोप्ने, छोडाउने र पावर स्प्रे ट्यांकी मर्मत सम्भार तालिम ६० जनालाई प्रदान गरिएको । | कृषिप्रति युवाहरुको आकर्षण बढेको । |
| **स्थानीय तहको पशु सेवासम्बन्धी** | | | |
| पशु विकास कार्यक्रम | ३३५ जना पशुपालक कृषकहरुलाई ३,७५० के. जी हिउँदे घाँस र माछापालक कृषकलाई ५० प्रतिशत लागत सहभागितामा १४१४ के.जी. माछाका विभिन्न जातका भुराहरु वितरण गरिएको । | ४०६ जना पशुपालक कृषकहरुलाई २७५२ के. जी जै घासको बीउ वितरण गरिएको छ । माछापालक कृषकलाई ५० प्रतिशत लागत सहभागितामा ४२ जनालाई ६२.५ बिगाहा क्षेत्रफलका लागि माछाका विभिन्न जातका भुराहरु वितरण गरिएको । | पशु विकास कार्यक्रम मार्फत गाउँपालिकाका नागरिकको जीवनस्तरमा परिवर्तन आएको । |
| पशु स्वास्थ्य कार्यक्रम | ३२१ वटा सामुदायिक कुकुरहरुलाई बन्ध्याकरण तथा रेविज रोग विरुद्धको खोप सेवा प्रदान गरिएको छ । | ३२५ वटा सामुदायिक कुकुरहरुलाई बन्ध्याकरण तथा रेविज रोग विरुद्धको खोप सेवा प्रदान गरिएको छ । पशु सेवातर्फ ७९,७८५ वटा पशुहरु र २१,८७३ पंक्षीहरुमा उपचार तथा औषधी वितरण, गाउँपालिकाभित्रका १,११,२१३ वटा पशुहरुका | पशुलाई देखिने जटिल तथा समान्य रोगहरुको समाधानका लागि खोप तथा औषधि सम्बन्धि विशेष पहल भएको । |

| | | | |
|---|---|---|---|
| | खोरेत ८११८, पि.पि. आर ११,९०६, स्वाईन फिवर २,०००, रेविज ४८५ कुकुरहरुलाई रेविज विरुद्द ५०० वटालाई गरी स्वस्थ पशु बनाउन कार्यक्रमहरु सञ्चालन गरिएको । | लागि खोप सेवा प्रदान गरिएको, २,२२२ वटा गाई भैसीहरुलाई सुत्केरी पोषण अर्न्तगत क्याल्सियम तथा मिनरल वितरण गरिएको । | |
| पशु आहारा सेवा | विभिन्न समूहमा आवद्ध ४५० जना किसानहरु तालीम लिई स्वस्थ पशु उत्पादनको शुरुवात भएको । जात मात्र राम्रो भएर हुँदैन घाँस राम्रो चाहिन्छ अनि मात्र भने जति उत्पादन पाइन्छ, भन्ने उद्देश्य राखि उन्नत जातका घाँसका बिउहरु वितरण गरि दुध तथा मासु उत्पादनमा बृद्धि भएको । | पशु आहार कार्यक्रम हिउँदे तथा बर्षे घाँसको बिऊ ५०% अनुदानमा वितरण।<br>हिउँदे घाँसको बिऊ (जै) ५०% अनुदानमा बितरण – ३७२५ के. जी<br>• लाभान्वित परिवार संख्याः ४०६ जना।<br>५०% अनुदानमा च्याफकटर ( कुटि काटने मेसिन ) वितरण।<br>जात मात्र राम्रो भएर हुँदैन घाँस राम्रो चाहिन्छ अनि मात्र भने जति उत्पादन पाइन्छ, भन्ने उद्देश्य राखि उन्नत जातका घाँस खुवाउनुपर्ने, सफा आहारा र पोसिलो खाना खुवाउनुपर्छ भन्ने चेतना वृद्धि गरिएको । | कृषकमा उन्नत जातको घाँसको बिऊ बारे सोचको विकास भएको । |
| पशु स्वास्थ्य नियमन कार्यक्रम | पशु स्वास्थ्य नियमन, निरिक्षण तथा अनुगमन जस्ता कार्यक्रमहरु सञ्चालन गरिएका जसबाट स्वस्थ पशु र स्वस्थ उत्पादनमा क्रमिक सुधार भएको । | कमल गाउँपालिकाका अगुवा किसानको घरमा प्राविधिकसहित पशु स्वास्थ्य नियमन, निरिक्षण तथा अनुगमन जस्ता अनौपचारिक तथा औपचारिक कार्यक्रमहरु संचालन गरिएका जसबाट स्वस्थ पशु र स्वस्थ उत्पादनमा क्रमिक सुधार भएको ।<br>विभिन्न खोप कार्यक्रमहरु, औषधी उपचार कार्यक्रम, सुत्केरी पोषण कार्यक्रम सञ्चालन गरिएको । | स्वस्थ पशु बनाई त्यसरी नै उत्पादन पनि आर्जन गर्न सकिन्छ भन्ने उद्देश्यले किसानलाई सुसूचित गरिएको । |
| पशु सेवा प्रसार कार्यक्रम | व्यवसायिक पशु फर्महरु व्यवस्थित रुपमा संचालनको सुरुवात भएको,<br>खोर सुधार कार्यक्रम संचालन गरिएको<br>नस्ल सुधार कार्यक्रम संचालन गरिएको ।<br>महामारीजन्य रोगहरु बिरुद्धको प्रचारात्मक कार्यक्रमहरु संचालन गरिएको । | पशु प्राविधिकहरुले घरघरमा स्वास्थ्य उपचार सेवा र सचेतना कार्यक्रमहरु सञ्चालन गरिएको ।<br>व्यावसायिक पशु फर्महरु सूचीकृत गरिएको । पकेट कार्यक्रमअन्तर्गत खोर सुधार कार्यक्रम संचालन गरिएको, नस्ल सुधार कार्यक्रम संचालन गरिएको ।<br>महामारीजन्य रोगहरु बिरुद्धको प्रचारात्मक कार्यक्रमहरु संचालन गरिएको । | कमल गाउँपालिकाका पशुपालन क्षेत्रका कार्यक्रमबाट किसानहरुको जीवनमा सकारात्मक परिवर्तन आएको । |

## अनुसूची-६
### कमल गाउँपालिका झापाको आर्थिक वर्ष २०८०/०८१ को
### सामाजिक परीक्षण प्रतिवेदन (बृहत सभामा प्रस्तुत गरिएको)

## विषयगत शाखा/कार्यालयको नाम : (क) स्वास्थ्य शाखा

**पालिकास्तरिय नीति :**

- कोभिड १९ को माहामारी नियन्त्रण र रोकथामका लागी सम्पूर्ण नागरीकहरुलाई यही आ व भित्रै कोभिड १९ विरुद्धको खोप लगाइएको सुनिश्चित गरिनेछ ।
- आ व २०७९/८० बाट ५ वेडको रुपमा संचालनमा आएको कमल नगर अस्पताल लाई स्तरोन्नती गर्दै क्रमशः १५ शैयाको अस्पताल बनाइनेछ । कमल नगर अस्पताल बाटै स्वास्थ्य बिमा कार्यक्रमको संचालन भै रहेको र विशेषज्ञ सहितको अन्य सेवाहरु क्रमश विस्तार गरिदै लगिनेछ ।
- कमल नगर अस्पताल लाई प्राइमरी बर्नकेयर सेन्टरको रुपमा स्थापना गरी कुनै पनि जलन भएका बिरामीहरुलाई आवश्यक उपचारको व्यवस्था मिलाइने छ ।
- सबै वडाहरुमा आधारभूत स्वास्थ्य केन्द्र स्थापना भै सकेको हुँदा सबै वडा स्वास्थ्य केन्द्रबाट नै नेपाल सरकारबाट प्राप्त हुने निःशुल्क औषधीहरु वितरणको कार्यलाई व्यवस्थित गरी निरन्तरता दिइनेछ।
- समुदायमा आधारित सन्चालन हुने स्वास्थ्य कार्यक्रमहरुलाई निरन्तरता दिइने छ जस अन्तरगत देहायका कार्यक्रमहरु सन्चालन गरिने छ ।

  क) क्षयरोग मुक्त गाउँपालिका बनाउने कार्यक्रम निरन्तर सन्चालन गरिनेछ । यसको लागि क्षयरोगका जोखिम समुह तथा स्वास्थ्य सेवाको पहुँच कम भएका समुदायमा सकृय क्षयरोग खोजपडताल कार्यक्रम सन्चालन गरिनेछ ।

  ख) कुष्ठ रोग निवारण का लागि समुदाय स्तरमा खोजपड्ताल अभियान संचालन गरि रोगि ब्यक्तिको पहिचान तथा उपचारको व्यवस्था मिलाउनुका साथै समुदायमा सचेतना कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

  ग) समुदायमा मुटु, मृगौला, चिनी रोग सम्बन्धी स्वास्थ्य जाँच तथा नसर्ने रोगहरु तथा जेष्ठ नागरिक हरुका लागी ७ वटै वडामा घुम्ति स्वास्थ्य शिविर सन्चालन गरिने व्यवस्था मिलाईनेछ ।

  घ) सामुदायिक स्वास्थ्य बिमा कार्यक्रम अन्तरगत अति विपन्न, गरिव र असहाय परिवार तथा अपाङ्गता भएका परिवारलाई निःशुल्क स्वास्थ्य विमा गर्ने नीति लिइनेछ ।

  ङ) महिला स्वास्थ्य सेवा प्रवर्द्धन अन्तर्गत महिला वर्गमा हुने आङ खस्ने र पाठेघरको मुख तथा स्तन क्यान्सर सम्बन्धि स्कृनिङ शिविर संचालन निरन्तरता दिइनेछ ।

  च) गर्भवती महिला स्वास्थ्य सेवा प्रवर्द्धन अन्तरगत सबै स्वास्थ्य केन्द्रबाट निशुल्क रुपमा क्याल्सियम ट्याव्लेट र आइरन चक्की उपलब्ध गराउने नीति लिइनेछ ।

  छ) गाउँपालिकामा कार्यरत संपुर्ण कर्मचारिहरुलाई प्रोत्साहन स्वरुप निःशुल्क स्वास्थ्यबिमाको ब्यवस्था मिलाइनेछ ।

  ज) सुचीकृत स्वास्थ्य संस्थामा प्रसुती गराउने महिलालाई एम्बुलेन्स सेवा निशुल्क उपलब्ध गराउनुका साथै पोषण प्रोत्सहन सहयोग गर्ने नीति लिइनेछ । साथै प्रसुति पश्चात स्वास्थ्यकर्मी परिचालन गरी बच्चा जन्मिएको २४ घण्टा, ३ दिन र ७ दिनमा साथै आवश्यकता अनुसार घरैमा गइ आमा र बच्चाको स्वास्थ्य जाँचको ब्यवस्था मिलाउने निती लिइनेछ।

  झ) अति बिपन्न , दलित र अल्प संख्यक समुदायका सुत्केरी आमा हरुलाई पोशिलो खाध्य सामग्री

उपलब्ध गराई आमा र शिशुको पोषण अवस्था लाई सदृढ गर्दै लगिने छ ।

ञ) अति बिपन्न , दलित र अल्प संख्यक समुदाय र बेसाहारा बिरामिको उपचार खर्च अभाव भै स्वास्थ्य सेवा बाट बन्चित हुनु नपरोस भन्नका लागी आवश्यक उपचार खर्चको व्यवस्था मिलाइने छ ।

- स्वास्थ्य स्वयंसेविकाहरुको वृत्ति विकास अन्तर्गत स्वयंसेविका सुरक्षा कोषको व्यवस्था मिलाउन निशुल्क स्वास्थ्य विमा गर्ने निती लिइनेछ र अवकाश प्राप्त गर्ने स्वयं सेविकाहरुलाई दिर्घ सेवा सम्मान प्रदान गरिने नीति लागु गरिनेछ ।
- स्वयंसेविकाहरुलाई खोप सञ्चालन घरभेट कार्यक्रम र आमासमुहमा छलफल साथै मासिक बैठकमा सहभागी भै समुदयको समग्र स्वास्थ्य अवस्था माथी पुर्याउन महत्वपुर्ण भुमिका निर्वाह गरेबापत प्रोत्सान स्वरुप मासिक रुपमा दिइदै आएको यातायात खर्चलाई क्रमश बृद्धी गरिदै लगिने छ ।
- स्वास्थ्यकर्मी र स्वास्थ्य स्वायंसेविका परिचालन गरी मोबाइल एप्लिकेशनको माध्यमबाट गर्भावस्था देखि सुत्केरी अवस्था र २ बर्ष सम्मका बालबालिकाहरुको स्वास्थ्य लेखाजोखा गर्न मेडिको मोबाइल कार्यक्रम संचालनमा ल्याइने छ ।
- मातृ तथा नवशिशु कार्यक्रमलाई निरन्तरता दिने नीति अवलम्वन गरिनेछ ।
- -स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंसेविकाहरुको परिचालन समुदाय स्तरमा गरी बालबालिका हरुको पोषण लेखाजोखा कार्यक्रम संचालन गरी कुपोशित बालबालिका पत्ता लगाई उपचारको दायरामा ल्याउने व्यवस्था मिलाइने छ ।
- ५ वर्ष मुनिका कुपोषित बालबालिकाको उपचार गर्नका लागि कमल नगर अस्पताल र लखनपुर स्वास्थ्य चौकीमा कुपोषित बालबालिकाको उपचार केन्द्र (OTC Center) सन्चालन लाई निरन्तरता दिइने छ ।
- २ वर्ष मुनिका सबै बालबालिकालाई बालभिटा उपलब्ध गराउने नीति लिइनेछ ।
  - पुर्णखोप सुनिस्चितताका लागी सवै वडामा नियमित खोप कार्यक्रम लाई निरन्तरता दिदै आवश्यक्ता अनुसार खोप केन्द्रको विस्तार गर्दै लगिनेछ । साथै पुर्ण खोप सुनिस्चितताका लागी खोज र खोपको निति लाई अवलम्बन गरिने छ ।
- किशोर किशोरीहरु लक्षित कार्यक्रम तथा परिवार योजना र प्रजनन स्वास्थ्य कार्यक्रम संचालन तथा किशोर किशोरी मैत्री स्वास्थ्य संस्था स्थापना गरी संचालनमा ल्याउने निती लिइनेछ ।
- विद्यार्थीहरुको स्वास्थ्य परीक्षण तथा स्वास्थ्य शिक्षा कार्यक्रम अन्तर्गत सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा निशुल्क स्वास्थ्य परिक्षण शिविर संचालन तथा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने नीति लिइनेछ ।
- अपागंता भएका नागरीकहरुका लागि नि:शुल्क स्वास्थ्य शिविर संचालन गर्ने नीति लिइनेछ ।
- नसर्ने रोगको रोकथामका लागी समुदाय स्तरमा सामाजिक व्यबहार परिबर्तनका कार्यक्रमहरु संचालनमा ल्याइने छ । साथै सुगर र प्रेशरका रोगिहरुका लागी निशुल्क उपलब्ध हुने औषधिहरु सवै स्वास्थ्य स्वास्थ्य संस्था बाट आवश्यक्ता अनुसार व्यवस्थापन मिलाइने छ ।
- स्वास्थ्य संस्थाहरुको गुणस्तर सुधारका लागी आवश्यक व्यवस्था मिलाइनेछ ।
- सुरक्षित मातृत्व कार्यक्रमका लागि पोर्टेबल भिडियो एक्सरेको व्यवस्था गरी प्रत्येक स्वास्थ्य सस्थाहरुमा नि:शुल्क गर्भवती आमाहरुको भिडियो एक्सरे गर्ने व्यवस्था मिलाइनेछ ।
- सबै स्वास्थ्य सस्थाहरुमा अक्सिजन सिलिण्डर व्यवस्था गरी अक्सिजन लिनुपर्ने विपन्न बिरामीहरुको लागि प्रयोग गर्न उपलव्ध गराउने व्यवस्था गरिनेछ ।
- नेपाल रेडक्रस सोसाइटी, दमकसंग समन्वय र सहकार्य गरी व्लड बैंक स्थापनाको लागि पहल गरिनेछ ।

# गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण

| सञ्चालित कार्यक्रम /आयोजना | लक्ष्य | क्रियाकलाप/उपलब्धी |
|---|---|---|
| सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य | संस्थागत सुत्केरीमा सुधार ल्याउने । सुरक्षित गर्भपतन सेवा सञ्चालन गर्ने मातृ तथा शिशु मृत्युदर शुन्य बनाउने । परिवार नियोजनका अस्थायी साधनको प्रयोगमा बृद्धि गर्ने । | **क्रियाकलाप :** बर्थिङ सेन्टर सञ्चालन गरिएको । गर्भजाँचको प्रोटोकल भिजिटमा आउने आमाहरुलाई पोषणबापत सुविधा उपलब्ध गराइएको । बर्थिङ सेन्टरमा सुत्केरी हुन आउने प्रजनन् स्वास्थ्य उमेरका महिलाहरुलाई सुत्केरी गराएबापत प्रोत्साहन गरिएको ।<br>सुरक्षित मातृत्वअन्तर्गत घुम्ती भिडियो एक्सरे सेवा कार्यक्रम सञ्चालन गरिएको । स्वास्थ्य संस्थामा गर्भवती जाँच गरिएको । आइरन, क्याल्सियम, फोलिक एसिड नि:शुल्क वितरण । नि:शुल्क एम्बुलेन्स सेवा सञ्चालन गरिएको । गर्भजाँचको क्रममा असुरक्षित अवस्थामा रहेका बच्चाहरुलाई गर्भपतनमार्फत् सेवा दिइएको । नि:शुल्क गर्भपतन सेवा सञ्चालन गरिएको । सबै स्वास्थ्य संस्थाबाट परिवार नियोजनका अस्थायी साधनहरु नि:शुल्क वितरण गरिएको ।<br>**उपलब्धि :** प्रोटोकल गर्भजाँचमा सुधार आएको । मातृ तथा बाल मृत्युदरको रेकर्ड न्यून रहेको । घरमै प्रसुती गराउनेको संख्यामा कमि आएको । आकस्मिक गर्भ निरोधक कार्यक्रम अन्तर्गत सबै स्वास्थ्य संस्थामा आई.फ्रि.७२ चक्की नि:शुल्क वितरण । न्यानो झोला वितरण कार्यक्रम प्रभावकारी भएको । |
| स्वाथ्य क्षेत्र सुधार कार्यक्रम | स्वास्थ्य संस्था नभएका वडाहरुमा आधारभूत स्वास्थ्य सेवा केन्द्र संचालन गर्ने ।<br>भइरहेका स्वास्थ्य केन्द्रहरुलाई स्तरोन्नती गर्ने ।<br>आधारभूत स्वास्थ्य केन्द्र थप गरि सेवा विस्तार गर्ने ।<br>महामारीजन्य रोगहरुको व्यवस्थापनमा अगाडी बढ्ने । | **क्रियाकलाप :** नगर अस्पताल सञ्चालन गर्न सफल । कमल गाउँपालिकाका निर्माण सम्पन्न हुन बाँकी रहेका स्वास्थ्य संस्थाहरुको निर्माणलाई तीव्रता दिइएको । आवश्यक ठाउँहरुमा ल्याब सेवा, गाउँघर क्लिनिकको सेवा, खोप कार्यक्रमको सेवा, अवस्था र ठाउँ अनुसार नागरिकहरुलाई प्रदान गरिएको ।<br>**उपलब्धि:** सबै स्वास्थ्य संस्थाहरुको भौतिक संरचना निर्माण सम्पन्न भएको । सबै स्वास्थ्य संस्थाहरुले आफ्नै भवनबाट सेवा प्रवाह शुरुवात गरेका । आधा घण्टाभित्र आधारभूत स्वास्थ्यको पहुँच सुनिश्चित गरिएको । पूर्ण खोप सुनिश्चितता घोषणा गरिएको । अपांगता भएकालाई आवश्यक सहायक सामग्रीहरु वितरण गरिएको । अस्पताल निर्माण सम्पन्न गरी मेडिकल अफिसरको सेवा सञ्चालनमा आएको । स्वास्थ्य बीमा कार्यक्रममा विपन्न परिवारका सदस्यलाई समेट्दै पहिलो उपचारको रुपमा पालिका अस्पतालबाट सेवाको शुरुवात गरिएको । |
| क्षयरोग नियन्त्रण कार्यक्रम | नयाँ क्षयरोगी पत्ता लगाउने, | **क्रियाकलाप :** स्वास्थ्य चौकी लखनपुरमा |

| | | |
|---|---|---|
| | पत्ता लागेका क्षयरोगीहरुलाई उपचारमा ल्याई निदान गर्ने ।<br>सम्पर्क परीक्षण तथा ५ वर्ष मुनिका वालवालिकाहरुको लागि टि.बि.पि.टि. कार्यक्रम सञ्चालन गर्ने । | माइक्रोस्कोपिक सेन्टरको स्थापना ।<br>म.स्वा.से. तथा स्वास्थ्यकर्मिद्वारा स्क्रिनिङ कार्यक्रम ।<br>विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम ।<br>समुदायमा जनचेतनामुलक कार्यक्रम ।<br>**उपलब्धि :** क्षयरोगी मृत्यु हुने दरमा कमी आएको ।<br>समुदायको चेतनास्तरमा सुधार आएको । |
| परिवार कल्याण कार्यक्रम | पोषण कार्यक्रम संचालन गर्ने ।<br>५ वर्ष मुनिका वालवालिकाहरुको वाल रोगको एकिकृत व्यवस्थापन कार्यक्रम | **क्रियाकलाप :** – २ वर्षसम्मका बच्चाहरुको खोप क्लिनिक, स्वास्थ्य संस्थामा नियमित वृद्धि अनुगमन गरिएको ।<br>६ महिनाभन्दा माथिका बालबालिकालाई बालभिटा खुवाउने कार्य गरिएको । राष्ट्रिय भिटामिन ए कार्यक्रम सञ्चालन गरिएको ।<br>गर्भजाँच तथा राष्ट्रिय खोप अभियान कार्यक्रम नियमित सञ्चालन गरिएको ।<br>**उपलब्धि :** कुपोषित बच्चाहरुको संख्यामा कमी आएको कुपोषणका कारण हुने शिशु मृत्युदरमा कमि आएको ।<br>जन्मान्तरको कारण आमा तथा बच्चाहरुको स्वास्थ्य तथा बृद्धि विकासमा सहायता मिलेको । संस्थागत सुत्केरी बढेको, घरमै सुत्केरी गराउने आमाहरु घटेका, पूर्ण खोप सुनिश्चितता भएको । |
| एकिकृत बाल तथा स्वास्थ्य पोषण कार्यक्रम | कुपोषित बच्चाहरुको खोजी तथा व्यवस्थापन गर्दै कुपोषण रहित पालिका निर्माण गर्ने ।<br>ओ.टि.सि. सेन्टर स्थापना गर्ने । | **क्रियाकलाप:** ६ महिनामाथिका कम तौल भएका बालबालिकाहरुलाई स्वास्थ्य संस्थाबाट बालभिटा वितरण गरी खुवाउने कार्य भएको । वृद्धि अनुगमन कार्यक्रम प्रत्येक स्वास्थ्य संस्थामा सञ्चालन गरिएको, कुपोषित बच्चाहरुको खोजी गरी उपचार गरिएको । संस्थागत सुत्केरीसँगै पोषण सहयोग कार्यक्रम सञ्चालन गरिएको । ओटीसी सेन्टर स्थापना गरी आवश्यक क्रियाकलाप गरिएको ।<br>**उपलब्धि :** पोषणको कारण हुने मृत्युदरमा कमी आएको भिटामिन ए कार्यक्रम, न्यानो झोला कार्यक्रम र पोषण कार्यक्रम मार्फत बालबालिकाको जीवनस्तरमा परिवर्तन आएको ।<br>न्यून तौल भएका बच्चाहरुमा कमी आएको । |
| अपांगता रोकथाम तथा कुष्ठरोग नियन्त्रण कार्यक्रम | जन्मबाट नै हुने अपांगता शुन्य बनाउने । | **क्रियाकलाप :** नयाँ अपाङ्गता पत्ता लगाउन स्वास्थ्यकर्मीहरु आवस्यक ठाउँमा घरदैलो गरिएको ।<br>गर्भको तयारी गरेर बच्चा जन्माउन आमा बाबु दुवैलाई फोलिक एसिड चक्की वितरण गरिएको ।<br>घुम्ती भिडियो एक्सरे सेवा सञ्चालन गरिएको ।<br>नियमित गर्भ जाँच गरी अपांगता बच्चा नै नजन्माउन विशेष निगरानी गरिएको । नवशिशु जाँच पड्ताल गरिएको । अपाङ्गता भएकाहरुलाई सहायक सामग्री वितरण गरिएको । स्वास्थ्य उपचार सहयोग गरिएको ।<br><br>**उपलब्धि :** अपांगता भएका बच्चाहरु नवशिशु जाँच पड्तालबाट नभेटिएको । आवश्यकताका आधारमा सहायक सामग्री वितरण गरी अपाङ्गता भएकाहरुको जीवनयापनमा सहजता आएको । सामाजिक सुरक्षा |

| | | |
|---|---|---|
| | | कार्यक्रममार्फत् आर्थिक सहायता प्राप्त भएको । विपन्न तथा अति समस्यामा रहेका अपाङ्गता भएका व्यक्तिलाई राज्यबाट प्रदान गरिएको निःशुल्क स्वास्थ्य सेवाबाट स्वास्थ्य उपचारमा सहजता आएको । |
| अस्पताल निर्माण सुधार तथा व्यवस्थापन सूचना प्रणाली कार्यक्रम | पालिका स्तरको अस्पताल संचालन गर्ने ।<br>चौमासिक एवं वार्षिक समिक्षा गर्ने । | **क्रियाकलाप** : पालिका अस्पतालको भवन निर्माण सम्पन्न भई सञ्चालनमा आएको । निर्माण सम्पन्न हुन बाँकी रहेका स्वास्थ्य संस्थाको निर्माण सम्पन्न गरिएको ।<br>**उपलब्धि** : कमल पालिका अस्पताल सञ्चालनमा आएको वडा नं. ३ र ४ को आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न गरिएको । ११ वटा खोप केन्द्र, ६ वटा गाउँघर क्लिनिक, १ वटा हेल्थपोष्ट, ५ वटा आधारभूत स्वास्थ्य केन्द्र, १ वटा बर्थिङ सेन्टर, १ वटा सामुदायिक स्वास्थ्य इकाई केन्द्र, १ प्रदेश आयुर्वेदिक अस्पताल । वडा नं. ४ को राजमार्गमा रहेको आधारभूत स्वास्थ्य केन्द्रलाई नागरिकहरुको स्वास्थ्य सेवाको पहुँच सहज बनाउन डाँफे टोलमा आफ्नै भवनबाट सेवा सञ्चालनमा ल्याइएको । वडा नं. ५ मा वडा कार्यालय परिसरमा रहेको स्वास्थ्य संस्थालाई नयाँ भवनमा व्यवस्थित गरिएको । |
| राष्ट्रिय, स्वास्थ्य शिक्षा, सूचना तथा संचार कार्यक्रम | स्वास्थ्य सचेतनामा सुधार गर्ने । | **क्रियाकलाप** : गाउँघर क्लिनिक कार्यक्रम सञ्चालन गरिएको, अपाङ्गताका लागि घरभेट कार्यक्रम गरिएको । पूर्ण खोप सुनिश्चितताका लागि घरधुरी सर्भेक्षण गरिएको । पूर्ण खोप सुनिश्चितताका लागि खोपमा छुटेका बालबालिकालाई खोप लगाउनुपर्छ भनी स्थानीय मिडियाबाट सूचना प्रकाशन, प्रशारण गरिएको । विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन । प्रत्येक सेवाको सेवा रजिष्टर, Tally sheet, HMIS 9.3, Monthly monitoring prophyle ,DHIS 2, eLMIS Systeam, Grop communication बारे नियमित मासिक बैठकमा विस्तृत छलफल गर्ने गरिएको ।<br>**उपलब्धिः** स्वास्थ्य र शिक्षा कार्यक्रमहरु प्रभावकारी रुपमा संचालन भएका कारण पूर्ण खोप सुनिश्चितता भएको, संस्थागत सुत्केरीमा सुधार आएको, अपांगता रोकथाम कार्यक्रम प्रभावकारी भएको, समयमै स्वास्थ्य उपचारमा जानुपर्छ भन्ने सोचको विकास भएको । |
| उपचारात्मक सेवा कार्यक्रम | सबै स्वास्थ्य चौकी तथा सबै वडाका स्वास्थ्य केन्द्रबाट आभारभूत देखी ओपिडी सेवा संचालन गर्ने । | **क्रियाकलाप** : मेडिकल अफिसरबाट पालिका अस्पतालमा ओ.पि.डि. सेवा सञ्चालन ।<br>- सबै स्वास्थ्य संस्थाहरुमा ओपीडी सेवा सञ्चालन गरिएको ।<br>- औषधीको नियमित व्यवस्था गरिएको ।<br>- आवश्यक उपकरणहरुको समयमै व्यवस्थापन गरिएको<br>**उपलब्धि** : नागरिकहरुलाई आधारभूत स्वास्थ्य उपचारात्मक सेवा प्रदान गर्न सफल रहेको । |

| | | |
|---|---|---|
| नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम | नर्सिङ तथा सामाजिक सुरक्षा सेवा कार्यक्रम संचालन गर्ने । | **क्रियाकलाप :** पालिकामा रहेका सबै स्वास्थ्य सस्थाका नर्सिङ स्टाफहरुलाइ आवस्यक तालिम प्रदान गरिएको । सामुदायिक म.स्वा.स्व.से.हरुलाइ यातायात खर्च प्रदान गरिएको । उत्कृष्ट महिला स्वास्थ्य स्वयम् सेविकालाई पुरस्कृत गरिएको । . **उपलब्धि :** दक्ष स्वास्थ्यकर्मीहरुबाट सबै स्वास्थ्य संस्थाहरुमा नागरिकहरुलाई स्वास्थ्य सेवा प्रदान गर्न सफल रहेको । |

**सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका स्वास्थ्य क्षेत्रका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- पूर्ण खोप सुनिश्चित गरी स्वस्थ समाज निर्माण गर्न खोज र खोपको नीति अनुरुप ग्रामिण सर्वेक्षण गरी पूर्ण खोप सुनिश्चितताको कार्य गरेको ।
- स्वास्थ्यमा विपन्न परिवारको पहुँच वृद्धि गरी स्वास्थ्य उपचारको आधारभूतदेखि जटिलसम्मको सेवा प्रदान गर्न बीमामा विपन्न परिवार निःशुल्क स्वास्थ्य बीमा कार्यक्रम सञ्चालन गरिएको ।
- मातृ तथा शिशु मृत्युदर शून्य बनाउन सुरक्षित मातृत्व कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्न आर्थिक सहितको व्यवस्थापन गरेको ।
- कमल गाउँपाकिलावासी नागरिकहरुको स्वास्थ्यलाई मध्यनजर गर्दै आधारभूतदेखि मेडिकल अफिसरसम्मको उपचारात्मक सेवा प्रदान गर्न स्वास्थ्य क्षेत्रमा नीतिगत रुपमा व्यवस्था गरी कार्य गरिएको ।

## सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचकसहित कामको विवरण |
|---|---|
| ५ बर्ष मुनीका बालबालिकाले खोप प्राप्त अवस्था । | ११ वटा खोप केन्द्र मार्फत खोप संचालन गरी बि.सि.जि ८४.३ %, डि.पि.टि. पहिलो ८४.३%, दादुरा रुवेला पहिलो ९१.५%, जे.ई ८४.४% । ड्रप आउट (एउटा खोप) लगाएका र थप खोपका लागि सम्पर्कमा नआएका बच्चाहरुको खोजी गरी खोज र खोपको नीति अनुसार खोपाउने कार्य भएको । खोप कार्यकर्ताहरुलाई जिल्ला स्वास्थ्य समन्वय समिति मार्फत ८ जानले खोप सम्बन्धी तालिम प्राप्त गरेका । खोपको घरधुरी सर्वेक्षण सम्पन्न गरिएको । |
| स्वास्थ्य चौकी एक घण्टाभित्र पैदल वा यातायात पहुँच भएको घरधुरी संख्या । | कमल पालिका अस्पताल सञ्चालनमा आएको वडा नं. ३ र ४ को आधारभूत स्वास्थ्य केन्द्रको भवन निर्माण सम्पन्न गरिएको । ११ वटा खोप केन्द्र, ६ वटा गाउँघर क्लिनिक, १ वटा हेल्थपोष्ट, ५ वटा आधारभूत स्वास्थ्य केन्द्र, १ वटा बर्थिङ सेन्टर, १ वटा सामुदायिक स्वास्थ्य इकाई केन्द्र, १ प्रदेश आयुर्वेदिक अस्पताल । वडा नं. १ मा रहेको आधारभूत स्वास्थ्यकेन्द्र जाने बाटो निर्माणको काम भएको ।<br><br>वडा नं. ४ को राजमार्गमा रहेको आधारभूत स्वास्थ्य केन्द्रलाई नागरिकहरुको स्वास्थ्य सेवाको पहुँच सहज बनाउन डाँफे टोलमा आफ्नै भवनबाट सेवा सञ्चालनमा ल्याइएको । वडा नं. ५ मा वडा कार्यालय परिसरमा रहेको स्वास्थ्य संस्थालाई नयाँ भवनमा व्यवस्थित गरिएबाट सबै नागरिक १ घण्टाभित्र स्वास्थ्य संस्थाको पहुँचमा रहेका । |

| | |
|---|---|
| खोपमा पहुँच भएको जनसंख्या (एक वर्ष मुनिका बालबालिकाको आधारमा । | कमल गाउँपालिकाका ११ वटा खोप केन्द्र मार्फत नियमित रुपमा खोप कार्यक्रम सञ्चालन गरिएको र घरधुरी सर्भेक्षण गरिएको र खोपमा छुटेका बच्चाहरुलाई खोप लगाउने कार्य भएको । १ वर्ष मुनिका बालबालिका खोपमा कोही नछुटेका कारण पूर्ण खोप सुनिश्चितता घोषणा भएको । |
| ४ पटक गर्भवती जाँच गरिएको महिलाको संख्या । | कमल गाउँपालिकाभित्र गर्भजाँचका लागि सबै स्वास्थ्य संस्थामा आवश्यक व्यवस्था गरिएको साथै मासिक रुपमा घुम्ती भिडियो एक्सरे सेवा सञ्चालन गरिएको । प्रोटकल गर्भजाँच गराउने महिलाहरुलाई १ हजार रुपैयाँ पोषण भत्ता दिइएको । प्रथम भिजिट ६२.७%, प्रोटोकल चौथो भिजिट ८६.६ % । |
| दक्ष प्रसूति कर्मीबाट प्रसूति गरिएका महिलाको संख्या । | आमा सुरक्षा तथा प्रजनन् स्वास्थ्य सम्बन्धि कार्यक्रम सञ्चालन गरिएको । बर्थिङ सेन्टर सञ्चालन गरिएको । बढ्दो चेतनाका कारण सहरका ठूला अस्पतालहरुमा सुत्केरी गराउनेको संख्या बढेको । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिकाको संख्या | शुन्य रहेको । खोपतर्फका कार्यक्रम तथा घरघरमा शौचालय भएका कारण साथै पानी तथा खानेकुराबाट सर्ने रोगहरुको विषयमा समुदाय स्तरमा विभिन्न स्वास्थ्य संस्था, स्वास्थ्यकर्मी र स्वास्थ्य स्वयम सेविकाहरुबाट जनचेतनामूलक कार्यक्रम संचालन गरिएको । |

### आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

- ❖ स्थानीय स्वास्थ्य संस्थाबाट भरपर्दो सबै सेवा सर्वसुलभ प्रदान हुन्छ र लिनुपर्छ भन्ने सोचमा कमी रहनु । एकै प्रकारको उपचार शहरमा खर्चिलो ढंगले गर्न तयार रहनु आफ्नो स्वास्थ्य संस्थाप्रति विश्वास लिन नसक्नु ।
- ❖ कार्यक्रम र सेवाको विस्तार अनुसार जनशक्ति, औजार, उपकरणको आवश्यक मात्रामा व्यवस्था गर्न कठिनाई रहनु ।
- ❖ बर्थिङ सेन्टर सञ्चालन भए पनि शहरका ठूला अस्पतालमा सुत्केरी गराउने सोचका कारण बर्थिङ सेन्टरमा सन्तान जन्माउनेको संख्यामा कमी आएको ।
- ❖ पुरै साईकल बालभिटा नखानु र बालभिटा उपलब्ध समेत नहुनु ।

### भावी कार्यक्रम अझ प्रभावकारी संचालनको लागि चाल्नुपर्ने कदम र सुझावहरु :

- ❖ जिल्ला, प्रदेश र संघसँगको तथ्यांक व्यवस्थापन पद्धतिमा आफ्ना गाउँवासी नागरिकले अन्यत्र गएर लिएको सेवा एकीकृत गरी पालिकामा व्यवस्थापन गर्नुपर्ने जसबाट सूचकहरु पूरा हुने कुरामा सहायता मिल्ने ।
- ❖ कार्यक्रम र सरकारले तोकेको आधारभूत सेवा विस्तार भई सूचकअनुसारको पूर्वाधार तथा जनशक्ति व्यवस्थापन भए पनि प्रचारात्मक सेवामार्फत् नागरिकहरुलाई सेवा लिन आउन सक्ने वातावरण मिलाउन आवश्यक देखिन्छ ।
- ❖ ४ पटक गर्भवती जाँच तथा संस्थागत सुत्केरी गराउनेको संख्यामा तुलनात्मक रुपमा कम देखिएकोले यसलाई सुधार गर्न आवश्यक रहेको ।
- ❖ नसर्ने रोगलाइ समयमै सचेतला बढाउन स्वस्थ्यकर खानपान र व्यायाम संबन्धि स्वास्थ्य शिक्षामा जोड दिने

## विषयगत शाखा/कार्यालयको नाम : (ख) शिक्षा शाखा

### शिक्षा तथा खेलकुद नीति :

१. सामुदायीक विद्यालयहरुमा अभिभावक तथा विद्यार्थीहरुको पहुँच वढाउनका लागि आमा बुवा दुबै गुमाएका साथैं वुवाको मृत्यु भई आमाको सहारामा रही सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीका लागि छात्रवृत्ती अनुदान उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

२. विद्यार्थीको शैक्षिक गुणस्तर अभिवृद्धी तथा शैक्षिक सुधारका लागि पालिका स्तरीय कक्षा ८ र कक्षा १० को स्तरमापन परीक्षा सञ्चालन तथा ब्यवस्थापन कार्यक्रममा जोड दिईनेछ ।

३. विद्यार्थीहरुको अर्न्तनिहीत क्षमताको प्रस्फुटनका लागि (नृत्य, खेलकुदतथा कम्प्युटर) लाई प्रोत्साहन गर्नका लागि घुम्ती शिक्षकको ब्यबस्थापन गर्ने नीति लिईनेछ ।

४. विद्यालयहरुमा अध्ययनरत वालवालिकाहरुलाई शैक्षिक उन्नयन तथा पृष्ठपोषण गर्नका लागि पालिकास्तरीय विज्ञ समुह गठन गरेर विद्यालय अनुगमन तथा शिक्षण सिकाई गतिबिधिमा पृष्ठपोषण प्रदान कार्यक्रममा जोड दिईनेछ ।

५. यस पालिकाका विद्यालयहरुको शैक्षिक विकास तथा गुणस्तर अभिवृद्धीका लागि नेपालका विभिन्न जिल्लाका नमुना विद्यालयहरुको अभ्यासलाई स्थलगत रुपमा अध्ययन तथा अवलोकन गरी थप प्रभावकारीता स्थापित गर्नका लागि यस पालिकाका प्र. अ., गाउँपालिकाका कर्मचारी तथा जनप्रतिनिधिज्युहरु सहितको टिमको विभिन्न जिल्लाका नमुना विद्यालयहरुको अवलोकन भ्रमण कार्यक्रम राखिनेछ ।

६. विद्यार्थीहरुको गणित विषयको शैक्षिक स्तरलाई अभिवृद्धिका लागि सामुदायिक विद्यालयका शिक्षकहरुका लागि थप पृष्ठपोषण गर्नका लागि शिक्षण सिकाई अभिवृद्धी तालिम कार्यक्रम संचालन गरिनेछ ।

७. सामुदायिक विद्यालयमा कक्षा ६ सम्म अध्ययन गर्ने विद्यार्थीलाई नेपाल सरकारले दिवा खाजा कार्यक्रमको व्यवस्थागरेकोमा सो कार्यक्रमलाई गुणस्तरीय दिवा खाजा ब्यबस्थापनमा सहायता पुगोस भन्ने हेतुले दिवा खाजा व्यवस्थापनमा सहायता अनुदानको व्यवस्था गरिनेछ ।

८..प्रधानाध्यपक र विद्यालय व्यवस्थापन समितिसँग जनप्रतिनिधि अन्तर्क्रिया कार्यक्रमको व्यवस्था गरिनेछ ।

९ .सेवावाट निवृत हुने शिक्षक तथा कर्मचारीहरुलाई सम्मान कार्यक्रम संचालन गरिनेछ ।

१०. सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुसग गाउँपालिकाका जनप्रतिनिधिसंग शैक्षिक अन्तर्क्रिया कार्यक्रमको व्यवस्था गरिने छ ।

११ .शिक्षण सिकाई क्रियाकलापमा प्रविधिको प्रयोग र शिक्षक तालिमको व्यवस्था गरिनेछ ।

१२. विद्यालयहरुमा बाल क्लबको माध्यमवाट अतिरिक्त क्रियाकलाप संचालनका लागि प्रोत्साहन गर्ने नीति लिईनेछ ।

१२.विद्यार्थी संख्याको आधारमा वालविकास केन्द्रलाई प्रोत्साहित गर्ने नीति लिईनेछ ।

१३. विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्नका निम्ति विद्यालयको शिक्षक दरवन्दी मिलान गरी विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी अपुग भएका विद्यालयहरुमा शिक्षण सहयोग अनुदान मार्फत शिक्षकको व्यवस्थापन गर्नका लागि वजेटको व्यवस्थालाई निरन्तरता दिने नीति अवलम्वन गरिनेछ । यसवाट सामुदायिक विद्यालयहरुको पठनपाठनमा सहयोग भई नतिजा सुधारमा सकारात्मक सहयोग पुग्ने विश्वास लिईनेछ ।

१४.सामुदायिक विद्यालयहरुमा सुविधायुक्तर पहुँचयोग्य वालमैत्री शौचालय निर्माण गर्ने र विद्यालय परिसरमा घेरावाराको व्यवस्थालाई क्रमश अगाडी लैजाने नीति लिईनेछ ।

१५.विद्यालयका प्र.अ. हरुको वैठकलाई नियमितता दिने नीति लिईनेछ । जसवाट विद्यालयका हरेक गतिविधिहरुको नियमित आदानप्रदान हुने र विद्यालय सुधारको प्रतिस्पर्धात्मक वातावरणको सृजनामा सहयोग पुग्ने समेत विश्वास लिईएकोछ ।

१६.पालिकास्तरिय आधारभुत तह(कक्षा ८) उत्तिर्ण परीक्षालाई व्यवस्थित रुपमा संचालन तथा परीचालन गरी नतिजालाई गुणस्तरसग जोड दिने नीतिलिइनेछ ।

१७.पालिकाभित्रका विद्यालयहरुमा स्थानीय विषयको रुपमा पालिकाको विविध क्षेत्रलाई समेटेर स्थानीय पाठ्यक्रमको निर्माण गरिनेछ ।

१८.अभिभावकहरुको अंग्रेजी विषयप्रतीको ध्यानाकर्षण तथा आजको आवश्यकतालाई मध्यनजर गर्दै पूर्व प्राथमिक तहदेखी नै अंग्रेजी विषयको उन्नयनका निम्ति वालविकास कक्षाका नानीहरुका लागि अंग्रेजी माध्यमका पाठ्य पुस्तक ब्यबस्थापनको निरन्तरता दिईएको छ । साथै गाउपालिका अर्न्तगतका सवै सामुदायिक विद्यालयहरुमा एकै किसिमका अंग्रेजी माध्यमका पाठ्यपुस्तक लागु गर्ने नीतिलाई कडाईसाथ अगाडी वढाउने नीति लिईनेछ ।

१९.वाल कक्षामा स-साना नानीहरुलाइ आकर्षित गर्नका लागि वाल कक्षाको शैक्षिक अवस्थाको गुणात्मक सुधारको लागि आवश्यक व्यवस्था मिलाउने नीति लिईनेछ ।

२०.विद्यार्थीहरुको खेलप्रतिको उत्साहलाई व्यवस्थित एवं मर्यादित बनाई उनिहरुको अर्न्तनिहित क्षमताको विकास गरी अनुशासित नागरिक तयारीका निम्ति राष्ट्रपति रनिङ् शिल्ड खेलकुद प्रतियोगितालाई व्यवस्थित रुपमा संचालन गर्ने नीति लिईनेछ ।

२१.विद्यालयका विविध गतिविधी समेटिएको शैक्षिक क्यालेण्डर निर्माण कार्यक्रमलाई निरन्तरता दिईएको छ ।

२२.विद्यालयका विविध पक्षहरुलाई समेटेर शिक्षा दिवस तथा वाल दिवस कार्यक्रम संचालन गरिनेछ ।

२३.स्थानिय तहस्तरवाटै दक्ष प्राविधिक जनशक्ति तयार गर्नका लागि कमल गाउँपालिका मातहतका प्राविधिक शिक्षालयहरुमा प्राविधिक विषय अध्ययन गर्ने कमल गाउपालिकावासी अभिभावकका छोराछोरीहरुलाई शिक्षण सहयोगमा थप सहयोगका लागि छात्रवृत्ती प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ । साथै लोपोन्मुख जातीहरु मुसहर, सतार,झागड र मिस्त्रि जातीका छोराछोरीहरुलाई प्राविधिक शिक्षा अध्ययनका लागि छात्रवृत्तीको व्यवस्था मिलाईनेछ ।

२४.दक्ष एवम् वाल मनोवैज्ञानिक विषय विज्ञहरुवाट शैक्षिक जागरणका निम्ति शिक्षण पेशाप्रती Professional TOT तालिम कार्यक्रम संचालन गरिनेछ ।

२५.ईन्स्योर परियोजना अन्तर्गतका कार्यक्रमलाई सम्पन्न गर्न गाउँपालिकाबाट साझेदारी अनुदान थप गरिनेछ ।

२६.सामुदायीक विद्यालयमा २० वर्ष भन्दा बढी समय काम गर्ने नेपाल सरकारको अस्थायी करार दरवन्दीमा रहेका विद्यालय कर्मचारी,वालविकास केन्द्र शिक्षक, विद्यालय सहयोगी र आयाहरुलाई सेवामा रहदा मनोवल वढाउनका निम्ति कार्यविधी तयार गरी उच्चतम सेवा अवधिलाई मध्यनजर गरेर अवकाश वा राजिनामापछी उपदानस्वरुप तोकिएको रकम उपलव्ध गराउने नीति लिईनेछ ।

२७.कमल गाउपालिकाका क्रमश सवै विद्यालयहरु हरेक गतिविधीको अनुगमन तथा नीरिक्षणका लागि सि.सि. क्यामरा, अडियो साउण्ड लगायतका प्रविधि, सफ्टवेयरको व्यवस्था गर्ने साथै विद्यालयहरुको अनुगमनलाई पालिकासंग सम्बद्ध गराउने नीति लिईनेछ ।

२८.विद्यालयहरुको शैक्षिक सुधारका लागि प्रत्येक विद्यालयहरुमा शैक्षिक, भौतिक र प्रशासनिक अवस्थाको विषयमा पालिका स्तरीय अनुगमन समितिबाट निरन्तर अनुगमन गर्ने नीति लिईनेछ ।

२९.विद्यालय स्काउटको कार्यक्रम संचालनगरी स्काउटका गतिविधी संचालन गर्ने विद्यालयहरुलाई सोको मुल्याङ्कनको आधारमा प्रोत्साहन गरिने नीति लिइनेछ ।

३०.प्रधानाध्यापकहरुका लागि शैक्षिक विकास तथा आर्थिक नियमावलीसग जोडिएका विषयहरुका निम्ति प्र.अ.

र लेखा कर्मचारीहरुको स्व:विकास तालिमको व्यवस्था गरी शैक्षिक विकास एवम् आर्थिक पारदर्शिता कायम गर्ने नीति लिइनेछ ।

३१.शिक्षाको भावी रणनीति निर्माणका लागि आवधिक शैक्षिक योजना निर्माण र सोही अनुसारको कार्ययोजना तयार गरी सो को आधारमा शिक्षाको गुणस्तर वढाईनेछ ।

३२.कम्तिमा ५ ओटा आधारभुत तहका सामुदायिक विद्यालयलाई कुनै एक विधामा नमुना विद्यालयका रुपमा विकास गर्न **"हाम्रो विद्यालय सक्षम विद्यालय"** अभियानका लागि प्रस्तावनामा आधारित अनुदानको व्यवस्था गरिनेछ ।

३३.निजी क्षेत्रको लगानीमा खुलेका संस्थागत विद्यालयहरुलाई पालिकाबाट अनुगमन, नियमन गरी सेवामुलक वनाउने नीति लिइनेछ ।

३४.अंग्रेजी भाषाको माध्यमवाट गुणस्तरीय पठनपाठन गराउने सामुदायिक विद्यालयहरुलाई प्रोत्साहन गरिनेछ । तर यस्ता विद्यालयहरुमा हाम्रा रितिरिवाज, सस्कृती र परम्पराको सिकाइ हुने सामाजिक शिक्षाका विषयहरुको सिकाइ अनिवार्य रुपमा नेपाली भाषामा गर्ने नीति अवलम्वन गरिनेछ ।

३५.विद्यालयको व्यवस्थापन, सुशासन, अनुशासन तथा कार्यसम्पादन मुल्याङ्कनका आधारमा मापदण्ड निर्माण गरी विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक तथा शिक्षकहरुलाई पुरस्कृत र सम्मानित गर्ने नीति अवलम्वन गरिनेछ ।

३६.प्रचलित ऐन तथा नियमावलीको व्यवस्था तथा आचारसंहिता उल्लंघन गर्ने विद्यालय तथा शिक्षकहरुलाई कारवाहीको दायरामा ल्याउने नीति लिईनेछ ।

३७.सामुदायिक विद्यालयहरुलाई सुचना प्रविधिको प्रयोगवाट डिजिटल कक्षा संचालनको लागि प्रोत्साहन गरिनेछ ।

३८.शिक्षा समितिको नियमित वैठक वसी नविनतम शैक्षिक गतिविधिहरुलाई अगाडी वढाइनेछ ।

३९.कक्षा १-५ र कक्षा १-८ चलेका विद्यालयहरुलाई स्मार्ट टि.भि.को माध्यमवाट सिकाईमा सहजता र मनोरञ्जनात्मक सिकाई दिने नीति लिईनेछ ।

४०.अल्पसख्यक सिमान्तकृत (सन्थाल, कुमाल, कोचे, मेचे, झांगड, मिस्त्री अन्य सुचिकृत) कक्षा ११-१२ वा स्नातकमा अध्ययनरत छात्राहरुलाई छोरी वुहारी शिक्षाको माध्यमवाट यसै पालिका अर्न्तगतको विद्यालय र क्याम्पसमा अध्ययन गर्नका निम्ति प्राथमिकताको आधारमा गरिव तथा जेहेन्दार छात्रवृत्तीको व्यवस्थापन गरिनेछ ।

४१.सामुदायिक विद्यालयहरुको शैक्षिक गुणस्तर अभिवृद्धि र विद्यालय प्रतिको विश्वास जर्गेनाको लागि अभिभावक शिक्षा कार्यक्रम संचालन गरिने नीति लिइनेछ ।

४२.मदन भण्डारी स्मृति प्रतिष्ठानमा अध्ययनरत कमल गाउँपालिकाका विपन्न विद्यार्थीहरुलाई शैक्षिक ऋण उपहार कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापन गरिनेछ ।

४३.कक्षा १२ मा अध्ययनरत विद्यार्थीहरुलाई करियर काउन्सिलिङ्ग कार्यक्रम संचालन गरिने नीति लिइनेछ ।

४४.विद्यालयमा हुने हरेक विषय र गतिविधिहरुको बारेमा गुनासो सुनुवाई समिति गठन गरी सोको आधारमा विद्यार्थी (बालक्लब समेत), अभिभावक र सरोकारवालाबाट प्राप्त भएका गुनासाहरुमा अर्न्तक्रिया तथा छलफलको कार्यक्रम राखी सहजीकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

४५.कमल गाउँपालिका खेलकुद विकास समिति मार्फत आवश्यक कार्यविधी वा कार्यपालिकाबाट तोकिएको मापदण्डका आधारमा खेलकुद कार्यक्रम सन्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।

४६.खेलकुद समितिको माध्यमबाट सबै प्रकारका खेलहरु सन्चालन हुने व्यवस्था मिलाईनेछ । खेलकुदको क्षेत्रमा युवा, किशोरी, महिला एवं जुनियर खेलाडीहरुको क्षमता विकासमा सहयोग पुग्ने गरी कार्यक्रम संचालन गरिनेछ ।

४७.युवाहरुलाई कूलतबाट हटाउन लागू पदार्थ तथा दुर्व्यसनी न्युनिकरण जस्ता चेतनामूलक कार्यक्रम

सञ्चालन गरिने छ ।

४८.शान्ति, विकास र समृद्धीका लागि युवाहरुको सहभागिता सुनिश्चित गरिनेछ, युवाहरुमा राजनैतिक चेतना अभिवृद्धी गर्न नमुना युवा संसद अभ्यास लगायत युवाहरुको क्षमता अभिवृद्धी कार्यक्रम गरी सामाजिक उत्तरदायित्व वहन गराउन गठन भएका विभिन्न युवा क्लवहरुको क्षमता विकास, सामाजिक जागरण, रुपान्तरण र समृद्धीका लागि विभिन्न कार्यक्रमहरु संचालन गर्ने नीति अवलम्वन गरिनेछ ।

४९.गाउँपालिका स्तरीय अध्यक्ष कप फुटबल र उपाध्यक्ष कप भलिबल प्रतियोगिता सञ्चालन गरिनेछ ।

## गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण :

| आयोजनाको नाम | लक्ष्य | क्रियाकलाप | उपलब्धि |
|---|---|---|---|
| विद्यालय क्षेत्र सुधार योजना | **बालविकास र शिक्षा**<br>● बालबालिकाहरूलाई प्रारम्भिक बालविकास शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गराउनु ।<br>**आधारभूत शिक्षा**<br>● अनिवार्य तथा नि:शुल्क आधारभूत शिक्षाको प्रभावकारी कार्यान्वयन गर्दै समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,<br>**माध्यमिक शिक्षा**<br>● नि:शुल्क माध्यमिक शिक्षालाई पहुँच योग्य बनाई माध्यमिक तहमा प्राविधिक तथा ब्यावसायिक शिक्षालाई व्यवस्थित गर्ने ।<br>**उच्च शिक्षा**<br>● सस्थागत क्षमता विकास र गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि छात्रवृत्ति दिने<br>**पाठ्यक्रम तथा मूल्याङ्कन**<br>● स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकास गर्ने ।<br>● प्रारम्भिक कक्षाहरूमा | **बालविकास र शिक्षा**<br>● ३१ बाल विकास केन्द्र मध्ये १३ वटा बालविकास केन्द्रलाई आधुनिक र सुविधा सम्पन्न बनाइएको । ३ वटा बालविकास केन्द्र समुदाय स्तरमा संचालन गरिएको<br>● **आधारभूत शिक्षा**<br>● विभेदपूर्ण बातावरणमा विद्यालय सञ्चालनका साथै आधारभूत तहका सबै कक्षामा नि:शुल्क पाठ्यपुस्तक र छात्रा तथा दलित छात्रवृत्ति वितरण ।<br>**माध्यमिक शिक्षा**<br>विद्यालय शिक्षामा नि:शुल्क पाठ्यपुस्तक वितरण ।<br>**उच्च शिक्षा**<br>● गरिब तथा जेहेन्दार विद्यार्थीहरुलाई प्राविधिक शिक्षा अध्ययनका लागि विशेष व्यवस्था गरिने ।<br>**पाठ्यक्रम तथा मूल्याङ्कन**<br>● स्थानीय पाठ्यक्रम निर्माणको सोचमा विकास भएको (कक्षा १- ८)<br>● विद्यालयहरुमा विद्यार्थी संख्या र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गरेको | बालविकास केन्द्रमा आउन सक्ने उमेरका सबै बालबालिका बालविकास केन्द्रमा ल्याउन सफल रहेको<br><br>विद्यालय क्षेत्र सुधार कार्यक्रम मार्फत बहुसंख्यक बालबालिका लाभान्वित भएको र बालबालिकामा शिक्षाको पहुँचमा बृद्धि हुँदै गएको । |

| | | | |
|---|---|---|---|
| | आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने ।<br>**शिक्षक व्यवस्थापन र विकास**<br>● विद्यालयहरुमा विद्यार्थी संख्या र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान गरी शिक्षकको व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिने । | | |
| शिक्षा गुणस्तर सुधारका प्रयास | **शैक्षिक समता र समावेशीकरण**<br>✓ शिक्षाको मूल धारबाट वञ्चित रहेका बालबालिकाहरूलाई शिक्षामा पहुँच पुऱ्याई गुणस्तर सुनिश्चित गर्ने ।<br>**दिवा खाजा र स्वास्थ्य तथा पोषण कार्यक्रम**<br>✓ विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि व्यापारसँग जोड्ने।<br>सबै विद्यालयमा फोकल पर्सनको व्यवस्था तथा महिला स्वयम् सेवक परिचालन गर्ने ।<br>**विद्यालय भौतिक पूर्वाधार विकास**<br>✓ विद्यालय पूर्वाधारहरु लाई बालमैत्री, अपङ्गता र लैङ्गिक मैत्री आवश्यक मापदण्ड विकास र कार्यान्वयन ।<br>**शिक्षामा सूचना र प्रविधि**<br>✓ विद्यालय शिक्षालाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग विस्तार गर्ने । | **शैक्षिक समता र समावेशीकरण**<br>● शिक्षाको मूल धारबाट वञ्चित रहेका बालबालिकाहरूलाई शिक्षामा पहुँच पुऱ्याउन विद्यार्थी भर्ना अभियान सञ्चालन गरीएको ।<br>**दिवा खाजा र स्वास्थ्य तथा पोषण कार्यक्रम**<br>● विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषिसँग जोड्दै विद्यालयमा आधारित खाजा प्रणाली लागू गरिएको ।<br>● सबै विद्यालयमा फोकल पर्सनको व्यवस्था गरेको । सेनिटरी प्याड वितरण गरिएको तथा महिला स्वयम् सेविका आंसिक परिचालन गरीएको । माध्यामिक विद्यालयमा भेन्डिग मेसिन राखिएको ।<br>**विद्यालय भौतिक पूर्वाधार विकास**<br>● विद्यालय पूर्वाधारहरु लाई बालमैत्री, अपङ्गता र लैङ्गिकमैत्री आवश्यक मापदण्ड विकास र कार्यान्वयन गरिएको।<br>● **शिक्षामा सूचना र प्रविधि**<br>● IEMIS क्षमता विकास तालिम कार्यक्रम सञ्चालन ।<br>● ict तालिम कार्यक्रम सञ्चालन ।<br>● सबै विद्यालयमा इन्टरनेटको सुविधा । | शिक्षा गुणस्तर सुधारका प्रयासहरु समय सापेक्ष सुधार आएको देखिन्छ । कार्य सम्पादन सम्झौता |

**सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- ❖ विद्यार्थी कम भएका, एक आपसमा भौतिक रुपमा नजिक रहेका विद्यालयलाई सम्भाव्यता अध्ययनको आधारमा कक्षा घटाउने, एक आपसमा समायोजन गर्दै ठूला विद्यालयको स्थापना र विकासमा जोड दिने नीति लिइएको ।
- ❖ न्यून दरबन्दि भएका विद्यार्थी संख्या धेरै भएका अंग्रजी माध्यमबाट पठनपाठन गर्ने सामुदायिक विद्यालयहरुलाई क्रमिक रुपमा अनुदान प्रदान गर्दै जाने नीति लिइएको ।
- ❖ स्थानीय भाषा संरक्षण र प्रवर्द्धनका लागि स्थानीय भाषामा पाठ्यक्रम प्रकाशन गर्ने नीति लिइएको ।
- ❖ सबै विद्यालयमा इहाजिरीको व्यवस्था गरिएको । शिक्षकको विद्यालयमा नियमितता देखिएको ।
- ❖ शिक्षालाई सूचना, सञ्चार प्रविधिसँग आवद्ध गर्दै माध्यमिक विद्यालयहरुको पूर्वाधारको अवस्था हेरि प्राविधिक शिक्षाको सम्भावना अध्ययन गरि प्राविधिक शिक्षा विकासलाई प्राथमिकतामा राखिनु ।
- ❖ दुईवटा प्राविधिक विद्यालयमा कमल गाउँपालिका स्थायी ठेगाना भएका विपन्नलाई छात्रबृत्ति दिइएको ।
- ❖ उच्च शिक्षामा सिमान्तकृत विद्यार्थीको पहुँच बृद्धिका लागि छात्रवृत्ति प्रदान गरिएको ।
- ❖ पूर्व प्राथमिक तहका विद्यार्थीलाई निशुल्क अंग्रेजी माध्यमको पाठ्यपुस्तक वितरण गरिएको । यसले सामुदायिक विद्यालयप्रति आकर्षण बृद्धि ।
- ❖ जनप्रतिनिधि, कर्मचारीका सबै सन्तानलाई अनिवार्य रुपमा सामुदायिक विद्यालयमा भर्ना गर्ने नीति लिएको ।

**सामाजिक जिम्मेवारी बहन गर्ने क्षमता**

| सामाजिक जिम्मेवारीको क्षेत्र | सूचक सहितको कामको विवरण |
|---|---|
| समावेशी शिक्षा | **गाउँपालिकामा रहेका कूल बालबालिका मध्ये :**<br>● कक्षा ५ सम्मका विद्यार्थिहरुलाई दिवा खाजा<br>● अपाङ्गता बालबालिका<br>● दलित बालबालिका<br>● आदिबासी जनजाती समुदायका बालबालिकाहरूको विद्यालयमा पहुँच बढाउन शिक्षामा लक्षित वर्गको सहभागितामा वृद्धि गर्ने उद्देश्यले विभिन्न तहमा छात्रवृत्ति प्रदान गरिएको । |
| पहुँच अभिवृद्धि | ● दलित, छात्रा, द्वन्द्व पीडित तथा लक्षित समूहलाई छात्रवृतिको व्यवस्था गरिएको ।<br>● भर्ना अभियान कार्यक्रम संचालन गरिएका ।<br>● आधारभूत र मा.वि मा पाठ्यपुस्तक वितरण गरिएको ।<br>● बालविकास केन्द्र मार्फत बाल शिक्षा संचालन गरिएको ।<br>● प्रविधिमैत्रि शिक्षामा विद्यार्थीको पहुँचमा वृद्धि भएको । |

| | |
|---|---|
| समावेशिकरण | ● सकारात्मक विभेद र आरक्षणका कारणले शिक्षकहरुको संख्यामा विविधता व्यवस्थापन हुँदै गएको ।<br>● अनिवार्य तथा नि:शुल्क शिक्षा प्रदान गरिएको ।<br>● छात्रवृत्ति प्रदान गरिएको ।<br>● संघिय सरकार तथा स्थानीय तह एवम् गैससको विभिन्न पहलहरुका कारण सबै जाती, भाषा, धर्म र संस्कृतिका विद्यालय उमेरका बालबालिका विद्यालय जाने वातावरण बनेको |
| गुणस्तरीय सुधार | ● सिकाइ उपलब्धिमा बृद्धि भएको ।<br>● भौतिक रुपमा कक्षा संचालन हुन नसके पनि प्रविधियुक्त शिक्षण विधिबाट सिकाई कार्यको सुरुवात भएको ।<br>● वैकल्पिक शिक्षण सिकाइको खोजी भएको । |

## आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

- ❖ अध्यक्ष छात्रवृत्ति कार्यक्रम मार्फत गरीव तथा विपन्न परिवारका मुसहर, सतार, झाँगर, मिश्री जातीका बालबालिकालाई प्राविधिक विषयहरुमा छात्रवृत्तिको व्यवस्थापन गरी शैक्षिक पहुँच वृद्धि गर्ने राष्ट्रिय साक्षरता अभियनलाई उपलब्धिमुलक बनाउन समुदायमा पहल हुँदाहुँदै पनि त्यस समुदायका बालबालिका विद्यालय छोडी गएको देखिन्छ ।
- ❖ आफै शिक्षक आफै विद्यालय व्यवस्थापन समितिले आफ्नै नानी बाबुहरु सामुदायिक विद्यालयमा पठनपाठन गर्न नपठाउनु ।
- ❖ आधारभूत तहका सामुदायिक विद्यालयको शैक्षिक भौतिक अवस्था केही कमजोर देखिन्छ यसलाई प्रतिस्पर्धी बनाउन नसक्नु ।
- ❖ आधारभूत तहमा कक्षा छोड्ने दर भेटिएको छ ।
- ❖ बालकक्षामा भर्ना हुन आएका सामुदायिक विद्यालयका विद्यार्थी कक्षा १ मा भर्ना हुँदा धेरै घटेको देखिन्छ ।

## भावी कार्यक्रम संचालनको लागि चाल्नु पर्ने कदमहरु र सुझावहरु :

- ❖ कक्षा १ को भर्ना दर र कक्षा ८ को उत्तिर्ण दरमा आएको अन्तरलाई ड्रपआउट बच्चाको खोजि कार्यक्रम संचालन गर्न आवश्यक देखिन्छ ।
- ❖ कम विद्यार्थी भएका र शिक्षक दरबन्दी बढी रहेका केही विद्यालयलाई ठूला र नजिकका विद्यालयहरुसँग मर्ज गरी आवश्यक गाडीको प्रबन्ध मिलाई शैक्षिक क्षेत्रमा जनशक्ति व्यवस्थापन र पठनपाठनमा सुधार गर्नुपर्ने देखिन्छ ।
- ❖ बालकक्षाबाट कक्षा १ मा जाँदा सामुदायिक विद्यालयमा विद्यार्थी घटेको देखिन्छ । यसका लागि कक्षा १ को पठनपाठनमा सुधारको नीति आवश्यक देखिन्छ ।
- ❖ बढी विद्यार्थी भएका विद्यालयको भौतिक, शैक्षिक गतिविधिका लागि आवश्यक कक्षाकोठा थप, शिक्षक दरबन्दी मिलान गर्नुपर्ने देखिन्छ ।

## विषयगत शाखा/कार्यालयको नाम : (ग) कृषि शाखा

**पालिकास्तरिय नीतिहरु :**
**मुल नारा : “कृषि उत्पादनमा बृद्धि कमलको समृद्धि”**

१. किसानको पहिचान गर्न किसान सूचीकरण गरी परिचयपत्रको व्यवस्था लागु गर्न आगामी ४ वर्षमा सम्पूर्ण किसानहरुलाई सूचीकरणमा समावेश गरिने नीति लिइनेछ ।
२. “कृषि उत्पादनमा बृद्धि कमलको समृद्धि” भन्ने लक्ष्यलाई साकार पार्न एक समूह एक कृषि उत्पादनको पहिचान बनाउदै उत्पादन साथमा अनुदान हातमा भन्ने नीति लिइनेछ ।
३. किसानले उत्पादन गरेका कृषि उपजको बजारीकरणका लागि समुह तथा सहकारीको साझेदारीमा कृषि उपज संकलन केन्द्र तथा बजारीकरणको व्यवस्था गर्ने नीति लिइनेछ ।
४.कमल गाउँपालिका क्षेत्रका सम्पूर्ण अगुवा कृषकहरुका लागि रोजगार सेवा केन्द्रबाट श्रमिक व्यवस्थापन गरी जैविक एवंम कमल युरिया साथै कमल प्राङ्गारिक मल उत्पादन गरी मल उत्पादन तथा वितरण गरी विद्यमान रासायनिक मलको प्रयोगलाई न्यूनीकरण गर्ने नीति लिइनेछ ।
५. संघीय तथा प्रदेश सरकारको साझेदारीमा कृषि यान्त्रिकरण तथा कृषिका अन्य पूर्वाधार विकास गरी चाक्लाबन्दी खेतीलाई प्राथमिकता दिई उत्पादन र उत्पादकत्व बृद्धि गर्ने नीति लिइनेछ ।
६. नदी उकास तथा बाँझो जमिनमा खरभुजा तरभुजा परवल लगायतका बालीहरु लगाई उत्पादनको आधारमा प्रोत्साहन गर्ने नीति लिइनेछ ।
७. स्वस्थ जीबनका लागि कमलको जैविक ताजा तरकारी भन्ने नारालाइ साकार पार्न एक घर एक करेसाबारी कार्यक्रम अन्तर्गत पोषणयुक्त तरकारीहरु (कुरिलो, बोडी, रायो, जरेबाली) न्यूनतम १ कठ्ठामा लगाउने कृषकहरुका लागि नगद प्रोत्साहन गर्ने नीति लिइनेछ ।
८. किसानको समस्या समाधान गर्नका लागि श्रब्यदृष्य मार्फत अन्तर्कृया गरी रोग तथा कीराको निदान गर्न स्थानीय पालिकाले ब्यवस्था मिलाउने नीति लिइनेछ ।
९. कृषि क्षेत्रको वर्तमान स्थिति हेरी विभिन्न सूचकका आधारमा आगामी ५ वर्षको लक्ष्य राखी कृषि विकास रणनीति बनाई दिगो कृषि विकास गर्ने नीति लिइनेछ ।
१०. प्रति घर कम्तिमा २ वटा फलफूलका विरुवा रोपण गर्ने कार्यलाई प्रोत्साहन गर्ने नीति लिइनेछ । सबै वडामा कमल झोलमलका बैकल्पिक श्रोतहरु घुम्ति स्थलगत कृषक तालिमको माध्यमबाट बिस्तार गरी सबै वडाका कृषकहरुलाई यसको बारेमा पहुँच पुर्याइनेछ । साथै सबै वडाबासी कृषकहरुको सहजताका लागि प्रत्येक वडामा क्रमश कमल झोलमल निर्माण गरी वितरण गरिने नीति लिइनेछ ।
११. भूमि बैंङ्कको स्थापना गरी भूमिहीन तथा कृषि उत्पादन गर्न ईच्छुक ब्यक्ति/ समूह/सहकारी/फर्म कम्पनी आदिलाई भूमि बैङ्को माध्यमबाट जग्गा उपलब्ध गराउन समन्वय गर्ने नीति लिइनेछ ।
१२. किसानको समस्याहरु समाधानका लागि प्राविधिक सेवामा पहुँच बढाउन २४ घण्टा भित्र खेतबारीमा सेवा पुर्याउने नीति लिइनेछ ।
१३. जुडिबुटी उत्पादनको लागि सम्भाव्यता अध्ययन गरी व्यवसायिक खेति विस्तार गर्ने नीति लिईनेछ ।
१४. कन्काई नहर सिँचाई प्रणालीको संरक्षण तथा सदुपयोगमा जोड दिदै कन्काई नहरको डिलमा भौतिक संरचना निर्माण गर्न दिइने छैन । भौतिक संरचना निर्माण गर्नुपर्ने भएमा जल उपभोक्ता संस्थाको सहमति लिइनेछ ।
१५. कन्काई नहर क्षेत्र भित्र पानी उपलव्ध भएसम्म सिचाई पम्पमा आर्थिक सहयोग गरिने छैन । यदि सहयोग गर्नुपर्ने भएमा व्यवसायिक कृषि प्रवर्द्धनमा सहयोग केन्द्रीत गर्ने नीति लिइनेछ ।

१६. कन्काई नहरको नियमित मर्मत सम्भारमा जोड दिदै सिँचाई सेवा शुल्क तिर्न अभिप्रेरित गरिनेछ । वडाले उपलब्ध गराउने सेवा सुविधा लिन आउदा कन्काई नहरको सिँचाई सेवा शुल्क तिरेको रसिद अनिवार्य लिएर आउनुपर्ने नीति लिइनेछ

## गत आर्थिक वर्षमा संचालित विकास योजना तथा कार्यक्रमको विवरण :

| संचालित आयोजना/कार्यक्रम | लक्ष्य | क्रियाकलाप | उपलब्धि |
|---|---|---|---|
| प्रविधि र प्राविधिक सेवा उपलब्ध गराउने । | आय मुलक, आधुनिक, व्यवसायिक र मर्यादित तथा आधुनिकिकरण र यान्त्रिकरणमा जोड दिँदै उत्पादनशिल व्यवसायको रुपमा विकाश गरिनेछ । प्राविधिकहरु कृषकको खेतबारीमा पुगि खेति प्रविधि सम्बन्धि प्राविधिक सेवा दिने व्यवस्था मिलाउने । | प्रविधि हस्तान्तरण अन्तर्गत टनेल वितरण १०३ वटा, प्लाष्टिक मल्चिङ वितरण ३४ वटा, सिचाई मोटर वितरण ३५ वटा, ठेला वितरण ११ वटा । किसानको घरदैलोमा गई रोगकीरासम्बन्धी र महामारीजन्य फौजी किरा, व्यवस्थापनको कार्य भएको । अर्गानिक कृषि प्रणालीका लागि झोल मल, युरिया, जैविक विषादी बनाउने तालीम दिइएको साथै प्राविधिकहरुबाट नमूना परीक्षणका कामहरु भएको । | प्रविधि हस्तान्तरणअन्तर्गत कृषि उत्पादनमा सहजता आएको, प्राविधिक सेवामार्फत् उत्पादनमा देखिने जटिलताहरुलाई व्यवस्थापन गर्ने कुरामा सफलता मिलेको । |
| बालि बिकास कार्यक्रम | कम उत्पादन दिने बालिको सट्टा बढी उत्पादन दिने बालिको खोजि गरि उत्पादन बढाउन पकेट कार्यक्रम संचालन गर्ने । | धानबाली पकेट कार्यक्रम, धानबाली प्रवर्द्धन कार्यक्रम, आलुको बीउ उत्पादन कार्यक्रम, तोरीको बीउ उत्पादन कार्यक्रमका लागि चाहिने आवश्यक बीउहरुको अनुदानमार्फत् किसानहरुलाई वितरण गरिएको । | धान, आलु तथा तोरी उत्पादनमा वृद्धि भएको, नयाँ प्रविधिको प्रयोगका कारण श्रम लागत घटेको । |
| आईपीएम पाठशाला | संचालन गर्ने । | अर्गानिक उत्पादनका लागि किसानलाई अर्गानिक झोल मल, युरिया, जैविक विषादी बनाउने तालीम सञ्चालन गरिएको, जैविक मल तथा विषादी प्रयोगका लागि किसानहरुलाई जैविक झोल मल, जैविक युरिया, जैविक विषादी वर्षभरी नै किसानलाई निरन्तर रुपमा दिइएको । | कमल गाउँपालिका प्रदेशकै नमूना अर्गानिक मोडलको उत्पादनतर्फ सरिक भएको र आवश्यक मल तथा विषादी निर्माणमा अनुदानसमेत प्राप्त हुन थालेको । |

| | | | |
|---|---|---|---|
| कृषि तालिम सञ्चालन गर्ने । | आधुनिक प्रविधिको विकासका लागि कृषि तालिम संचालन गर्ने । तालिम प्राप्त कृषक बनाई कृषिमा आत्मनिर्भर बनाउने । | अर्गानिक तथा जैविक वनस्पति विषादी निर्माण सम्बन्धी स्थलगत तालीममा कृषकहरु सहभागी । प्रत्येक वडामा कृषि र पशु पाठशाला तालीम सञ्चालन । | जैविक कृषिप्रणालीमा सुधार आएको । |
| कृषि बिमा | कृषि बिमाको प्रवन्ध मिलाउने । | अगुवा किसान तथा निजी फर्महरुले बाली बीमा अवलम्बन गरेको देखिन्छ । | कृषि बिमा गर्नुपर्छ भन्ने चेतना प्रसार भएको । |
| अनुदानलक्षित कार्यक्रम | उत्पादन बृद्धि गर्न प्रविधि, सिँचाइका साधन, उन्नत जातका विउ कृषकहरुलाई वितरण गरि स्वरोजगार निर्माण गर्ने | प्रविधि अनुदान, अन्नबाली तथा तरकारी बालीका विउ अनुदान, प्लास्टिक टनेल अनुदान, मल्चिङ प्लास्टिक अनुदान, झोल मल, जैंविक युरिया अनुदान दिइएको | उत्पादन वृद्धि भएको |

**सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :**

- वर्षभरी नै झोल मल, जैविक युरिया, नि:शुल्क वितरण गरी किसानको जीवनयापनमा परिवर्तन आउनु ।
- किसानको उत्पादनलाई थप सुरक्षित गर्न माटोको नमूना परिक्षण गरी व्यावसायिक उत्पादनमा जान र रोग तथा कीराको व्यवस्थापन गर्न सक्ने नीति लिइनु ।
- उन्नत जातका बीउ, प्रविधि, सिँचाइ, अनुदानका कार्यक्रममार्फत् उत्पादन सहजीकरण र उत्पादन वृद्धि हुने लक्ष्यसहित कार्यक्रम आउनु ।
- जैविक खेती प्रणालीका लागि बहुसंख्यक किसानलाई स्थानीय मल, विषादी, निर्माण गरी प्रयोग गर्ने वातावरण सिर्जना गरिनु ।
- धानबाली पकेट कार्यक्रम निरन्तर तथा थप गरिनु ।
- कृषि प्राविधिक विद्यालयमा अध्ययन गरिरहेका विद्यार्थीलाई अर्गानिक खेती प्रणालीको बारेमा नमूना उत्पादन कार्यको प्रयोगमा लगाउने कार्यक्रम रहनु ।

**आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :**

- कृषकहरुमा रसायनिक मलमात्र ले उत्पादन वृद्धि हुन्छ रासायनिक मलबिना उत्पादन हुन्न भन्ने सोच विकसित हुँदै जाँदा माटोको उर्वरक्षमता ह्रास भई भावी उत्पादनमा समेत असर पर्ने हुँदा त्यसतर्फ किसान सचेत हुन नसक्दा रोगको जोखिम र माटोमा अम्लीयपन बढ्दै गएको देखिन्छ ।
- कृषिको रोजगारीलाई सम्मानित रोजगारीको रुपमा ग्रहण गर्न नसक्नु, राम्रो कमाइ हुँदाहुँदै पनि सानो कमाइ हुने रोजगारीप्रतिको आकर्षण देखिनु ।
- कृषकहरुमा परम्परागत खेतीप्रणाली नै विश्वास हुनु र कृषि व्यवसायलाई कृषि उद्यमको रुपमा पहिचान गर्न नसक्नु ।

- कृषकहरुमा चेतनको कमीका कारण सबै खाले कीरा हानिकारक नै हुन् भन्ने उद्देश्यले कडा विषादीको प्रयोगबाट मित्रजीवहरु नै शिकारमा परेको हुँदा मित्रजीव र शत्रुजीव पहिचान गरी अर्गानिक मोडलका विषादीहरु वा न्यून क्षमता भएका विषादीहरु प्रयोग नगगरी कडा विषादी प्रयोग गर्दा प्राकृतिक चक्रमा नै समस्या देखिन्छ ।

**भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरु र सुझावहरु :**

- कृषक समूहलाई साझेदारीमा तरकारी खेती, कृषि बीमा सम्बन्धी अभिमुखीकरण, माटो सुधारका लागि कृषि चुन खरीद, कोल्ड स्टोर निर्माणजस्ता विषयहरुको कार्यक्रम सञ्चालन हुन नसकेको हुँदा त्यसतर्फका कार्यक्रमहरु सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- कृषकहरुको घरदैलोमै गई जैविक विषादी, जैविक मल र माटो सुधारका तालीमहरु प्रदान गरिएको हुँदा त्यसको दिगोपना सम्बन्धी कार्यक्रमहरु ल्याउन आवश्यक देखिन्छ ।
- कृषक अध्ययन अवलोकन भ्रमणबाट नयाँ सोचसहितको व्यावसायिक योजना निर्माण हुने हुँदा त्यसतर्फका कार्यक्रम सञ्चालनमा समस्या देखिन्छ । समयमै किसान पहिचान गरी भ्रमणका कार्यक्रमहरु राख्न आवश्यक देखिन्छ ।
- धान बाली प्रवर्द्धन र पकेट कार्यक्रमको दिगोपनालाई निरन्तरता आवश्यक महसुस गरिएको छ ।
- कागती प्रशोधन केन्द्र उपकरण तथा मर्मत पूर्वाधारको कार्य गर्न नसक्दा त्यस क्षेत्रको कार्यक्रम प्रभावित भएको देखिन्छ । सशर्तका कार्यक्रमहरुप्रति समयमै ध्यान दिन आवश्यक देखिन्छ ।

**विषयगत शाखा/कार्यालयको नाम : (घ) पशुपंक्षी शाखा**

**पालिकास्तरिय नीतिहरु :**

१. युवाहरुलाई पशुपालन व्यवसायतर्फ आकर्षण बढाउन र व्यवसायमा क्षति न्युनिकरणका लागि कृषक सुरक्षण कोषको स्थापना गरी आगामी ४ वर्ष भित्रमा कृषक सुरक्षण कोषको माध्यमबाट पशुपन्छी व्यवसायमा हुने क्षति न्यूनिकरण गरी आत्मनिर्भर बनाईनेछ र विविध कार्यक्रमहरु अवलम्बन गर्ने नीति लिइनेछ ।

२. पशुपन्छी तथा मत्स्यमा लाग्नेमा लाग्ने रोगहरुको लागि समय सापेक्ष र अनुकुलताका आधारमा औषधी उपचारको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३. नेपालमा उपलब्ध हुने सम्पुर्ण पशुपन्छीका खोपहरु नि:शुल्क रुपमा प्रयोग गरी कृषकलाई पशुपालन व्यवसायमा हुने क्षतिलाई न्यूनिकरण गर्ने नीति लिइनेछ ।

४. पशु सुत्केरी पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ । दुग्ध उत्पादक कृषकहरुलाई दुध उत्पादन गरी बिक्री गरिएको प्रमाणका आधारमा अनुदान कार्यक्रम मार्फत आगामी ५ वर्ष भित्रमा ५० लाख लि. दुधको उत्पादन पुर्याई कमल गाउँपालिकाबाट वार्षिक ३० लाख लि. दुध निर्यात गर्ने तथा दुग्ध पदार्थ उद्योगहरु स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

५. माछाको उत्पादन बढाउन, ५ वर्ष भित्र माछाका भुरा उत्पादन र पाँच लाख के.जि. माछा निर्यात गर्ने नीति अवलम्बन गरिनेछ ।

६. बंगुर पालन व्यवसायलाई सुनिश्चितता प्रदान गर्न बंगुरमा लाग्ने रोगहरुको लागि जैविक सुरक्षा, बजारीकरण तथा बंगुरको मासुबाट बन्ने अन्य उत्पादनहरु बनाउने उद्योगहरु निजी क्षेत्रको संलग्नतामा स्थापना गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।

७. कुखुरा पालन व्यवसायबाट कुखुराको मासु तथा अण्डामा ५ वर्ष भित्रमा आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रमहरु अवलम्बन गर्ने नीति लिइनेछ ।
८. आगामी ७ वर्ष भित्रमा बाख्रा पालन व्यवसाय प्रवर्द्धन गरी खसि बोकाको मासुमा आत्मनिर्भर हुने नीति अवलम्बन गरिनेछ ।
९. मासु पसल तथा बधशालाको पूर्वाधार स्तरोन्नती गरी स्वस्थ मापदण्डमा आधारित बनाउने नीति लिइनेछ साथै अनुगमन कार्यलाई तिब्रता दिइनेछ ।
१०. कृषि तथा पशुपन्छी व्यवसायिक फर्म तथा संस्थाहरुलाई मागमा आधारित प्रविधि हस्तान्तरण गर्ने नीति लिइनेछ ।

## गत आर्थिक वर्षमा संचालित योजना तथा कार्यक्रमको विवरण :

| आयोजनाको नाम | लक्ष्य | क्रियाकलाप | उपलब्धि |
|---|---|---|---|
| पशु विकास कार्यक्रम | दूध, फुल, मासुमा आत्मनिर्भरताका लागि यान्त्रिकरणमा जोड दिँदै व्यावसायिक रुपमा पशुपालन कार्यक्रम गर्न कृषकहरुलाई प्रोत्साहन गर्ने ।<br>बंङ्गुरका साना व्यावसायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम सञ्चालन गर्ने ।<br>व्यावसायिक गाई, भैसी, बाखा, कुखुरा र माछा पालन व्यवसायलाई प्रोत्साहन गर्ने ।<br>पोखरी संरक्षणबाट माछा उत्पादनमा जोड दिने । | कृत्रिम गर्भाधान कार्यक्रम सञ्चालन गरिएको । माछा भुराका ३५ जना कृषकलाई ५६.३ बिगाहा क्षेत्रफलको लागि वितरण गरिएको । प्रत्येक वडामा पशुपालन किसानलाई गोठसुधार, खोर सुधार, पोसिलो घाँस, सफा आहाराबाट मात्र उपयुक्त उत्पादन हुन्छ भन्ने पशु प्राविधिकहरुबाट सचेतना फैलाइएको । मासुका लागि राम्रा जातका पाठापाठी पालन गर्नुपर्छ भन्ने सन्देश पशु प्राविधिकहरुबाट दिइएको ।<br>पशुपालक किसानलाई पुरस्कृत गरिएको । कृत्रिम गर्भाधान मिसन कार्यक्रम सञ्चालन गरिएको ।<br>बंगुरको गोठ सुधार कार्यक्रम पकेट फलोअप गरिएको । | पशु विकास कार्यक्रम मार्फत पालिका भेगका नागरिकको जीवनस्तरमा परिवर्तन आएको । |
| पशु स्वास्थ्य कार्यक्रम | रोगका कारण पशुहरूबाट हुने क्षति कम गर्न HSBQ FMD Rabise swine fiver रोग विरूद्धको खोप कार्यक्रम गर्ने । स्वच्छ पशु कार्यक्रमका लागि जुनोटिक रोग लगायतका कार्यक्रम सञ्चालन गर्ने । | परजीवी विरुद्ध औषधी खरिद गरी खोप लगाइएको जसबाट २९,६३८ पशुहरु लाभान्वित भएका । माइनर सर्जिकल औषधी खरिद गरी वितरण लाभान्वित पशु ३४८ पशुपंक्षी लाभान्वित । गाइनोकोलाजिकल औषधीबाट ८५५ पशु लाभान्वित । पंक्षीको औषधीबाट ३५,७५५ पंक्षीमा उपचार सेवा । मत्स्य विकास अन्तर्गत ४२ जना कृषकलाई ६२.५ बिगाहा क्षेत्रफलको लागि भुरा ५० % अनुदानमा वितरण गरिएको । सामुदायिक कुकुर बन्ध्याकरण | पशुमा देखिने जटिल तथा सामान्य रोगहरुको समाधानका लागि पहल भएको |

| | | | |
|---|---|---|---|
| | | मार्फत् पशुहरुलाई उपचार सेवा दिइएको । परजीवीविरुद्ध औषधी खरीद तथा वितरण, माइनर सर्जिकल औषधी खरीद तथा वितरण, गाइनोक्लोजिस्ट औषधी खरीद तथा वितरण, पंक्षी औषधी खरीद तथा वितरण, मत्स्य औषधी खरीद तथा वितरण, प्राथमिक उपचार औषधी खरीद तथा वितरण ।<br>८६,००० बढी खोप पशुपंक्षीलाई लगाइएको । खोप सेवा: एफएमडी स्वाइन फिबर, बीएसबीटु, पीपीआर, रानीखेत, गबारो, रेविजका आदि खोप लगाइएको ।<br>गाईभैंसी १२,४४२ वटा, भैंसी १०४६ वटा, बाखा १०,१३४ वटा, बंगुर ४१५२ वटा, कुखुरा ५७,११९, माछा ६२.३ बिघा, कुकुर ६३३, सुत्केरी स्याहार २२२२, सामुदायिक कुकुर बन्ध्याकरण ३२५ वटालाई गरी स्वस्थ पशु बनाउन कार्यक्रमहरु सञ्चालन गरिएको । | |
| पशु आहारा सेवा | उत्पादन वृद्धिका लागि पशु आहारा सेवा कायक्रम संचालन गर्ने । | घाँसका बीउहरु, बिरुवाहरु, सचेतना कार्यक्रमहरुमा जात मात्र राम्रो भएर हुँदैन घाँस राम्रो चाहिन्छ अनि मात्र भने जति उत्पादन पाइन्छ, भन्ने उद्देश्य राखि उन्नत जातका घाँसका बिउहरु वितरण गरिएको । | कृषकमा उन्नत जातको घाँसको बिऊ बारे सोचको विकास भएको । |
| पशु स्वास्थ्य नियमन कार्यक्रम | पशु स्वास्थ्य नियमन अनुगमन, खोप कार्यक्रम संचालन गर्ने । | पशु स्वास्थ्य नियमन अन्तर्गत भारतीय बजारबाट आयातीत चल्ला, माछा, अनुगमन तथा आएकाहरुलाई प्रहरीमार्फत् नियन्त्रण गर्ने कार्यक्रम रहेको ।<br>व्यावसायिक पशुपालक कृषककोमा पशु प्राविधिकहरुबाट बेलाबखतमा पशुहरुको अवस्था, खोप लगाउने समय, जुकाको औषधी खुवाउने समयको बारे किसानलाई जानकारी गराइएको ।<br>विभिन्न समयमा भ्याक्सिनका कार्यक्रमहरु अभियानको रुपमा सञ्चालन गरिएको । | स्वस्थ पशु राम्रो उत्पादन भन्ने चेतना स्तरमा क्रमश: सुधार हुँदै आएको । |

| | | | |
|---|---|---|---|
| पशु सेवा प्रसार कार्यक्रम | पशु सेवा प्रसार कार्यक्रम सञ्चालन गर्ने | पशुको प्रजनन स्वास्थ्य, गाइनोक्लोजिस्टसम्बन्धी कार्य गरिएको, खोप भ्याक्सिनका कार्यक्रमहरु सञ्चालन गरिएको, विभिन्न समयमा तालीमहरु सञ्चालन गरिएको, पोसिलो घाँसको बारेमा चेतना फैलाइएको । पशुमा देखिने जटिलता तथा सामान्य स्वास्थ्य समस्याका लागि सञ्चारमाध्यममा सूचना प्रकाशन गरी जानकारी दिइएको । | पशु पनि मानिस जस्तै हो । उनीहरुका पनि समस्या पहिचान गरी उत्पादन वृद्धि गर्नुपर्दछ भन्ने किसानमा सचेतना जागेको । |

## सरोकार पक्षको चाहना तथा लक्षित वर्गलाई सेवा तथा सुविधा दिन बिगत एक वर्षमा गरिएका मुख्य-मुख्य नीतिगत व्यवस्था तथा प्रकृयागत सुधारहरू :

- पशुपंक्षी जन्य रोगहरुको रोकथाम, उत्पादनको संरक्षण तथा पशुपालन जनचेतना कार्यक्रम सञ्चालन गरिएको ।
- दुध, फुल मासुमा आत्मनिर्भरताका लागि जोड दिँदै व्यवसायिक रुपमा पशुपालन कार्यक्रमको नीति आएको ।
- उत्पादन व्यवस्थाका लागि चिलिङ भ्याट, पशु यन्त्र लगायतका अनुदानमा दिने नीतिगत व्यवस्था भएको ।
- पशु विकासका लागि नश्ल सुधार पकेट विकास कार्यक्रम फलोअपको नीतिअनुसार कार्यक्रम भएको ।
- पशुलाई खोप लगाइएको तथा पशुको स्वास्थ्य उपचार गरी स्वस्थ पशु निर्माण गरिएको ।
- मासुमा आत्मनिर्भरताका लागि बंगुर पकेट कार्यक्रम फलोअप गरिएको ।
- प्रत्येक सुत्केरी पशुका लागि पोषणजन्य सुरक्षाका कार्यक्रम गरिएको ।

## आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा भोगेका समस्याहरु :

- गाउँपालिकाका बहुसंख्यक किसानहरुले परम्परागत तथा निर्वाहमुखी पशुपालन प्रणालीमै विश्वास गर्नु
- युवालक्षित व्यवसायिक फर्महरु संचालनमा आए पनि अनुदान केन्द्रित कार्यक्रम प्रति केन्द्रित हुनु ।
- उत्पादन भएर पनि मासु तथा दुग्धजन्य पदार्थको उचित मात्रामा मुल्य पाउने समस्या रहनु ।
- जटिल स्वास्थ्य समस्या आएपछि मात्र पशु स्वास्थ्य प्राविधिकहरुलाई खबर गरिनु, जसबाट पशुधनको क्षति ज्यादा रहनु ।

### भावी कार्यक्रम सञ्चालनको लागि चाल्नुपर्ने कदमहरु र सुझावहरु :

- हाल उत्पादन भइरहेको मासु, दूध, अण्डाजन्य वस्तुको वास्तविक तथ्याङ्क राखी कुन क्षेत्रमा के वस्तुको आवश्यकता छ र कुन क्षेत्रमा के सहयोगको कमीले उत्पादनमा समस्या छ भन्ने दीर्घकालीन समाधानको सोच आउन जरुरी देखिन्छ ।
- तल्लो वर्गमा अनुदानका कार्यक्रमहरु पुग्न सकेनसकेको अनुगमन गर्न आवश्यक देखिन्छ ।
- उत्पादन भएर पनि मासु तथा दुग्धजन्य पदार्थको उचित मुल्य व्यवस्थापन गर्न सुझाव दिइन्छ ।
- नव प्रवर्तनकारी युवा तथा उद्यमी र बैदेशिक रोजगारबाट फर्केका अनुभवी तथा सीपयुक्त उद्यमशिल युवाहरुलाई उद्यम ब्यावसाय सुरु गर्न व्यवसायिक योजनाका आधामा सुरुवाति पूँजी उपलब्ध गराउनुपर्ने ।

## सामाजिक परीक्षणबाट देखिएका सवल पक्षहरु

सामाजिक परीक्षण प्रकृयाले सामाजिक उत्तर दायित्व निर्वाह गर्ने काम स्थानीय सरकारले कति गरिरहेको छ ? भन्ने लेखाजोखा गरेको छ । यो क्रममा देखिएका सवल पक्षहरु निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

यो गाउँपालिका कोशी प्रदेशकै पहिलो बालमैत्री पालिका बन्न सफल रहेको । नेपाल सरकारको कानुनअनुसार स्थानीय तहले प्रत्येक वर्षको असार १० गतेभित्र गाउँ/नगरसभा अनिवार्य गरिसक्नुपर्ने व्यवस्थाअनुरुप यस गाउँपालिकाले समयमै आफ्ना सोचसहित **समृद्ध कमल हाम्रो सरोकार** ।
**लक्ष्य :** नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐनको मर्म अनुरुप स्थानीय नागरिकलाई श्रोत, साधन र अधिकार सम्पन्न बनाई नागरिकले शासन गरेको अनुभूत हुने गरी सेवा प्रवाहमा गुणात्मक सुधार गरी **नमूना गाउँपालिका** बनाउने लक्ष्यसहितको नीति, कार्यक्रम र बजेट प्रस्तुत गरेको पाइयो ।

योजना सञ्चालन गर्दा उद्देश्य तथा प्राथमिकताहरु निर्धारण गरी आएको देखिन्छ ।

### उद्देश्यहरु हासिल गर्न  प्राथमिकता निर्धारण गरिएको

- क्षयरोग मुक्त गाउँपालिका बनाउने, कुष्ठरोग हटाउने अभियान, नसर्ने रोगहरु सम्वन्धी स्वास्थ्य कार्यक्रम, जेष्ठ नागरिकहरुको स्वास्थ्य प्रवर्द्धन, गर्भवती महिलालाई निःशुल्क रुपमा क्याल्सियम ट्याब्लेट र आइरन चक्की उपलब्ध गराउने व्यवस्था, ४ पटक गर्भ जाँच प्रोत्साहन कार्यक्रम, सुत्केरी प्रोत्साहन कार्यक्रमबाट स्वस्थ समाज निर्माण गर्ने सोचसहित स्थानीय तह लागेको देखिन्छ ।
- नागरिकहरुको स्वास्थ्य सुरक्षालाई मध्यनजर गर्दै स्वास्थ्यको पहुँचलाई सबै नागरिकको पहुँचयोग्य बनाउँदै थप उपचारका लागि पालिका अस्पताल सञ्चालनमा ल्याउनु ।
- स्वस्थ समाज निर्माण गर्न सबै वडामा आधारभूतदेखि गाउँघर क्लिनिक सम्मका स्वास्थ्य संस्था स्थापना भई सेवा प्रवाह नीतिअनुरुप भइरहेको ।
- कमल गाउँपालिकाभित्र प्राविधिक धार संचालन गर्ने सामुदायिक विद्यालयमा अध्ययन गर्न चाहाने विपन्न , गरिव एवम् जेहेन्दार विद्यार्थीलाई अध्ययनमा सहयोग गरी सीपयुक्त जनशक्ति तयार गर्ने सोचमा रहनु ।
- जोखिमयुक्त बालबालिकाहरुको उद्धार , संरक्षण र सहयोगका लागि बालकोषको स्थापना, बाबुआमा विहिन बालबालिकाको अभिभावकत्व ग्रहण, बालक्लव सशक्तिरण कार्यक्रम सञ्चालन गरी लक्षित वर्गलाई सिकाइको मूल धारमा ल्याउने नीति रहनु
- अर्गानिक उत्पादन गरी स्वस्थ जीवनका लागि कमलको अर्गानिक तरकारी, कृषि गुरुयोजना कार्यान्वयन, व्यवसाय प्रवर्द्धन कोष, निशुल्क माटो परीक्षण, किसानलाई सिचाई मिटरको बील भूक्तानीमा अनुदान, सिचाई मोटरमा सहयोग कार्यक्रम, किसानहरुलाई कृषि बिमा, किसान कोर्ड, धान उत्पादन प्रवर्द्धन कार्यक्रम, कृषकलाई यन्त्रिकरणमा सहयोग, मिनि कोल्ड च्याबर स्थापना, कृषि बजार पूर्वाधार निर्माण, कृषक पाठशाला संचालन, अध्यक्ष कृषि पकेट मार्फत करेसाबारी प्रबर्द्धन कार्यक्रम, साना व्यवासायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम, च्याउ खेती र विशेष बाली उत्पादन प्रवर्द्धन, च्याउ खेती र विशेष बाली उत्पादन प्रवर्द्धन, कृषी मेला, कृषी प्रदर्शनी, तथा किसान दिवस, बाली उपचार शिविर गर्ने नीति लिईनु ।

- एक घर एक पशु बिमा कार्यक्रम, चिलिङ भ्याट अनुदान, मासु पसल सुधार कार्यक्रम, पशु स्वास्थ्य शिविर संचालन, खोप कार्यक्रम, कुकुरको बन्ध्याकरण कार्यक्रम, दाना आत्मा निर्भर कार्यक्रम, बंगुर प्रवर्द्धन कार्यक्रम, कृत्रिम गर्भाधान सेवा, मासुमा आत्मानिर्भर बनाउन माछाका भुरा वितरण गर्ने नीति लिईनु ।
- स्थानिय विपद् व्यवस्थापन समितिलाई क्रियाशिल बनाउँदै विपद पूर्वतयारी र उद्धारको नीति लिईनु ।
- पर्यावरणीय महत्व बोकेको यस गाँउपालिकाको महत्वपूर्ण नदी रतुवा, गेउरिया, किस्नी, ढ्याग्री, भुत्लुङ्ग, केरखा र कमल खोलाको नियन्त्रण गर्ने नीति लिईनु ।
- विद्यार्थिको पहुँच अभिबुद्धि गर्न छात्रबृत्ति तथा दिवा खाजाको कार्यक्रम नीतिगत रुपमै व्यवस्था भएको
- आइ.सि.टी. ल्याव, अंग्रेजी माध्यमको पठन-पाठनको कार्यक्रम नीतिगत रुपमा शुरुवात भएको ।
- आन्तरिक श्रोत पहिचान गर्दै आर्थिक विकासका लागि सम्पति कर, ठेक्का कर, हाटबजार कर, व्यवसाय कर, घरनक्सा पास दस्तुर, लगायत करको दायरा बृद्धि गरि आन्तरिक श्रोतमा सुधारको नीति रहेको ।
- स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को 'च' को भावना अनुरुप तथ्याङ्कलाई अभिलेखीकरण गरि व्यवस्थित हुँदै गरेको पाइयो ।
- स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को 'छ' को भावना अनुरुप स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु वडा स्तरकै योजनाबाट छनौट गरि वडाले गर्ने गा.पा.ले गर्ने, प्रदेशले गर्ने र केन्द्रले गर्ने योजनाहरु वार्षिक योजना गाउँ विकास योजना भित्र समाबेश गरेर आउनु ।
- गाउँपालिकाले गरेका आयोजनाहरु संचालन गर्दा स्थानीय सरकार संचालन ऐन तथा नियमावली तथा आर्थिक प्रशासन नियमावलीहरुलाई ध्यानमा राखेर अगाडी बढ्नु ।
- महिला हिँसाविरुद्धका सामाजिक बिसंगतीका कार्यक्रम गरिनु ।
- पालिका अस्पताल संचालन प्रक्रियामा रहुन स्वास्थ्य क्षेत्रका लागि सबल पक्ष रहेको छ ।
- कृषि नै रोजगारीको मूल आधार हो भन्ने सोच र उद्देश्य रहनु सबल पक्ष देखिन्छ ।
- उच्च शिक्षा तथा प्राविधिक शिक्षालाई जोड दिने उद्देश्य रहनु शिक्षाका लागि सबल पक्ष रहेको छ ।
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन प्रारम्भ हुन पालिकाका लागि सबल पक्ष रहेको छ ।
- गाउँपालिकाको सेवा प्रवाहलाई जवाफदेही बनाउन सूचना अधिकारी, गुनासो सुन्ने अधिकारी, उजुरी पेटिका आदिको प्रवन्ध गरिएको ।

## कमल गाउँपालिकाको आर्थिक वर्ष २०८०/०८१ को सामाजिक परीक्षण गर्ने क्रममा देखिएका उपलब्धिहरु :

- कमल गाउँपालिकाले मेडिकल अफिसरसहितको स्वास्थ्य सेवा र बीमा कार्यक्रम आफ्नै पालिका अस्पताल सञ्चालन गरी सेवा प्रवाह गर्न सफल भएको देखिन्छ ।
- सुरक्षित मातृत्व कार्यक्रमअन्तर्गत गर्भजाँच, संस्थागत सुत्केरी, कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन गरी घरमा सुत्केरी गराउने आमाहरुको संख्या र गर्भजाँच गर्ने आमाहरुको संख्यामा नतिजाको नजिक पुगेको देखिन्छ ।
- विपन्न परिवारको स्वास्थ्यमा पहुँच स्थापित गर्न विपन्न परिवारलाई स्वास्थ्य बीमा कार्यक्रममा लाग्ने खर्च अनुदान दिई तल्लो वर्गका मानिसहरुको स्वास्थ्य उपचारको पहुँचका लागि कार्य भएको देखिन्छ ।
- गाउँपालिकाले सात वटै वडामा स्वास्थ्य संस्था, गाउँघर क्लिनिक, खोप केन्द्र निर्माण, सञ्चालन र व्यवस्थापन गर्न सफल भई आधा घण्टाभित्र सबै नागरिकलाई आधारभूत स्वास्थ्य उपचारको पहुँच सुनिश्चित गरेको देखिन्छ ।
- सरकारको राष्ट्रिय लक्षअनुसार पूर्ण खोप सुनिश्चितता पालिका घोषणा भई दिगोपनाका रणनीतिहरु समेत अवलम्बन गरेको देखिन्छ । कुनै बच्चा खोपमा नछुटून भनी खोज र खोपको नीतिअनुरुप २०८० साल बैशाखमा घरधुरी सर्भेक्षण गरी पूर्ण खोप सुनिश्चित पालिका घोषणा गरेको देखिन्छ ।
- आधा घण्टाभित्र पालिकाबासी कोही पनि नागरिक अब विद्यालयको पहुँचभन्दा बाहिर नरहेको पालिका बनाउन सफल भएको देखिन्छ ।
- विद्यालय उमेर समूहका आधारभूत तहका कोही पनि बालबालिका विद्यालयको पहुँचबाट टाढा नरहेको र सबै भर्ना भएको नतिजा आएको देखिन्छ ।
- आधारभूत तहमा दलित बालबालिकाको शिक्षाको पहुँचका लागि दलित छात्रवृत्ति र दिवा खाजा कार्यक्रम सञ्चालन गरी कोही पनि बालबालिका विद्यालय आउनबाट वञ्चित नरहेको पालिका रहेको देखिन्छ ।
- सबै विद्यालयमा खानेपानी, इन्टरनेट, बिजुलीबत्ती, आवश्यक भवन, आधारभूत खेलमैदानको सुनिश्चितता भएको देखिन्छ ।
- केही विद्यालयमा बाहेक पुस्तकालय, विज्ञान प्रयोगशाला, आइसीटी ल्याब, लैङ्गिकमैत्री शौचालयसम्मको व्यवस्थापन भई केही विद्यालयमा प्राविधिक धारको शिक्षण सिकाइसमेत भई कक्षा सञ्चालन भएको देखिन्छ ।
- कृषि गुरुयोजना तयार भएको र यसबाट कृषि रणनीति र कार्यक्रमहरु तय गर्न सहज भएको छ ।
- जैविक खेती प्रणालीका लागि ५०० बढी किसानले जैविक मल, विषादी, निर्माण गर्ने तालीम सम्पन्न गरी जैविक उत्पादनमा गएको देखिन्छ ।
- कृषि बालीका लागि धान पकेट, तोरी पकेट, आलुको बीउ उत्पादन कार्यक्रम सञ्चालन गरी कृषिलाई संस्थागत तथा व्यावसायिक बनाउन खोजिएको छ ।
- माटोको गुणस्तर मापन गर्न कृषकको माटो नमूना परीक्षण गर्दै त्यसका लागि चाहिने आवश्यक कृषि चुनको व्यवस्थापन गरिएको देखिन्छ ।

- जैविक मल तथा विषादी बाह्रै महिना किसानले चाहेको बखतमा निःशुल्क रुपमा प्राप्त गर्न सकिने पद्धतिको व्यवस्थापन गरिएको छ ।
- पशु विकास कार्यक्रमअन्तर्गत उत्पादन वृद्धिका लागि बाह्रै महिना नश्ल सुधारका कार्यक्रम सञ्चालन गरी उन्नत पशुहरु वृद्धि विकास गरिएको र उत्पादनमा वृद्धि भएको
- खोपका कार्यक्रमहरु सञ्चालन गरी १ लाख भन्दा बढी पशुपंक्षीमा खोप लगाउने कार्य भएको जसबाट महामारीजन्य तथा सामान्य रोगहरुको रोकथामका लागि टेवा मिलेको
- सामुदायिक कुकुरहरुको बन्ध्याकरणमार्फत् सामुदायिक कुकुरहरुबाट हुने पशु चौपायाको हानि तथा रेबिजजन्य रोगको रोकथाम तथा न्यूनीकरणमा सफलता प्राप्त भएको
- बंगुर पकेटक कार्यक्रमलाई निरन्तरता दिँदा मासुजन्य उत्पादनमा निर्यात गर्ने पालिकाको रुपमा स्थापित भएको ।
- आर्थिक नीतिअनुरुप सहकारीको अवस्था, उत्पादनसँगको सम्भावना र आर्थिक क्षेत्रमा सहकारीको भूमिका विषयमा सुझावसहित प्रतिवेदन माग गर्ने कार्यको प्रारम्भ भएको ।
- व्यावसायिक उत्पादनका लागि पशु, पंक्षी र माछाका ७३५ वटा व्यावसायिक फर्म दर्ता भई रोजगारी दिनुका साथै उत्पादनको कार्य गर्न सफल भएको देखिन्छ ।
- पशु उपचार सेवामा विभिन्न चरणमा उपचार सेवा दिँदा पशु स्वास्थ्यको स्थितिमा समेत ग्रामीण क्षेत्रमा सुधार भएको अनुभूति भएको छ ।
- गरिबी निवारणमा कृषियन्त्र, मल बीउ अनुदान, सिँचाइ सुविधामा अनुदान, विभिन्न सीपमूलक तथा कृषि सम्बन्धी तालीमबाट पालिकावासी लाभान्वित भई स्वरोजगार निर्माणको बाटो बनेको देखिन्छ ।
- बेरोजगारलाई सूचीकृत गर्न सफल भएको र छोटो समयका लागि रोजगारी दिन सफल भएको ।
- प्रदेशकै पहिलो बालमैत्री स्थानीय पालिका घोषणा भएको ।
- अपाङ्गता भएका व्यक्तिको स्वास्थ्य बीमा गरिएको ।
- पूर्वाधार विकासतर्फ सबै वडाबाट स्वास्थ्य संस्था, विद्यालय, स्वास्थ्य उपचार केन्द्र, कृषि केन्द्रसम्म जानको लागि पहुँच मार्ग, पुलपुलेसा, कल्भर्ट निर्माणमा निरन्तरता दिँदै पालिकावासी नागरिकको सहज यातायातको पहुँच सुनिश्चित भएको देखिन्छ ।
- वडा कार्यालयमा स्तनपान कक्ष निर्माण गरिएको ।
- समुदायमा अति शीघ्र कुपोषण लागेका बालबालिकाको व्यवस्थापन गर्न सफल ।
- न्याय व्यवस्थापनमा सफलता हात लागेको ।
- सेवा प्रवाहमा विभिन्न सिफारिशजन्य कार्य गरी नागरिकको सेवामा सहजता ल्याइएको ।
- खानेपानीको धारा अनुदानमा दिइएको ।
- लैङ्गिक हिंसाविरुद्ध गाउँपालिका क्षेत्र भित्रका किशोरीलाई आत्मरक्षा तालिम प्रदान गरिएको ।
- अपाङ्गता सहायक सामग्री वितरण गरेर उनीहरुको सहज जीवनयापनमा सहयोग गरिएको ।
- महिलाहरुका लागि पाठेघरको मुखको क्यान्सरसम्बन्धी स्क्रिनिङ कार्यक्रम मार्फत् बहुसंख्यक महिलाले लाभ प्राप्त गरेको ।

## सामाजिक परीक्षणबाट देखिएका चुनौती र कमि कमजोरीहरु :

- सुत्केरी प्रोत्साहन कार्यक्रम अन्तर्गत स्वास्थ्य प्रोटोकल अनुसार स्वास्थ्य केन्द्रमा ४ पटक चेक जाँच गर्न आउने गर्भवती महिलालाई प्रदान गर्दै आएको सेवा सुविधालाई निरन्तरता दिइएको भए पनि प्रोटोकल जाँच तथा बर्थिङ सेन्टरमा सुत्केरी गराउनेको संख्या न्युन देखिन्छ ।
- क्षयरोगमुक्त गाउँपालिका घोषणाको दिगोपनामा समस्या देखिन्छ । विपन्न तथा ऋषिदेव समुदायमा पर्याप्त सचेतना र आम स्कुनिङ गर्ने कार्यको निरन्तरतामा कमी देखिन्छ ।
- आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन सकिए पनि हाम्रो स्वास्थ्य उपचारमा विश्वास दिलाउने खालका स्वास्थ्य सेवा प्रदान गर्न कठिन हुँदा सहर केन्द्रित महंगा अस्पतालहरुमा सेवा लिन गइरहेको देखिन्छ ।
- कृषि, पशुपंक्षी, महिला, बालबालिका, युवा, रोजगार, शिक्षातर्फका बजेट खर्चलाई हेर्दा न्यून खर्च भएको देखिन्छ । समयमै कार्यक्रमहरु सम्झौता भई सम्पन्न गर्न नसकेको देखिन्छ । कामको र आर्थिक प्रगति अवस्था कमजोर देखिन्छ ।
- पूर्व पश्चिम लोकमार्ग लगायत गाउँपालिका क्षेत्रभित्रका कुनै पनि सडकमा छाडा पशुचौपाया छाड्ने, सडकमा पशु बाध्ने र निर्माण सामाग्रीहरु राख्ने कार्यलाई निरुत्साहित गर्ने नीति अवलम्वन गरिने भन्ने नीति अनुरुप कार्यान्वयनमा केहि कठिनाई देखिन्छ ।
- कृषिको विकास गाउँपालिकाको निकास, स्वस्थ्य जीवनको लागि कमलको अर्गानिक तरकारी, कृषि गुरुयोजना कार्यान्वयन, व्यवसाय प्रवर्द्धन कोष, निःशुल्क माटो परीक्षण, किसानहरुलाई कृषि बिमा, किसान कोर्ड, धान उत्पादन प्रवर्द्धन कार्यक्रम, बीउ उत्पादन प्रवर्द्धन कार्यक्रम, कृषकलाई यन्त्रिकरणमा सहयोग, मिनि कोल्ड च्याबर स्थापना, कृषि बजार पूर्वाधार निर्माण, कृषक पाठशाला संचालन, अध्यक्ष कृषि पकेट मार्फत करेसाबारी प्रबर्द्धन कार्यक्रम, साना व्यवासायिक कृषि उत्पादन केन्द्र पकेट विकास कार्यक्रम, च्याउ खेती र विशेष बाली उत्पादन प्रवर्द्धन, कृषि मेला, कृषि प्रदर्शनी किसान दिवस, बाली उपचार शिविर, एग्रोभेट व्यवसायीलाई अभिमुखिकरणको अनुगमनमा केही प्रतिशत कार्य भए पनि किसानको घरसम्म यी कार्यक्रमले पर्याप्तता पाउन नसकेको देखिन्छ ।
- सडक निर्माण गर्दा Rural Municipalitry Master Plan (MTMP) अनुसारका मापदण्डलाई पूर्ण कार्यान्वयन गरिने भन्ने नीति अनुरुप कार्यान्वयनमा केहि कठिनाई देखिन्छ ।
- हेभी स्ट्रक्चरका आयोजना वा ठूला मेशिन प्रयोग हुने वा उपभोक्ताको जनश्रमदानबाट संचालित हुन नसक्ने जटिल प्रकृतिका कार्यहरु उपभोक्ता मार्फत आयोजना संचालन गरिने छैन भनिए पनि उपभोक्तामार्फत् यस्ता योजना सञ्चालन भएको देखिन्छ ।
- स्थानिय विपद तथा जलवायु उत्थानशील योजना बनाई कार्यान्वयन गर्ने व्यवस्था मिलाईने छ भन्ने नीति अनुरुप कार्यान्वयनमा केहि कठिनाई देखिन्छ ।
- आन्तरिक प्रशासनलाई चुस्त, दुरुस्त व्यवस्थित संचालन गरि सेवा प्रवाहलाई नागरिकमैत्री बनाईने छ । कानूनले तोकेको आचरण पालना नगर्ने र आफूलाई तोकेको जिम्मेबारी प्रति बेखबर हुने कर्मचारीको मूल्याकंनलाई कार्य सम्पादन सम्झौता कार्यान्वयनमा नआएको देखिन्छ ।

- दिगो विकासमा आधारित गुरु योजनाको अभावका कारण सूचकमा आधारित नतिजा र स्तरीय पूर्वाधारको कमि छ ।
- कमल गाउँपालिकाले खाद्य गुणस्तर परीक्षणका लागि आवश्यक अनुगमन तथा नियन्त्रण गर्न नसकेको कारण खाद्य पर्दाथमा विषादी, अखाद्यवस्तु र मिसावटयूक्त पर्दाथको प्रयोग भईरहेको छ ।
- आन्तरिक आय न्यून रहेका कारण गाउँपालिकाको दैनिक प्रशासनिक खर्च धान्न कठिनाई पैदा भएको छ
- वर्षेनी ठुलो संख्यामा युवाशक्ति विदेश पलायनले विकासमा प्रतिकूल प्रभाव पारेको छ । सक्रिय जनसंख्या श्रम पलायनका कारण वर्षेनी बिदेसीने गरेको हुँदा कृषि पेशा नै संकटमा पर्ने खतरा बढेको छ । भूमीको समुचित व्यवस्थापन हुन नसक्दा खेतीपाती गर्ने मानिसहरुसंग अति कम जमिन छ भने बढी जमिन हुने मानिसले खेति गर्न छाड्दै गएका छन् । बढी जमिन हुने जमिनदारहरु कृषि पेशा छोडेर शहरतिर सर्ने परिपाटी बढ्दै गएको छ । शैक्षिक बेरोजगारी समस्याको रुपमा देखिन्छ ।
- ३ बर्षमा हुने खर्चको प्रक्षेपण मध्यकालिन खर्च संरचना MTEF तयार गरि साधारण खर्चको दायित्व, प्रतिवद्धता सिमा भन्दा माथि भई वित्तिय अनुसाशन बिग्रन सक्ने अवस्था देखिन्छ ।
- आवधिक योजना वित्तिय सुशासन कायम गरि मैले तिरेको कर मेरै विकासका लागि हो भन्ने सोच समाजमा विकास गराउन नसक्दा भइरहेको कर प्रणाली पनि महंगो भयो भन्ने विरोध आउने गरेको देखिन्छ त्यसलाई व्यवस्थित गरि करको दर भन्दा दायरा बढाउँदै अनुदानमा रमाउनु भन्दा राजश्व बढाउँदै जाने कुरामा पर्याप्त गृहकार्य नभएको देखिन्छ ।
- विद्यालयहरुमा कक्षा छोड्ने दर भेटिएको हुँदा यसलाई रोक्न स्पष्ट नीति तथा कार्यक्रम र बजेटको व्यवस्थापन पर्याप्त हुन नसकेको देखिन्छ ।
- सामुदायिक विकास तर्फ शैक्षिक गुणस्तरका लागि पालिका भित्र रहेका आयश्रोत नभएका विद्यालयहरुलाई आधारभूत प्रशासनिक खर्च व्यवस्थापन गरि मनोबल बढाई शैक्षिक गुणस्तर सुधार गर्न ध्यान नपुगेको देखिन्छ ।
- दिगो विकासका पाँच स्तम्भहरु अनुसार बिभिन्न बिषयगत समिति जनतासँग साझेदारी प्राकृतिक श्रोत साधन उपभोग र संरक्षण मानव विकास शान्ती र समृद्धि सहितको दिगो विकास र योजनाबद्ध विकासमा स्थानीयकरण गर्न नसकिएको ।
- कृषि तथा पशु तर्फको हालको उत्पादन र आगामी वर्षको अवस्थामा हामी आयात गरिरहेका छौं, निर्यात गरिरहेका छौं वा हाम्रो अवस्था के छ भन्ने विषयमा कुनै विश्लेषण हुन नसकेको ।
- यान्त्रिक बस्तु अनुदान, विउ अनुदान, मोटर अनुदान, लगायत अन्य अनुदानबाट व्यवसायी र उत्पादन बढे नबढेको अनुगमन नभएको ।
- खोला नदीको कारण यहाँका जनताले वर्षेनी कटान र बाढीको प्रकोप व्यहोर्नु परेको छ । त्यसका लागि आवश्यक विपद्‌सम्बन्धी योजनाको अभाव रहेको छ ।
- कमल गाउँपालिकाको कृषि प्रणाली हालसम्म निर्वाहमुखी अवस्थामै रहेको छ ।

## सामाजिक जिम्मेवारी पूरा गर्न कमल गाउँपालिकाले चाल्नुपर्ने कदम तथा सुझावहरु :

- दीर्घ रोगीहरुको नियमित स्वास्थ्य चेकजाँच, पोषणलगायतका कार्यत्रक्रमलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न आवश्यक देखिन्छ ।
- नव शिशु जाँच पर्ताललाई सुनौलो हजार दिनमा आमाहरु प्रतिका कार्यक्रमको नतिजामा अनुगमन गर्न सुझाव दिइन्छ ।
- संस्थागत सुत्केरी, प्रोटोकल गर्भजाँचमा देखिएका तथ्याङ्कलाई थप व्यवस्थित गरेर पूर्ण बनाउन आवश्यक देखिन्छ ।
- कम तौल जन्म र कुपोषण कार्यक्रमको थप अनुगमन गर्न सुझाव दिइन्छ ।
- नेतृत्व तथा व्यक्तित्व विकासका लागि सञ्चालन गरिएका तालिम गोष्ठीहरु भन्दा रोजगारमुलक तह १, तह २ सिप परीक्षणयुक्त तालिमहरु स१चालन गर्न आवस्यक देखिन्छ । उस्तै प्रकृतिका सिप परीक्षण नहुने लेवलका एकै व्यक्ति बारम्बार दोहोरिने र रोजगार पनि बन्न नसक्ने तालिमहरु कम सञ्चालन गर्न आवस्यक देखिन्छ ।
- केही माध्यमिक विद्यालयका प्र.अ.हरुको बैठकमा केही विद्यार्थीहरु विवाह गरेर विद्यालयमा पठनपाठन गरिरहेको नतिजा प्राप्त भएको हुनाले बालमैत्री पालिका घोषणा भइसकेको हुँदा बालविवाहका सूचकलाई दिगोपना ल्याउन आवश्यक देखिन्छ ।
- कमल गाउँपालिकाले आधारभूत तहका सामुदायिक विद्यालयको भौतिक, शैक्षिक, प्रशासनिक सुधारसँगै शैक्षिक गुणस्तर र कक्षा छोड्ने दर देखिएको हुँदा कक्षा छोड्ने दरमा कमि ल्याउन आवश्यक बजेट विनियोजन गरी कार्यक्रम सञ्चालन गर्न आवस्यक देखिन्छ ।
- बजार अनुगमन कार्यक्रमलाई प्रभावकारी बनाई खाद्य गुणस्तरको अवस्था सुधार गर्न आवस्यक देखिन्छ ।
- माटो ल्याव र माटो परीक्षणलाई वडास्तर बाट नै अभियानको रुपमा माटो सुधार कार्यक्रम ल्याउन आवस्यक देखिन्छ ।
- राजश्व सम्भाव्यता अध्ययन गरी कार्यान्वयनमा ल्याउन आवस्यक देखिन्छ ।
- प्राङ्गारिक झोल मल र जैविक युरियालाई आफ्नै ब्राण्ड तयार गरी कृषकहरुमाझ लैजान आवश्यक देखिन्छ ।
- संविधानको अनुसूची ८ को २२ वटा अधिकार र अनुसूची ९ का साझा अधिकार कार्यान्यनमा ल्याउन ऐन, कानुन, कार्यविधि निर्माण गरि दिर्घकालिन तथा आवधिक योजना निर्माण गरि ३ वर्षमा पुगने ५ वर्षमा पुग्ने गन्तव्य र योजना प्रक्षेपण गरि कहाँबाट हिड्ने र कहाँ पुग्ने लक्ष्य निर्धारण गर्न आवस्यक देखिन्छ ।
- ३ बर्षमा हुने खर्चको प्रक्षेपण मध्यकालिन खर्च संरचना MTEF तयार गरि साधारण खर्चको दायित्व, प्रतिवद्धता सिमा भन्दा माथि भई वित्तिय अनुसाशन बिग्रन सक्ने अवस्था सुधार गर्न आवस्यक देखिन्छ
- नदीको कारण यहाँको जनताले वर्षेनी कटान र बाढीको प्रकोप व्यहोर्नु परेको छ । प्राकृतिक स्रोत उत्खननका लागि वातावरणीय इञ्जिनियरको व्यवस्थापन गर्न आवश्यक देखिन्छ ।
- खाद्य गुणस्तर परीक्षण तथा नियन्त्रण हुन नसकेको कारण खाद्य पर्दाथमा विषादी, अखाद्यवस्तु र मिसावटयूक्त पर्दाथको प्रयोग भईरहेको छ । माथि उल्लेखित कामहरुको कार्यान्वयनमा लाग्नुपर्ने देखिन्छ ।
- यस गाउँपालिकामा सुदृढ औधोगिक र व्यापारी आधारशिला नभएका कारण बेरोजगारी समस्या बढ्दै गईरहेको छ ।

- वर्षेनी ठूलो संख्यामा युवाशक्ति विदेश पलायनले विकासमा प्रतिकूल प्रभाव पारेको छ । सक्रिय जनसंख्या श्रम पलायनका कारण वर्षेनी बिदेसीने गरेको हुँदा कृषि पेशा नै संकटमा पर्ने खतरा बढको छ । भूमीको समुचित व्यवस्थापन हुन नसक्दा खेतीपाती गर्ने मानिसहरुसंग अति कम जमिन छ भने बढी जमिन हुने मानिसले खेति गर्न छाड्दै गएका छन् । बढी जमिन हुने जमिन्दारहरु कृषि पेशा छोडेर शहरतिर सर्ने परिपाटी बढ्दै गएको छ । शैक्षिक बेरोजगारी समस्याको रुपमा बृद्धि भएको देखिन्छ । माथि उल्लेखित कामहरुको कार्यान्वयनमा नीति बनाई लाग्नुपर्ने देखिन्छ ।
- सामुदायिक विकास तर्फ शैक्षिक गुणस्तरका लागि पालिका भित्र रहेका आयश्रोत नभएका विद्यालयहरुलाई आधारभूत प्रशासनिक खर्च व्यवस्थापन गरि मनोबल बढाई शैक्षिक गुणस्तर सुधार गर्न ध्यान दिनुपर्ने देखिन्छ ।
- विभिन्न खाले सिपमूलक व्यवसायिक तालिमबाट स्वरोजगार भए नभएको अनुगमन गर्नुपर्ने देखिन्छ ।
- आधारभूत स्वास्थ्य सेवा पुऱ्याउन सकिए पनि हाम्रो स्वास्थ्य उपचारमा विश्वास दिलाउने खालका स्वास्थ्य सेवा प्रदान गर्न कठिन हुँदा शहर केन्द्रित महङ्गा अस्पतालहरुमा सेवा लिन गइरहेको देखिन्छ ।
- पकेट कार्यक्रमको उपलब्धी अनुगमन गर्नुपर्ने देखिन्छ ।
- दिगो विकासका पाँच स्तम्भहरु अनुसार बिभिन्न बिषयगत समिती जनतासँग साझेदारी प्रकृति श्रोत साधन उपभोग र संरक्षण मानव विकास शान्ती  र समृद्धि सहितको दिगो विकास र योजनाबद्ध विकासमा स्थानीयकरण गर्न आवस्यक देखिन्छ ।
- कृषि रोजगारको नारालाई सफल पार्न कृषि तथा पशुपालनलाई व्यवसायिक बनाउँदै सरकारले प्रदान गर्ने सहुलियत उद्यमशिल कर्जा लगानीको वातावरण श्रृजना गर्दै कृषिबाट रोजगार उत्पादित बस्तुको उचित मुल्य सहितको व्यावसायिक उत्पादनमा जोड दिन सुझाव दिइन्छ ।
- माछा, बाखा, कुखुरा, बंगुर पालन कार्यक्रम सबै वडामा विस्तार गरी मासु उत्पादनमा आत्मनिर्भर तथा निर्यातमा जोड दिन सुझाव दिइन्छ ।
- बाल बिवाह, दुर्व्यवहार, घरेलु हिँसाका घटनामा ठूलो सफलता हात परे पनि छिटफुट भएका घटना बाहिर ल्याउन सक्ने वातावरण सृजना गर्न चेतनाका कार्यक्रम अझ प्रभावकारी ढंगबाट संचालन गर्न सुझाव दिइन्छ ।
- गाउँसभाबाट विनियोजित शिक्षा, स्वास्थ्य, कृषि, महिला, बालबालिका, ज्येष्ठ नागरिकलगायतका कार्यक्रम वित्तीय समानीकरण तथा सशर्ततर्फ खर्च हुन नसकी फ्रिज भई जाने देखिएकाले समयमै कार्यसम्पादन गर्न आवश्यक देखिन्छ ।
- जनताको सबै भन्दा नजिकको सरकार स्थानीय सरकार हो । बजेट खर्च र आन्तरिक नियन्त्रण प्रणाली कमजोर देखिन्छ । वार्षिक खर्चको लेखा परीक्षण महालेखा परीक्षकले औंल्याएका व्यहोराको फरफारक गर्ने काम गाउँपालिकामा नै निहित रहेको हुँदा नियन्त्रण र सन्तुलन एवं वित्तिय जवाफदेहिताको मान्य सिद्धान्त उपेक्षित देखिन्छ । कार्यक्रम योजना तर्जुमा र कार्यपालिकाले छलफल गरी प्रस्तुत गर्ने सभाले पारित गरेपनि कार्यपालिकाका प्रमुख र सभाका प्रमुख एकै हुने भएकाले लेखा परीक्षकले औंल्याएका विवरण पनि कार्यपालिकाले नै छलफल गरि छुट्याउने हुँदा नियन्त्रण, सन्तुलन र जवाफदेहिता कसरी बनाउने चुनौती प्रष्ट देखिन्छ । साथै फछ्र्यौट गर्नुपर्ने बेरुजु पनि फछ्र्यौट नभएको देखिन्छ त्यसतर्फ सक्रिय हुन आवश्यक देखिन्छ ।

# सन्दर्भ सामग्री

- नेपालको संविधान २०७२
- कमल गाउँपालिकाको आ.व. २०८०/०८१ को नीति, बजेट तथा कार्यक्रम
- कमल गाउँपालिकाको संकलित राजश्व
- स्थानीय तहको वार्षिक योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४
- राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क
- कमल गाउँपालिकाको वेबसाइट
- कमल गाउँपालिकाको ऐन, कानुन तथा निर्देशिका
- कमल गाउँपालिकाको बजेट तथा कार्यक्रम
- स्थानीय निकाय आर्थिक प्रशासन नियामवली २०६४
- जिल्लाका अन्य स्थानीय तहहरुको प्रोफाइल
- साबिकका गा.बि.स.हरुको प्रोफाइल

सामाजिक परीक्षकको नाम :................................................
दस्तखत :................................
संस्थाको नाम....................................................................
मिति ..........................

## निष्कर्ष (Conclusion)

कमल गाउँपालिकाले एक आर्थिक वर्षमा सम्पादन गरेका कार्यक्रमबाट कति उपलब्धी भयो भनी गरिने एक प्रकारको सामाजिक उत्तरदायित्वको लेखाजोखा गर्ने पद्धति हो । यसका लागि पालिकाभित्र रहेका विषयगत शाखाहरु, वडा कार्यालयका विभिन्न योजनास्थलहरु छनौट गरी विश्लेषण गरिएको थियो । विश्लेषणबाट समग्र पालिकाको सामाजिक उत्तरदायित्वको अवस्था मिश्रित पाईयो । केही आश लाग्दा उपलब्धिहरु हासिल भएको पाईयो भने केही कमीकमजोरीहरु पनि यस सामाजिक परीक्षणको क्रममा देखिए । पूर्वाधार विकासवाट प्राप्त विकासका अवसरहरुलाई आम नागरिकहरुको प्रत्यक्ष संलग्नतामा अघि वढाउन सफल भएको पाईन्छ ।
स्थानीय सरकार सञ्चालन ऐन र आर्थिक नियमावलीलाई पूर्ण रूपमा पालना गर्दै स्थानीय विकासमा कमल गाउँपालिका झापाले उल्लेखनीय कार्यहरूको सुरुवात गर्दै आएको छ । सामान्यतः कार्यक्रम गर्नका लागि सर्वप्रथम योजनाको आवश्यकता पर्दछ । यसका लागि यस गाउँपालिकाले टोल बस्तीदेखि नै योजनाहरूको माग गर्ने, विभिन्न आवश्यक प्रकृयाहरू पूरा गरी योजना तथा कार्यक्रमलाई गाउँसभाबाट पारित गरेपछि मात्र कार्यक्रमहरू सञ्चालन गर्ने गरेको पाईएको छ । त्यस्ता कार्यक्रमहरू नियमसंगत ढंगमा योजना निर्माण गरी योजना अनुरूप नै सञ्चालन गरिएका देखिन्छन् । कमल गाउँपालिकाको नेतृत्वमा गाउँ बिकासको क्षेत्रमा काम गर्ने स्थानीय तहहरु, विभिन्न सरकारी, गैर सरकारी तथा निजी संस्थाहरुले गर्ने कामहरुलाई एकत्रित गर्न गरेको प्रयासको कारण विकासको क्षेत्रमा काम गर्ने तहहरुको विचमा समन्वय भई दोहोरोपनलाई न्यूनिकरण गर्न सहयोग पुगेको देखिन्छ ।

यस अध्ययनबाट कमल गाउँपालिकाले आफ्नो सेवालाई अझै चुस्त, दुरुस्त पार्नुपर्ने देखिएको छ । यस गाउँपालिकाका विभिन्न कार्यक्रमका लागि समयमा उपभोक्ता समिति निर्माण हुन नसक्नु साथै झन्झटीलो कानुनी प्रकृयाका कारणले परियोजनाहरु ढिलो सम्पन्न गरेको देखियो । त्यस्तै कमल गाउँपालिकाको विषयगत कार्यालयहरुले तथ्यांङक र सूचना अभिलेखिकरणमा एकरुपता आउन सके मात्र विकासको सूचकहरुलाई बढी परिष्कृत गर्न सकिन्छ । यसका लागि स्थानीय तह लगायत सबै विषयगत कार्यालयहरु तथा गैससहरुले अनुगमन प्रणालीलाई कार्यान्वयनमा लैजान तिव्रता दिन सिफारिस गरिन्छ । साथै कमल गाउँपालिकाले आन्तरिक आयमा अभिबृद्धि गर्न राजश्वको दायरालाई फराकिलो बनाउनुपर्ने, वर्तमान आवश्यकताका आधारमा लगानीको सुनिश्चितताका लागि सम्भाब्य सबै साझेदारहरुलाई आकर्षण गर्ने तथा अन्तर सरकारी अनुदानको क्षेत्र फराकिलो बनाउन विषेश पहल गर्ने, अनुत्पादक खर्चमा कटौती गर्ने साथै दिगो विकासमा आधारित विकास निर्माण र सेवा प्रवाहका पूर्वाधारहरुको निर्माण र विकासलाई प्रथम प्राथमिकतामा राखेर आवधिक गाउँपालिका विकास योजना कार्यान्वयन गर्न सके कमल गाउँपालिकालाई एक समृद्ध गाउँपालिकाको रुपमा विकास गर्न सम्भव देखिएको छ ।

सामाजिक परीक्षणको क्रममा सुझाईएका विषयहरुलाई गम्भीरतापूर्वक लिई आगामी दिनमा कमीकमजोरी सकभर नदेखिने गरी विपन्न वर्ग, दलित वर्ग, जनजाती, महिला, बालबालिका तथा पिछडिएका वर्ग, अपाङ्गता भएका, जेष्ठ नागरिकको उत्थानमा प्रयास गर्नु आवश्यक रहेको छ ।